स्थानीय सरकारका लागि

# पूर्ण सरसफाई र स्वच्छता सम्बन्धी नमुना नीति तथा कानूनको संग्रह

२०८३

**पृष्ठभूमी**

नेपालले सरसफाई तथा स्वच्छताको क्षेत्रमा पछिल्ला दुई दशकमा उल्लेखनीय प्रगति हासिल गरेको छ।विशेषतः खुल्ला दिसा-पिसाब मुक्त (Open Defecation Free-ODF) अभियानलाई राष्ट्रिय अभियानका रूपमा अघि बढाई नेपाललाई पूर्ण रूपमा खुल्ला दिसामुक्त राष्ट्र घोषणा गरिएको थियो। यस उपलब्धिले सरसफाई क्षेत्रलाई केवल पूर्वाधार निर्माणको विषय नभई व्यवहार परिवर्तन, सार्वजनिक स्वास्थ्य, वातावरणीय संरक्षण तथा मानव मर्यादासँग प्रत्यक्ष जोडिएको विषयका रूपमा स्थापित गरेको छ।हाल नेपाल सरकारले "खुल्ला दिसामुक्त अवस्था" बाट "पूर्ण सरसफाई" तर्फ अघि बढ्ने राष्ट्रिय नीति अवलम्बन गरेको छ। पूर्ण सरसफाईको अवधारणाले सुरक्षित शौचालयको प्रयोग मात्र नभई फोहोर तथा ढल व्यवस्थापन, दिसाजन्य लेदो (Fecal Sludge) व्यवस्थापन, सुरक्षित खानेपानी, हात धुने बानी, वातावरणीय स्वच्छता, सार्वजनिक स्थानको सरसफाई तथा स्वस्थ जीवनशैलीलाई समेत समेट्दछ।

नेपालको संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। साथै संविधानको अनुसूची-८ तथा अनुसूची-९ ले स्थानीय सरकारलाई खानेपानी, सरसफाई, फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण तथा सार्वजनिक स्वास्थ्यसम्बन्धी महत्वपूर्ण अधिकार र जिम्मेवारी प्रदान गरेको छ। संविधानद्वारा प्रत्यायोजित यिनै अधिकारको प्रभावकारी कार्यान्वयनमार्फत स्थानीय सरकारले सुरक्षित, समावेशी, दिगो तथा गुणस्तरीय सरसफाई सेवा सुनिश्चित गर्नुपर्ने संवैधानिक दायित्व समेत वहन गर्दछ।

नेपालको सङ्घीय  शासन प्रणालीमा रूपान्तरणसँगै खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) सेवासम्बन्धी योजना निर्माण, सेवा प्रवाह, नियमन तथा अनुगमनजस्ता महत्वपूर्ण जिम्मेवारीहरू स्थानीय सरकारलाई प्रदान गरिएको छ। नगरपालिकाहरूले Citywide Inclusive Sanitation (CWIS) अवधारणा तथा पूर्ण सरसफाई र दिगो विकास लक्ष्य (SDG) प्रति राष्ट्रिय प्रतिबद्धताअनुसार सम्पूर्ण सरसफाई शृङ्खलाभर सुरक्षित सरसफाई सेवा सुनिश्चित गर्नुपर्ने अपेक्षा समेत राखिएको छ।तथापी कतिपय नगरपालिकाहरूमा सरसफाई सेवाको प्रभावकारी नियमन, फोहोर तथा दिसाजन्य लेदो (Fecal Sludge) व्यवस्थापन, सरसफाई मापदण्डको कार्यान्वयन तथा CWIS का सिद्धान्तहरूलाई संस्थागत गर्न आवश्यक ऐन, नियमावली, कार्यविधि तथा सञ्चालन निर्देशिकाजस्ता पर्याप्त कानुनी साधनहरूको अभाव रहेको छ।

संविधानले संघ, प्रदेश तथा स्थानीय सरकारलाई खानेपानी, सरसफाई, वातावरण तथा सार्वजनिक स्वास्थ्य सम्बन्धी अधिकार प्रदान गरेपछि विभिन्न तहका सरकारले यस क्षेत्रमा नीति, ऐन, नियमावली, निर्देशिका तथा कार्ययोजना निर्माण गरेका छन्। कतिपय नगरपालिकाहरूले स्थानीय आवश्यकता अनुसार दिसाजन्य लेदो व्यवस्थापन, WASH योजना, सरसफाई ऐन तथा स्वास्थ्य सेवा सम्बन्धी स्थानीय कानून निर्माण गरी कार्यान्वयनमा ल्याएका समेत छन्।यद्यपि, यस्ता नीति तथा कानूनी दस्तावेजहरू विभिन्न निकायमा छरिएर रहेको, एकीकृत रूपमा उपलब्ध नभएको तथा स्थानीय सरकारले सहज रूपमा अध्ययन एवं प्रयोग गर्न नसक्ने अवस्था रहेको देखिन्छ। यसले नीति कार्यान्वयन, अनुभव आदानप्रदान तथा कानूनी एकरूपतामा चुनौती सिर्जना गरेको छ।

नेपाल नगरपालिका संघ विगतदेखि नै स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि, नीति पैरवी तथा शहरी सेवा प्रवर्द्धनमा सक्रिय रहँदै आईरहेको छ। सरसफाई तथा स्वच्छता क्षेत्रअन्तर्गत संघले विभिन्न नगरपालिका बीच अनुभव आदानप्रदान, नीति संवाद, क्षमता विकास तथा प्राविधिक सहजीकरणका कार्यहरू गर्दै आएको

छ। यसै सन्दर्भमा नेपाल नगरपालिका संघले पूर्ण सरसफाई सम्बन्धी सङ्घीय , प्रदेश तथा स्थानीय सरकारका नीति, ऐन, नियम, निर्देशिका तथा समग्र कानूनी व्यवस्थालाई एकीकृत रूपमा संकलन, संहिताकरण तथा प्रकाशन गर्ने योजना अघि सारेको छ।यस प्रकाशनले स्थानीय सरकारहरूलाई पूर्ण सरसफाई तर्फ उन्मुख नीति तथा कानूनी संरचना निर्माण गर्न मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

**प्रकाशनको आवश्यकता**

नेपालमा पूर्ण सरसफाई सम्बन्धी नीति तथा कानूनी व्यवस्थाहरू क्रमशः विकास हुँदै गएको भए तापनि ती व्यवस्थाहरू एकीकृत रूपमा उपलब्ध छैनन्। विभिन्न स्थानीय सरकारले आफ्नै अभ्यासका आधारमा कानूनी तथा नीतिगत व्यवस्था निर्माण गरिरहेका छन्।यी र यस्तै संघ, प्रदेश तथा स्थानीय सरकारले बनाएका यस्ता दस्तावेजहरूको एक साझा सङ्गालो आवश्यक देखिएको छ।

पूर्ण सरसफाई सम्बन्धी विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाको अभिलेखीकरण गर्दै स्थानीय सरकारलाई नमुना निती तथा कानून निर्माणमा सहजीकरण गर्न, प्रदेश तथा स्थानीय तहबीच कानूनी समन्वय तथा एकरूपता कायम गर्न, दिसाजन्य लेदो व्यवस्थापन, फोहोर व्यवस्थापन तथा वातावरणीय सरसफाई जस्ता बिषयको पूर्ण सुनिश्चितता गर्दै नेपाल सरकारको पूर्ण सरसफाई अभियानलाई स्थानीय स्तरमा प्रभावकारी कार्यान्वयन गर्न साथै नगरपालिका हरूलाई व्यवहारिक मार्गदर्शन उपलब्ध गराउन यस प्रकाशनको आवश्यकता रहेको छ।

# भाग-१

## सरसफाई र स्वच्छता सम्बन्धि मानवअधिकारको अवधारणा

सरसफाइ र स्वच्छता मानव जीवनका आधारभूत आवश्यकता मात्र नभई प्रत्येक व्यक्तिले सम्मानपूर्वक, स्वस्थ र सुरक्षित जीवनयापन गर्न पाउने अधिकारसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय हुन्। स्वच्छ पानीको उपलब्धता, सुरक्षित तथा पर्याप्त शौचालयको प्रयोग, व्यक्तिगत तथा सामुदायिक स्वच्छता, फोहोर पानी तथा दिसाजन्य लेदोको सुरक्षित व्यवस्थापन, हात धुने सुविधा, स्वच्छ सार्वजनिक स्थान तथा स्वस्थ वातावरणको उपलब्धता मानव स्वास्थ्य तथा समग्र मानव जिवनको आधारभूत अधिकारका रूपमा स्थापित हुँदै आएका छन्। त्यसैले आधुनिक मानवअधिकारको दृष्टिकोणबाट सरसफाइलाई केवल शौचालय निर्माण वा फोहोर व्यवस्थापनको प्राविधिक विषयका रूपमा मात्र नभई मानव मर्यादा, स्वास्थ्य, समानता, सामाजिक न्याय र दिगो विकाससँग सम्बन्धित अधिकारको विषय का रूपमा बुझ्न आवश्यक हुन्छ।

विश्वमा सरसफाइ तथा स्वच्छताको अवधारणा क्रमशः विकास हुँदै आएको पाइन्छ। प्रारम्भिक अवस्थामा सरसफाइलाई मुख्यतः रोग नियन्त्रण र सार्वजनिक स्वास्थ्यसँग मात्र जोडेर हेर्ने गरिन्थ्यो। पछि यसमा सुरक्षित खानेपानी, स्वच्छ वातावरण, व्यक्तिगत स्वच्छता, फोहोर व्यवस्थापन, शौचालयको पहुँच र व्यवहार परिवर्तनका विषयहरू थपिँदै गएका छन्। मानवअधिकारको विकाससँगै सरसफाइ तथा स्वच्छताको बिषयलाई व्यक्तिको मर्यादित जीवनसँग जोडेर हेर्न थालिएको छ। यस क्रममा अन्तर्राष्ट्रिय मानवअधिकारका दस्तावेज, संयुक्त राष्ट्रसङ्घका प्रस्ताव तथा निर्णय, दिगो विकास लक्ष्य, विभिन्न अन्तर्राष्ट्रिय घोषणापत्र र क्षेत्रीय प्रतिबद्धताहरूले सरसफाइ तथा स्वच्छताको अधिकारलाई क्रमशः स्पष्ट र संस्थागत गर्दै लगेका पनी छन्।

सन् १९४८ को **मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र** ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार तथा पर्याप्त जीवनस्तरको अधिकार प्रदान गरेको छ। यसै आधारमा सुरक्षित खानेपानी र सरसफाइको पहुँच मानवको स्वस्थ र सम्मानजनक जीवनका लागि आवश्यक पूर्वशर्तका रूपमा विकसित हुँदै गएको हो। त्यस्तै, **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६** ले जीवन तथा मानव मर्यादाको संरक्षणलाई सुनिश्चित गरेको छ भने **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६** ले स्वास्थ्य, पर्याप्त जीवनस्तर तथा सम्बन्धित सामाजिक अधिकारहरूको सुनिश्चिततामार्फत सुरक्षित पानी र सरसफाइको अधिकारलाई थप आधार प्रदान गरेको छ। यसै सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिले **General Comment No. 15** मार्फत पानीको अधिकारको व्याख्या गर्दै सुरक्षित खानेपानीलाई पर्याप्त जीवनस्तर तथा स्वास्थ्यको अधिकारसँग जोडेको छ।सो पश्चात संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार प्रणालीमा पानीसँगै सरसफाइलाई पनि स्पष्ट मानवअधिकारको रूपमा विकास गर्ने आधार तयार भयो भने यसबाट सरसफाइसम्बन्धी राज्यको दायित्व केवल सेवा उपलब्ध गराउने विषयमा सीमित नभई सेवा उपलब्ध, पहुँचयोग्य, सुरक्षित, स्वीकार्य तथा सबैका लागि समान हुनुपर्ने अवधारणा विकसित भएको देखिन्छ।

सुरक्षित खानेपानी र सरसफाइलाई छुट्टै मानवअधिकारका रूपमा अन्तर्राष्ट्रिय रूपमा स्पष्ट पहिचान गराउने क्रममा संयुक्त राष्ट्रसङ्घको महत्वपूर्ण भूमिका रहेको छ। विशेषतः **संयुक्त राष्ट्रसङ्घीय महासभाको प्रस्ताव नं. ६४/२९२ (२०१०)** ले सुरक्षित तथा स्वच्छ खानेपानी र सरसफाइको अधिकारलाई मानवअधिकारका रूपमा स्पष्ट रूपमा मान्यता दिएको छ। यसले पानी र सरसफाइको पहुँचलाई मानव जीवन तथा मानवअधिकारको अत्यावश्यक विषयका रूपमा स्थापित गरेको छ। उक्त प्रस्तावले सुरक्षित र स्वच्छ खानेपानी तथा सरसफाइको अधिकारलाई जीवन तथा अन्य मानवअधिकारको पूर्ण उपभोगका लागि आवश्यक मानवअधिकारका रूपमा मान्यता दिएको छ।यस विकासले खानेपानी र सरसफाइलाई विकास कार्यक्रमको

एउटा क्षेत्र मात्र सिमित नगरी नागरिकको अधिकार र राज्यको दायित्वको विषयका रूपमा स्थापित गरेको छ। मानवअधिकारमा आधारित सरसफाइ प्रणालीमा केवल शौचालय निर्माण गरिनु पर्याप्त हुँदैन। शौचालयको सुरक्षित प्रयोग, नियमित मर्मतसम्भार, फोहोर पानीको व्यवस्थापन, दिसाजन्य लेदोको सुरक्षित संकलन, ढुवानी, प्रशोधन तथा अन्तिम व्यवस्थापनसमेत सरसफाइ सेवाको अभिन्न अंगका रूपमा लिनुपर्छ। यसै कारण पूर्ण सरसफाइको अवधारणा मानवअधिकारमा आधारित सरसफाइ प्रणालीको व्यवहारिक रूपसँग जोडिन पुग्छ।

पूर्ण सरसफाइको मानवअधिकारसम्बन्धी अवधारणालाई **दिगो विकास लक्ष्य (SDGs)** ले थप दृढ तथा व्यापक बनाएको छ। विशेष गरी **दिगो विकास लक्ष्य ६** ले सबैका लागि पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने लक्ष्य राखेको छ। यसको लक्ष्य ६.१ ले सुरक्षित र सुलभ खानेपानी तथा ६.२ ले सबैका लागि पर्याप्त र समान सरसफाइ तथा स्वच्छताको पहुँच र खुला दिसापिसाबको अन्त्यमा जोड दिन्छ। लक्ष्य ६.३ ले पानीको गुणस्तर सुधार तथा फोहोर पानीको सुरक्षित व्यवस्थापन र पुनःप्रयोगलाई महत्व दिन्छ। यसरी नेपालले खुला दिसामुक्त अवस्थाबाट पूर्ण सरसफाइतर्फ अघि बढ्दा SDG ६ का यी लक्ष्यहरू महत्वपूर्ण अन्तर्राष्ट्रिय आधारका रूपमा रहेका छन्।सरसफाइको विषय **SDG ३ (निरोगी जीवन र समृद्ध जीवनशैली)** सँग पनि प्रत्यक्ष सम्बन्धित छ, किनकि असुरक्षित पानी, कमजोर सरसफाइ र अस्वच्छ व्यवहारले विभिन्न रोग तथा सार्वजनिक स्वास्थ्यसम्बन्धी जोखिम बढाउँछन्। त्यसैगरी **SDG ५ (लैङ्गिक समानता)** ले महिला तथा बालिकाको सुरक्षित, पर्याप्त र मर्यादित सरसफाइ सुविधामा पहुँचलाई महत्व दिन्छ। महिनावारी स्वच्छता व्यवस्थापन, सुरक्षित शौचालय, गोपनीयता तथा लैङ्गिकमैत्री सरसफाइ सेवा यसै सन्दर्भमा महत्वपूर्ण हुन्छन्। **SDG ११ (दिगो शहर तथा समुदाय)** ले सुरक्षित, समावेशी, स्वस्थ र दिगो बस्ती तथा शहर निर्माणमा सरसफाइ र फोहोर व्यवस्थापनको भूमिकालाई जोड दिन्छ।

यसैगरी, विभिन्न **अन्तर्राष्ट्रिय बडापत्र तथा घोषणाहरू**ले स्वच्छ वातावरण, मानव स्वास्थ्य र दिगो विकासबीचको सम्बन्धलाई स्थापित गरेका छन्। सन् १९७२ को **स्टकहोम घोषणापत्र**ले मानवलाई स्वस्थ र गुणस्तरीय वातावरणमा बाँच्ने अधिकार तथा वातावरण संरक्षणको दायित्वलाई अन्तर्राष्ट्रिय बहसको महत्वपूर्ण विषय बनाएको हो भने सन् १९९२ को **रियो घोषणापत्र**ले वातावरण र विकासबीचको सन्तुलन, दिगो विकास, जनसहभागिता तथा भावी पुस्ताप्रतिको जिम्मेवारीलाई जोड दिएको छ। यी अन्तर्राष्ट्रिय अवधारणाहरूले सरसफाइलाई स्वास्थ्य र वातावरणीय संरक्षणसँग जोडेर हेर्ने आधार प्रदान गरेका छन्।

दक्षिण एसियाली क्षेत्रमा **दक्षिण एसियाली सरसफाइ सम्मेलन (SACOSAN)** ले सरसफाइलाई क्षेत्रीय प्राथमिकताका रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान गरेको छ।SACOSAN का घोषणाहरूले खुला दिसापिसाबको अन्त्य, सुरक्षित सरसफाइ, व्यवहार परिवर्तन, समावेशी सरसफाइ, महिला तथा बालिकाको मर्यादा र स्वास्थ्य तथा सबैका लागि सरसफाइ सेवाको विस्तारमा जोड दिँदै आएका छन्। नेपालमा खुला दिसा पिसावमुक्त अभियानदेखि पूर्ण सरसफाइको चरणमा प्रवेश गर्ने क्रममा यी क्षेत्रीय प्रतिबद्धताहरू पनि महत्वपूर्ण आधारका रूपमा रहेका छन्।

समग्रमा हेर्दा, अन्तर्राष्ट्रिय मानवअधिकार कानून, संयुक्त राष्ट्रसङ्घीय प्रस्ताव तथा मानवअधिकारसम्बन्धी दस्तावेज, दिगो विकास लक्ष्य, स्टकहोम तथा रियो घोषणापत्र र SACOSAN का प्रतिबद्धताहरूले सरसफाइ र स्वच्छतालाई मानव मर्यादा, स्वास्थ्य, समानता, सामाजिक समावेशीकरण र दिगो विकाससँग जोडिएको अधिकार तथा सार्वजनिक दायित्वका रूपमा स्थापित गरेका छन्। नेपालले खुला दिसापिसाबमुक्त राष्ट्रको उपलब्धि हासिल गरिसकेको अवस्थामा अबको प्राथमिकता प्रत्येक व्यक्ति र समुदायका लागि सुरक्षित तथा

पर्याप्त शौचालय, सुरक्षित खानेपानी, हात धुने तथा स्वच्छता व्यवहार, फोहोर पानी तथा दिसाजन्य लेदोको सुरक्षित व्यवस्थापन, स्वच्छ सार्वजनिक स्थान र समावेशी सरसफाइ सेवाको सुनिश्चितता गर्दै पूर्ण सरसफाइको अवस्था हासिल गर्नु हो।

यस दृष्टिले पूर्ण सरसफाइ केवल कुनै एक तहको सरकारको जिम्मेवारी नभई संघ, प्रदेश र स्थानीय तह, निजी तथा गैरसरकारी क्षेत्र, नागरिक समाज तथा समुदाय र सवै नागरिकको साझा दायित्व हो। विशेषतः सेवा प्रवाहको प्रत्यक्ष जिम्मेवारीमा रहेका स्थानीय सरकारले मानवअधिकारमा आधारित, समावेशी, पहुँचयोग्य, सुरक्षित र दिगो सरसफाइ प्रणाली विकास गर्न आवश्यक हुन्छ। यही आवश्यकता र अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई आधार मानी नेपालका विद्यमान संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाहरूको अध्ययन र संहिताकरण गरी स्थानीय सरकारलाई पूर्ण सरसफाइतर्फ मार्गदर्शन गर्ने उद्देश्यले प्रस्तुत सङ्ग्रह तयार गरिएको हो।

# भाग-२

## सरसफाई र स्वच्छता सम्बन्धि नेपालको व्यवस्था

नेपालमा सरसफाइ तथा स्वच्छताको क्षेत्र पछिल्ला दशकहरूमा सार्वजनिक स्वास्थ्य र विकासको विषयबाट विस्तार हुँदै नागरिकको मौलिक हक, राज्यको दायित्व र स्थानीय सरकारको सेवा प्रवाहसँग प्रत्यक्ष जोडिएको विषयका रूपमा विकसित भएको छ। विशेषगरी खुला दिसापिसाबमुक्त अभियानले सरसफाइलाई राष्ट्रिय प्राथमिकताको विषयका रूपमा स्थापित गरेपछि सुरक्षित खानेपानी, शौचालयको पहुँच, स्वच्छता व्यवहार, फोहोरमैला तथा फोहोर पानी व्यवस्थापन, दिसाजन्य लेदो व्यवस्थापन र पूर्ण सरसफाइको अवधारणा क्रमशः नीतिगत तथा कानूनी संरचनामा समेटिँदै आएको देखिन्छ।

नेपालको वर्तमान संवैधानिक व्यवस्थाले सरसफाइ तथा स्वच्छताको विषयलाई मौलिक हककै रूपमा स्थापित गरेको छ। **नेपालको संविधानको धारा ३०** ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ। वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हकसमेत संविधानले प्रत्याभूत गरेको छ। यसले स्वच्छ वातावरणलाई राज्यको नीति मात्र नभई नागरिकले प्रत्यक्ष दाबी गर्न सक्ने मौलिक हकका रूपमा स्थापित गरेको छ।

यसैगरी, **संविधानको धारा ३५ को उपधारा (४)** ले प्रत्येक नागरिकलाई **स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक** हुने स्पष्ट व्यवस्था गरेको छ। यो व्यवस्था नेपालको सरसफाइ क्षेत्रका लागि अत्यन्त महत्वपूर्ण संवैधानिक आधार हो। यसले सुरक्षित खानेपानी र सरसफाइलाई नागरिकको मौलिक अधिकारका रूपमा स्थापित गरेको छ। यस अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु राज्यको दायित्व बन्न पुग्छ। नेपाल सरकार खानेपानी मन्त्रालयले समेत संविधानको धारा ३०(१) र धारा ३५(४) लाई सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको प्रमुख संवैधानिक आधारका रूपमा स्वीकार गरेको छ।संविधानले मौलिक हकका अतिरिक्त राज्यका नीति तथा दायित्वमार्फत पनि जनस्वास्थ्य र वातावरणीय स्वच्छतालाई प्राथमिकता दिएको छ। जनस्वास्थ्यमा लगानी अभिवृद्धि गर्ने, वातावरणीय स्वच्छताको चेतना बढाउने तथा विकासबाट वातावरणमा पर्न सक्ने जोखिम न्यूनीकरण गर्ने राज्यका नीतिहरूले सरसफाइ तथा स्वच्छतालाई राज्य सञ्चालनको व्यापक नीतिगत दायित्वसँग जोड्न सकिन्छ।

यी संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न सङ्घीय तहमा विभिन्न ऐन, नियमावली, नीति, मापदण्ड तथा निर्देशिका निर्माण भएका छन्। **खानेपानी तथा सरसफाइ ऐन, २०७९** ले स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्ने कानूनी आधार प्रदान गरेको छ। यसले खानेपानी तथा सरसफाइ सेवाको विकास, सञ्चालन, व्यवस्थापन तथा नियमनका लागि संस्थागत र कानूनी संरचना निर्माण गरेको छ। यसैसँग सम्बन्धित **खानेपानी तथा सरसफाइ नियमावली, २०८१** ले ऐनका व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यक प्रक्रियागत तथा प्रशासनिक आधार थप गरेको छ।

सरकारले यस क्षेत्रलाई थप व्यवस्थित गर्न **राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, २०८०** समेत कार्यान्वयनमा ल्याएको छ। यस नीतिले संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विकासलाई व्यवस्थित गर्ने लक्ष्य लिएको छ। नीतिले सबै नागरिकका लागि पर्याप्त, सुरक्षित तथा सर्वसुलभ खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा समन्यायिक पहुँच, जल प्रदूषण नियन्त्रण, वातावरणीय सरसफाइ र सुशासनलाई महत्व दिएको छ।

यसैगरी, **जनस्वास्थ्य सेवा ऐन, २०७५** ले पनि सरसफाइ तथा फोहोरमैला व्यवस्थापनलाई जनस्वास्थ्यसँग जोडेको छ। ऐनले वातावरणीय प्रदूषण तथा फोहोरमैलाबाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभाव नियन्त्रण गर्न आवश्यक मापदण्ड निर्माण गर्न सकिने तथा स्वास्थ्यजन्य फोहोरमैला संकलन, पुनःप्रयोग, प्रशोधन, विसर्जन र नियमनका लागि आवश्यक व्यवस्था गर्न सकिने प्रावधान गरेको छ। त्यस्ता मापदण्डको पालना गर्नु प्रदेश तथा स्थानीय तहको कर्तव्य हुने व्यवस्था पनि रहेको छ।

त्यस्तै, **फोहोरमैला व्यवस्थापन ऐन, २०६८**, वातावरण संरक्षणसम्बन्धी कानून तथा अन्य सम्बन्धित ऐन, नियम र मापदण्डहरूले सरसफाइ तथा स्वच्छताको कानूनी आधारलाई थप विस्तार गरेका छन्। फोहोरमैला व्यवस्थापनसम्बन्धी कानूनले स्थानीय तहलाई फोहोरमैला व्यवस्थापनमा महत्वपूर्ण जिम्मेवारी दिएको छ। यसबाट सरसफाइको विषय केवल खानेपानी तथा शौचालयसम्म सीमित नरही घरेलु, स्वास्थ्यजन्य तथा अन्य फोहोरको सुरक्षित व्यवस्थापनसँग समेत जोडिएको देखिन्छ।

सरसफाइ तथा स्वच्छताको क्षेत्रमा **न्यायपालिकाको व्याख्या र नजीर** पनि महत्वपूर्ण आधारका रूपमा विकसित भएको छ। सर्वोच्च अदालतले स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्न राज्यका सम्बन्धित निकायले प्रभावकारी कदम चाल्नुपर्ने विषयमा विभिन्न फैसलाहरू गरेको छ।

यसरी न्यायपालिकाको दृष्टिकोणले पनि स्वच्छ वातावरण, फोहोरमैला व्यवस्थापन, खानेपानीको गुणस्तर तथा सरसफाइलाई नागरिकको स्वास्थ्य, मर्यादा र मौलिक अधिकारसँग जोड्दै आएको देखिन्छ। आगामी दिनमा पूर्ण सरसफाइका कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा यी न्यायिक सिद्धान्तहरूलाई समेत मार्गदर्शक आधारका रूपमा लिनु पर्दछ।

नेपालको सरसफाइ क्षेत्रको विकासमा **सरसफाइ तथा स्वच्छता गुरु योजना, २०६८ (Sanitation and Hygiene Master Plan, 2011)** को विशेष महत्व रहेको छ। उक्त गुरु योजनाले नेपालमा सार्वभौमिक सरसफाइ पहुँच विस्तार गर्ने, खुला दिसापिसाबमुक्त अवस्था हासिल गर्ने तथा स्वच्छता व्यवहारमा सुधार ल्याउने उद्देश्यका साथ सरसफाइ क्षेत्रका लागि रणनीतिक दिशा प्रदान गरेको थियो। यसले योजना, बजेट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गर्न र विभिन्न सरोकारवालाबीच समन्वय कायम गर्न आधार प्रदान गरेको थियो। उक्त गुरु योजनाको मूल प्राथमिकता खुला दिसापिसाबको अन्त्य र शौचालय पहुँचमा केन्द्रित भए पनि यसले सरसफाइलाई व्यवहार परिवर्तन, स्वच्छता प्रवर्द्धन र संस्थागत सरसफाइसँग जोडेको थियो। त्यसैले नेपालमा खुला दिसापिसाबमुक्त अभियानलाई राष्ट्रिय अभियानका रूपमा अघि बढाउन र पछि पूर्ण सरसफाइको अवधारणातर्फ जानका लागि यसले महत्वपूर्ण आधार निर्माण गरेको मान्न सकिन्छ। पछिल्ला वर्षहरूमा दिसाजन्य लेदो व्यवस्थापन तथा पूर्ण सरसफाइसम्बन्धी थप नीति, निर्देशिका र नियामक संरचना विकास हुनुमा पनि यस प्रारम्भिक नीतिगत आधारको महत्वपूर्ण भूमिका रहेको देखिन्छ।

नेपालको वर्तमान सरसफाइ नीतिको विकासक्रमलाई हेर्दा गुरु योजनापछि क्षेत्र थप व्यापक हुँदै गएको देखिन्छ। खुला दिसापिसाबमुक्त अवस्थालाई कायम राख्दै पूर्ण सरसफाइ, सुरक्षित खानेपानी, स्वच्छता व्यवहार, फोहोर पानी व्यवस्थापन, दिसाजन्य लेदो व्यवस्थापन तथा शहरी सरसफाइलाई प्राथमिकतामा राख्ने चरणमा नेपाल प्रवेश गरेको छ। खानेपानी मन्त्रालयले समेत खुला दिसामुक्त अवस्थाको दिगोपना कायम राख्दै पूर्ण सरसफाइ अवस्था सिर्जना गर्नु तथा शहरी क्षेत्रमा फोहोर पानी र मानव मलमूत्रजन्य फोहोर व्यवस्थापनका चुनौती सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याएको देखिन्छ।

यसै सन्दर्भमा नेपालको योजना प्रणालीले पनि सरसफाइलाई विकासको महत्वपूर्ण क्षेत्रका रूपमा निरन्तर समेट्दै आएको छ। हाल कार्यान्वयनमा रहेको **राष्ट्रिय योजना आयोग, सोह्रौँ योजना, आर्थिक वर्ष २०८१/८२-**

**२०८५/८६** ले आगामी विकास अवधिका लागि खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा दिगोपन, स्वच्छ शहरी वातावरण, गुणस्तरीय सेवा, पहुँचको विस्तार तथा समन्यायिक वितरणलाई विकासका प्राथमिकतासँग जोडेको छ। सोह्रौँ योजनाको सन्दर्भमा सरसफाइलाई केवल पहुँच विस्तारको विषयका रूपमा नभई सेवा प्रणालीको दिगोपना, गुणस्तर, समावेशिता र व्यवस्थापनसँग जोडेर हेर्नु आवश्यक हुन्छ। खुला दिसापिसाबमुक्त अवस्था हासिल भइसकेको अवस्थामा आगामी चरणमा शौचालय तथा सरसफाइ सुविधाको सुरक्षित प्रयोग, स्वच्छता व्यवहारको निरन्तरता, फोहोर पानीको व्यवस्थापन, दिसाजन्य लेदोको सुरक्षित प्रशोधन तथा पुनःप्रयोग, सार्वजनिक तथा संस्थागत सरसफाइ र सेवा प्रणालीको दिगोपनमा ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ। यसले पूर्ण सरसफाइलाई आवधिक योजनाको व्यापक सामाजिक तथा पूर्वाधार विकाससँग जोड्ने आधार प्रदान गर्दछ।यस सँगै नेपाल सरकार खानेपानी मन्त्रालयले क्षेत्रगत विकास योजनाको मस्यौदा सार्वजनिक गरेको छ, जसले आगामी अवधिमा WASH क्षेत्रको योजनाबद्ध विकासका लागि थप क्षेत्रगत आधार निर्माण गर्ने अपेक्षा गरिएको छ।

समग्रमा नेपालको सरसफाइ तथा स्वच्छतासम्बन्धी व्यवस्था हेर्दा यसको विकासक्रमलाई तीनवटा महत्वपूर्ण चरणमा बुझ्न सकिन्छ। प्रारम्भमा सरसफाइलाई मुख्यतः सार्वजनिक स्वास्थ्य र शौचालय निर्माणसँग जोडियो; त्यसपछि खुला दिसापिसाबमुक्त अभियानमार्फत सार्वभौमिक शौचालय पहुँच र व्यवहार परिवर्तनलाई राष्ट्रिय प्राथमिकता दिइयो; र हाल संविधानले प्रत्याभूत गरेको **स्वच्छ खानेपानी तथा सरसफाइको मौलिक हक**लाई आधार बनाएर पूर्ण सरसफाइ, सुरक्षित सेवा, फोहोर पानी तथा दिसाजन्य लेदो व्यवस्थापन र दिगो सरसफाइ प्रणालीतर्फ अघि बढ्ने चरणमा नेपाल रहेको छ।

यसरी नेपालको संविधान, प्रचलित सङ्घीय  कानून, राष्ट्रिय नीति, आवधिक योजना, न्यायिक नजीर तथा विकसित हुँदै गएको क्षेत्रगत नीतिगत संरचनाले पूर्ण सरसफाइका लागि पर्याप्त आधार निर्माण गरेका छन्। अबको आवश्यकता यी व्यवस्थालाई स्थानीय सरकारको वास्तविक सेवा प्रवाहसँग जोड्नु, विद्यमान कानूनी व्यवस्थाबीचको समन्वय कायम गर्नु, आवश्यक स्थानमा थप स्थानीय कानून निर्माण गर्नु र स्थानीय सरकारको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि गर्नु हो। विशेषतः विभिन्न स्थानीय सरकारले निर्माण गरेका सरसफाइ, WASH तथा दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धी कानून र अभ्यासलाई एकीकृत रूपमा अध्ययन गरी साझा सिकाइ र नमूना कानूनी व्यवस्था विकास गर्न सकेमा पूर्ण सरसफाइको राष्ट्रिय लक्ष्यलाई स्थानीय तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ।

## भाग-३

## सरसफाई र स्वच्छता सम्बन्धि सङ्घीय कानून

नेपालले खुला दिसापिसाबमुक्त अवस्थाबाट पूर्ण सरसफाइतर्फ अघि बढ्ने क्रममा सरसफाइ तथा स्वच्छतालाई सार्वजनिक स्वास्थ्य, नागरिकको जीवनस्तर र सुरक्षित तथा स्वस्थ वातावरणसँग जोडेर विभिन्न सङ्घीय नीति तथा कानूनी व्यवस्था विकास गर्दै आएको छ। यी व्यवस्थाहरूले पूर्ण सरसफाइका लागि आवश्यक नीतिगत तथा कानूनी आधार निर्माण गर्नुका साथै संघ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारीलाई समेत मार्गदर्शन गरेका छन्।

यस भागमा **राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, २०८०, खानेपानी तथा सरसफाइ ऐन, २०७९, खानेपानी तथा सरसफाइ नियमावली, २०८१, Institutional and Regulatory Framework for Fecal Sludge Management in Urban Areas of Nepal, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा जनस्वास्थ्य सेवा ऐन, २०७५** लगायतका सङ्घीय नीति तथा कानूनलाई समेटिएको छ। यीमध्ये प्रत्येकले खानेपानी तथा सरसफाइको पहुँच, सेवा व्यवस्थापन, फोहोरमैला तथा दिसाजन्य लेदोको उचित व्यवस्थापन र सार्वजनिक स्वास्थ्यको संरक्षणका लागि आ-आफ्नो क्षेत्रमा महत्वपूर्ण कानूनी तथा नीतिगत आधार प्रदान गरेका छन्।

विशेषगरी **फोहोरमैला व्यवस्थापन ऐन, २०६८** ले स्थानीय सरकारलाई फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित विभिन्न जिम्मेवारी र भूमिका प्रदान गरेको छ। स्थानीयस्तरमा फोहोरमैला संकलन, व्यवस्थापन, विसर्जन तथा सरसफाइसम्बन्धी सेवा प्रवाहलाई व्यवस्थित गर्ने सन्दर्भमा यस ऐनले स्थानीय सरकारको प्रत्यक्ष जिम्मेवारीलाई स्पष्ट आधार दिएको छ। यसले सरसफाइलाई स्थानीय सरकारको नियमित सेवा प्रवाह र जनस्वास्थ्य संरक्षणसँग जोड्ने महत्वपूर्ण कानूनी आधार निर्माण गरेको छ।

त्यसैगरी **जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४१** ले सरसफाइ तथा फोहोरमैला व्यवस्थापनलाई जनस्वास्थ्यसँग प्रत्यक्ष रूपमा आबद्ध गर्दै वातावरणीय प्रदूषण तथा फोहोरमैलाबाट मानव स्वास्थ्यमा पर्ने वा पर्न सक्ने प्रतिकूल प्रभाव नियन्त्रण गर्न आवश्यक मापदण्ड निर्माण गर्न सकिने व्यवस्था गरेको छ। स्वास्थ्यजन्य फोहोरमैला संकलन, पुनःप्रयोग, प्रशोधन, विसर्जन तथा नियमनका लागि आवश्यक मापदण्ड बनाउने व्यवस्था गर्नुका साथै त्यस्ता मापदण्डको पालना गर्नु प्रदेश तथा स्थानीय तहको कर्तव्य हुने स्पष्ट गरेको छ। साथै स्वास्थ्य संस्थाले जोखिमयुक्त र जोखिमरहित फोहोरलाई छुट्याई तोकिएको मापदण्डबमोजिम व्यवस्थापन गर्नुपर्ने तथा सेवा प्रदायकलाई तोकिएको मापदण्डअनुसार स्वच्छ खानेपानी उपलब्ध गराउनुपर्ने व्यवस्था समेत गरेको छ। यसले सरसफाइ तथा फोहोरमैला व्यवस्थापनलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अंगका रूपमा स्थापित गरेको देखिन्छ।यसरी सङ्घीय तहमा निर्माण भएका नीति तथा कानूनहरूले पूर्ण सरसफाइका लागि आवश्यक समग्र कानूनी तथा नीतिगत आधार निर्माण गरेका छन्।

१ राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता निती, २०८०

२ खानेपानी तथा सरसफाई ऐन, २०७९

३ खानेपानी तथा सरसफाई नियमावली, २०८१

४ Institutional and Regulatory Framework for Fecal Sludge Management in Urban areas of Nepal

५ फोहोरमैला व्यवस्थापन ऐन, २०६८

६ जनस्वास्थ्य सेवा ऐन, २०७५

**दफा ४१. <u>सरसफाई तथा फोहोरमैला व्यवस्थापन:</u>** (१) वातावरणीय प्रदुषण तथा फोहोरमैलाबाट मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रतिकूल प्रभावलाई नियन्त्रण गर्नको लागि नेपाल सरकारले प्रचलित सङ्घीय कानून बमोजिम आवश्यक मापदण्ड बनाउन सक्नेछ।

(२) स्वास्थ्यजन्य फोहोरमैला संकलन, पुनः प्रयोग, प्रशोधन, बिसर्जन र नियमनको लागि नेपाल सरकारले आवश्यक मापदण्ड बनाउनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको मापदण्डको पालना गर्नु प्रदेश तथा स्थानीय तहको कर्तव्य हुनेछ ।

(४) प्रत्येक स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड बमोजिम जोखिम रहित र जोखिमयुक्त फोहोरहरूलाई छुटयाई व्यवस्थापन गर्नु पर्नेछ।

(५) प्रत्येक स्वास्थ्य संस्थाले सेवा प्रदायकलाई तोकिएको मापदण्ड बमोजिमको स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्नेछ।

## भाग ४

## सरसफाई र स्वच्छता सम्बन्धी प्रादेशिक कानून

नेपालको सङ्घीय संरचनाअनुसार सरसफाइ तथा स्वच्छताको क्षेत्रमा प्रदेश तहको भूमिका पनि महत्वपूर्ण रहेको छ। सङ्घीय नीति तथा कानूनले निर्धारण गरेको समग्र आधारलाई प्रदेशको आवश्यकता, भौगोलिक अवस्था र स्थानीय परिस्थितिअनुकूल कार्यान्वयन गर्न विभिन्न प्रदेशहरूले खानेपानी तथा सरसफाइ र वातावरण संरक्षणसम्बन्धी कानून समेत निर्माण गरी लागू गरेका छन्। केही प्रदेशमा खानेपानी तथा सरसफाइसम्बन्धी छुट्टै कानून कार्यान्वयनमा आइसकेका छन् भने केही प्रदेशमा कानून निर्माणको प्रक्रिया अघि बढिरहेको र केहीमा सङ्घीय कानूनकै आधारमा कार्य सञ्चालन भइरहेको अवस्था देखिन्छ।

**कोशी प्रदेश**ले खानेपानी तथा सरसफाइ ऐन, २०८२ तथा खानेपानी तथा सरसफाइ नियमावली, २०८२ निर्माण गरी लागू गरेको छ। साथै कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ समेत कार्यान्वयनमा रहेको देखिन्छ। **मधेश प्रदेशमा** भने हालसम्म खानेपानी तथा सरसफाइसम्बन्धी छुट्टै प्रादेशिक ऐन तथा नियमावली निर्माण भएको पाइएन भने वर्तमान अवस्थामा सङ्घीय ऐन तथा नियमावलीलाई आधार मानी कार्य सञ्चालन भइरहेको देखिन्छ।

**बागमती प्रदेशले** वातावरण संरक्षण ऐन, २०७७ जारी गरी लागू गरेको छ भने बागमती प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०८२ निर्माणका लागि प्रदेश सभा तथा सम्बन्धित मन्त्रालयबाट विधेयक अगाडि बढाइएको अवस्था रहेको छ। **गण्डकी प्रदेशले** खानेपानी तथा सरसफाइ ऐन, २०७९ तथा खानेपानी तथा सरसफाइ नियमावली, २०८२ निर्माण गरी लागू गरेको छ।

त्यसैगरी **लुम्बिनी प्रदेशले** लुम्बिनी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९ तथा खानेपानी तथा सरसफाइ नियमावली, २०८१ लागू गर्नुका साथै वातावरण संरक्षण ऐन, २०७७ र वातावरण संरक्षण नियमावली, २०७७ समेत कार्यान्वयनमा ल्याएको छ। **कर्णाली प्रदेशमा** वातावरण संरक्षण ऐन, २०७७ तथा वातावरण संरक्षण नियमावली, २०७७ लागू रहेको छ भने खानेपानी तथा सरसफाइसम्बन्धी छुट्टै कानून निर्माणका लागि बनेको विधेयक सर्वसाधारणको राय-सुझावका लागि मिति २०८३/०५/०८ मा सूचना प्रकाशित गरिएको पाइन्छ। यसबाट उक्त प्रदेशमा खानेपानी तथा सरसफाइसम्बन्धी कानून निर्माणको प्रक्रिया अगाडि बढिरहेको देखिन्छ।

**सुदूरपश्चिम प्रदेशमा** सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७ लागू रहेको भए पनि खानेपानी तथा सरसफाइसम्बन्धी छुट्टै ऐन तथा नियमावली निर्माण भएको पाइएन। यसरी प्रदेशगत अवस्थालाई हेर्दा खानेपानी तथा सरसफाइसम्बन्धी कानूनी संरचना सबै प्रदेशमा समान रूपमा विकास भइसकेको अवस्था छैन। केही प्रदेशमा ऐन तथा नियमावली लागू भइसकेका छन्, केहीमा कानून निर्माणको प्रक्रिया अघि बढिरहेको छ भने केहीमा सङ्घीय कानूनलाई आधार बनाई कार्य सञ्चालन भइरहेको देखिन्छ।

यस भागमा प्रदेश तहमा विद्यमान सरसफाइ, स्वच्छता तथा सम्बन्धित कानूनी व्यवस्थाको समग्र अवस्था प्रस्तुत गर्दै प्रदेशगत कानूनहरूको **नमुनाका रूपमा लुम्बिनी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९ र लुम्बिनी प्रदेश खानेपानी तथा सरसफाइ नियमावली, २०८१** यस सङ्ग्रहमा समावेश गरिएको छ। यसबाट प्रदेशस्तरमा खानेपानी तथा सरसफाइको क्षेत्रमा कानूनी व्यवस्था कसरी निर्माण र कार्यान्वयन गरिएको छ भन्ने बुझ्न तथा स्थानीय सरकारलाई आफ्नो आवश्यकता अनुसार कानून निर्माण र कार्यान्वयनका लागि उपयोगी सन्दर्भ प्राप्त हुने अपेक्षा गरिएको छ।

१ लुम्बिनी प्रदेश खानेपानी तथा सरसफाई ऐन, २०७९
२ लुम्बिनी प्रदेश खानेपानी तथा सरसफाई नियमावली, २०८१

## भाग ५

# सरसफाई र स्वच्छता सम्बन्धि स्थानीय कानून

नेपालको संविधानले स्थानीय सरकारलाई आफ्नो क्षेत्रभित्र आधारभूत स्वास्थ्य र सरसफाइमा महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। सोही संवैधानिक व्यवस्था बमोजिम विभिन्न स्थानीय सरकारले आफ्नो स्थानीय आवश्यकता, भौगोलिक अवस्था, जनसंख्या, शहरीकरण तथा सेवा व्यवस्थापनको अवस्थाअनुसार सरसफाइ तथा स्वच्छतासम्बन्धी ऐन, नियम, नीति, निर्देशिका, योजना तथा अन्य कानूनी व्यवस्था निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ। स्थानीय तहमा निर्माण भएका यस्ता कानूनहरूले सुरक्षित खानेपानी, फोहोरमैला व्यवस्थापन, दिसाजन्य लेदो व्यवस्थापन, सार्वजनिक स्थानको सरसफाइ तथा जनस्वास्थ्य संरक्षणलाई स्थानीय सेवा प्रवाहसँग जोड्ने आधार प्रदान गर्न सक्दछन्। यस भागमा सरसफाइ तथा स्वच्छतासम्बन्धी आवश्यक बिभिन्न कानूनहरूलाई **नमुनाका रूपमा** समावेश गरिएको छ। यी कानूनहरू स्थानीय तहले आफ्नो आवश्यकता र परिस्थितिअनुसार सरसफाइसम्बन्धी कानून निर्माण, परिमार्जन तथा कार्यान्वयन गर्दा सन्दर्भ सामग्रीका रूपमा उपयोग गर्न सक्नेछन्। यसबाट एकातर्फ स्थानीय तहमा विकसित भएका असल कानूनी अभ्यासलाई एकै ठाउँमा ल्याउन र अर्कोतर्फ खुला दिसापिसाबमुक्त अवस्थालाई दिगो बनाउँदै पूर्ण सरसफाइतर्फ स्थानीय सरकारलाई मार्गदर्शन गर्ने साझा कानूनी आधार निर्माण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## १. दिसा जन्य लेदो व्यवस्थापन ऐन (नमुना)

प्रस्तावना: नगरवासीलाई आधारभूत स्वास्थ्य, सरसफाई तथा स्वच्छ वातावरण प्रत्याभूत गर्न नगरपालिकाको संवैधानिक एवं कानूनी दायित्व रहेको साथै बढ्दो सहरीकरण सँगै दिसाजन्य लेदो व्यवस्थापन नगरको एउटा चुनौती बन्दै गएको हुनाले उक्त विषयलाई छुट्टै कानूनी व्यवस्था गरी काम कारवाही गर्न वान्छनीय भएकाले नगरसभाले यो ऐन स्वीकृत गरी जारी गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम " नगरपालिकाको दिसाजन्य लेदो व्यवस्थापन ऐन, २०८३ " रहेको छ ।

(२) यो एन एन नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) दिसाजन्य लेदो (Faecal Sludge) भन्नालेः स्थलगत सरसफाइ अन्तर्गत दिसा पिसाब लगायतको फोहोरपानी जम्मा गर्ने भण्डारण ट्यांकीमा संकलन भएको फोहोरलाई बुझ्नु पर्दछ। जसमा मानव मलमुत्रको साथै दिसा बगाउन, दिसा धुन एवम् चर्पी सफा गर्न प्रयोग हुने पानी वा पदार्थ र अन्य फोहरमैला वा फोहरपानी समेत सम्झनु पर्दछ ।

(ख)दिसाजन्य लेदो प्रशोधनझाला (Faecal Sludge Treatment Plant) भन्नाले दिसाजन्य लेदो प्रशोधनको लागि आवश्यक प्रविधिहरु स्थापना गरिएको निश्चित स्थल वा केन्द्र सम्झनु पर्दछ।

(ग) दिसाजन्य लेदो व्यवस्थापन (Faecal Sludge Management) भन्नाले मानव मलमुत्रीय फोहरलाई सुरक्षित भण्डारण गर्ने, नियमित रुपमा खाली गर्ने, प्रशोधनशालासम्म ढुवानी गर्ने, प्रशोधन गर्ने, र सुरक्षित विसर्जन वा पुनःप्रयोग गर्ने सम्पूर्ण कार्यलाई समग्रमा दिसाजन्य लेदो व्यवस्थापन भनेर सम्झनु पर्दछ ।

(घ) नगरपालिका भन्नाले --------------नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) निष्काशित फोहरपानी (Effluent) भन्ना भन्नाले पूर्ण वा आंशिक प्रशोधनपछि भण्डारण ट्यांकी वा प्रशोधनशालाबाट अन्तिममा बाहिर निस्कने फोहरपानीलाई सम्झनु पर्दछ ।

(च) भण्डारण ट्यांकी (Storage tank) भन्नाले विशेषगरी चर्पीबाट उत्पादन हुने दिसापिसाब लगायतका फोहर र फोहरपानीलाई निश्चित अवधिको लागि सुरक्षित भण्डारण गर्न निर्माण गरिने ट्यांकीलाई सम्झनु पर्दछ ।

(छ) सेप्टेज (Septage) भन्नाले भण्डारणका विभिन्न प्रविधिहरुमध्ये सेप्टिक ट्यांकमा जम्मा भएको मानव मलमुत्रीय फोहर भन्ने सम्झनु पर्दछ ।

(ज) स्थलगत सरसफाइ प्रणाली (On-site Sanitation System) भन्नाले मानव मलमूत्रीय फोहरलाई उत्पादन स्थलमै व्यवस्थित संकलन, ढुवानी र पर्यावरशोधन गर्ने सरसफाइ प्रणाली सम्झनु पर्दछ ।

(झ) सरसफाइ सेवा प्रदायक (Sanitation Service Provider) भन्नाले भण्डारण ट्यांकी बनाउन, सेप्टिक ट्यांक सफा गर्न, मानव मलमूत्रीय फोहरलाई प्रशोधन केन्द्रसम्म ढुवानी सेवा प्रदान गर्न वा दिसाजन्य लेदो प्रशोधन केन्द्र सञ्चालन गर्नका लागि सम्बद्ध निकायबाट निकायबाट वैधानिक अनुमति पाएको व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ञ) सरसफाइ सेवा श्रृंखला (Sanitation Service Chain) भन्नाले मानव मलमुत्रीय फोहरको व्यवस्थित थत संकलन, संकलन, ढुवानी, प्रशोधन र सुरक्षित विसर्जन वा पुनःप्रयोग गर्न आवश्यक पर्ने सबै चरण/प्रक्रियाहरु सम्झनु पर्दछ ।

(ट) सेप्टिक ट्यांक (Septic (Septic Tank) भन्नाले दिसाजन्य लेदो सङ्कलन र केहि अवधिको लागि लागि भण्डारण गर्न एवम् आंशिक प्रशोधन समेत गर्न निर्माण गरिने पानी नचुहिने खालको संरचना बुझ्नु पर्दछ र यसको न्यूनतम स्वरुप तोकिए सम्झनु पर्दछ ।

(ठ) फोहरपानी (Waste water) भन्नाले दैनिक मानवीय क्रियाकलाप र वस्तु उत्पादनको क्रममा उत्पादन हुने तरल फोहोर बुझ्नु पर्दछ, जसलाई ढल प्रणाली मार्फत संकलन एवम् ढुवानी गरिन्छ । यसमा मानव, पशु वा तरकारीजन्य फोहरमैलाको साथै मानवीय मलमुत्र र विभिन्न प्रकारका रसायनहरुसमेत मिसिएको सम्झनु पर्दछ ।

(ड) ढल (Sewer) भन्नाले फोहरपानीको व्यवस्थित संकलन, ढुवानी र निकासको लागि बाटोमा बिछ्याइएका खुल्ला वा छोपिएका संरचना वा पाइपलाई सम्झनु पर्दछ ।

(ढ) ढलनिकास (Sewerage) भन्नाले फोहरपानीलाई व्यवस्थि स्थित सङ्कलन गर्न, ढुवानी गर्न, प्रशोधन गर्न बनाइएका ढल, मंगाल लगायतका सम्पूर्ण संरचनाहरु सम्झनु पर्दछ ।

(ण) रित्याउने र ढ्द्वानी सेवा भन्नाले भण्डारण ट्यांकीमा जम्मा भएको दिसाजन्य लेदो रित्याउने र ढुवानी सेवालाई सम्झनु पर्दछ ।

(त) सेप्टिक ट्यांकी सफाइ सेवा प्रदायक भन्नाले भण्डारण ट्यांकीबाट दिसाजन्य लेदो निकाल्ने र त्यसरी निकालेको लेदोलाई प्रशोधन केन्द वा तोकिएको स्थानसम्म ढुवानी सेवा दिने कम्पनी वा कामदारलाई सम्झनु पर्दछ ।

(थ) विसर्जन भन्नाले दिसाजन्य लेदोको अन्तिम निष्काशन तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।
(द) प्रशोधन मन्नाले दिसाजन्य लेदोलाई विभिन्न विधि / प्रविधि को प्रयोग गरी उक्त लेदो भएको हानिकारण प्रदुषणलाई न्यूनिकरण वा निर्मलीकरण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## <u>दिसाजन्य लेदो व्यवस्थापनको दायित्व सम्बन्धी व्यवस्था</u>

**३. <u>दिसाजन्य लेदो व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेः</u>** (१) दिसाजन्य लेदो व्यवस्थापन सेवा श्रृंखला अन्तर्गत पर्ने संकलन, विसर्जन र ती सेवा भण्डारण, रित्याउने र ढुवानी, प्रशोधन तथा श्रृंखलामा आवश्यक पर्ने सम्पूर्ण पूर्वाधार तथा संरचनाको विकास निर्माण एवं संचालन गर्ने गराउने जिम्मेबारी नगरपालिकाको हुनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आफ्नो घर, व्यवसायिक भवन, सामुदायिक तथा सार्वजनिक शौचालयबाट निष्काशन हुने दिसाजन्य लेदो व्यवस्थापनको आधारभूत दायित्व सम्वन्धित व्यक्ति, संस्था वा निकायको हुनेछ ।
(३) घर, व्यापारिक, व्यापारिक, औद्योगिक, सरकारी एवं सार्वजनिक लगायत संस्थाहरुबाट उत्पादित दिसाजन्य लेदो प्रशोधन नगरी खुला रुपमा जमीन, नदिनाला आदिमा विसर्जन गर्ने कार्य दण्डनीय हुनेछ।

**४. <u>दिसाजन्य लेदो व्यवस्थापन सेवाको गुणस्तरः</u>** (१) दिसाजन्य लेदो व्यवस्थापन सेवा श्रृंखलामा पर्ने कुनै पनि वस्तु वा सेवाको गुणस्तर नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
(२) उपदफा (१) बमोजिमको वस्तु वा सेवाको गुणस्तर नगरपालिकाले संघिय मापदण्ड अनुरुप निर्धारण गर्नेछ ।

## परिच्छेद ३

## <u>दिसाजन्य लेदोको संकलन, भण्डारण, रित्याउने र ढुवानी, प्रशोधन तथा विसर्जन सम्बन्धी व्यवस्था</u>

**५. <u>दिसाजन्य लेदो व्यवस्थापन योजना तर्जुमा गरी लागु गर्नेः</u>** (१) दिसाजन्य लेदो व्यवस्थापन सेवा श्रृंखला सम्वन्धि कार्य गर्न नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापन योजना तर्जुमा गरी लागु गर्नेछ।

(२) उपदफा (१) अनुसार योजना बनाउँदा एकिकृत सहर सरसफाई (Citywide Sanitation) का अवधारणा र सिद्धान्त अवलम्बन गरी कार्यान्वयन गर्नेछ ।
(३) नगरपालिकाले गरीब, सिमान्तकृत, भूमिहीन परिवार तथा अन्य आवश्यकताको आधारमा शौचालयको पहुँच बढाउन आवश्यक कार्यक्रम संचालन गर्नेछ ।
(४) शौचालयको उपलव्धता र पहुँच बढाउने कार्यमा नगरपालिकाले सङ्घीय तथा प्रदेश सरकार, विकासका साझेदार आदि संघसंस्थाहरुको व्यवसायिक/सामाजिक उत्तरदायित्वको माध्यमबाट निजीक्षेत्रसँग साझेदारी गर्न सक्नेछ ।

**६. <u>भण्डारण (Containment) प्रविधि सम्बन्धि व्यवस्थाः</u>** (१) NEPAL NATIONAL BUILDING CODE (NBC 208: 2003, Sanitary and Plumbing Design Requirements) अनुसार ढलरहित

क्षेत्र अन्तर्गत रहेका कुनै पनि संरचनाबाट निस्किने फोहरपानीलाई सेप्टिक ट्यांक वा सम्बन्धित आधिकारिक संस्थाबाट स्वीकृत प्रविधि मार्फत् प्रशोधन गरिएको हुनुपर्नेछ ।

(२) स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ७ को दफा २९ अनुसार नक्सामा खुलाउनुपर्ने नयाँ भवन निर्माण गर्न नक्सामा अन्य निमांण गर्न कुराहरुको अतिरिक्त सो भवनको छुट्टै चर्पी र सोकपिट तथा त्यस्तो भवन अर्को भवनसंग जोडी बनाउने बनाउने भएमा सो भवनको छुट्टै किलास रहनेगरी नक्सामा खुलाउनेपर्नेछ ।

(३) सेप्टिक ट्यांक सजिलै खाली खाली गर्न सकिने स्थानमा उचित प्रकारको ढक्कन भएको हुनुपर्नेछ र संचालन पश्चात दिसाजन्य लेदो सुरक्षित व्यवस्थापनको लागि लागि तोकिए बमोजिम समय समयमा रित्याउने गर्नु पर्नेछ।

(४) नगरपालिकामा ढलरहित क्षेत्रभित्र बन्ने नयाँ घर, भवन, तथा अन्य सम्बन्धित संरचनाहरुमा सेप्टिक ट्यांक वा सो "भन्दा उच्चस्तरीय प्रशोधन प्रविधिको डिजाइन स्वीकृत मापदण्ड अनुसार बाहेक अन्य तरिकाले जडान गर्न वा निर्माण गर्न पाइनेछैन

(५) यो ऐन लागु हुँदाको मितिमा विद्यमान संरचनाहरुले आफ्नो परिसरभित्र निम्नानुसार उपदफा (३) बमोजिमको सेप्टिक ट्यांक वा प्रशोधन प्रविधिमा अनिवार्य सुधार वा स्तरोन्नती गर्नुपर्नेछ ।

क. उक्त संरचनाभित्रको रहेको स्थलगत सरसफाइ प्रविधिले वातावरण र जनस्वास्थ्यमा उच्च जोखिम पारेको अवस्थामा,

ख. उक्त सम्पति बिक्री गर्ने भएमा,

ग. उक्त संरचनाको ५० प्रतिशत वा सोभन्दा बढी मात्रामा भवनको पुनःनिर्माण वा तला थप गर्नुगरेमा,

(६) आवश्यकता र सम्भाव्यताका आधारमा सेप्टिक ट्यांक निर्माण गर्न प्रोत्साहन गर्न आवश्यक आर्थिक एवं प्राविधिक सहयोग गर्नेछ ।

**(७) <u>रित्याउने र ढुवानी (Desludging and Transportation) सम्बन्धि व्यवस्था</u>**: (१) दिसा जन्य लेदो रित्याउने र ढुवानी सेवा प्रदायक कुनै पनि संस्था वा कामदारलाई उक्त सेवा प्रदान गर्ने समयमा बाल्टिन जस्ता हाते उपकरणको प्रयोगमा पूर्ण प्रतिवन्ध गर्दै यान्त्रिक उपकरणको प्रयोग अनिवार्य हुनेछ।

(२) दिसाजन्य लेदो रित्याउने र ढुवानी सेवा सम्बन्धि उपकरण, विधि र समय सो सम्बन्धि मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) जनस्वास्थ्य र वातावरण संरक्षणको दृष्टिले प्रतिकुल असर पर्ने महसुस गरेमा कुनै पनि समयमा सेप्टिक ट्यांक सफा गर्न सम्बन्धित व्यक्ति/संघ सस्था/निकायलाई नगरपालिकाले बाध्यकारी निर्देशन दिनेछ, सो निर्देशनको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(४) नगरपालिका वा अन्य सरकारी निकायबाट अनुमतिप्राप्त सेवा प्रदायकले मात्र दिसाजन्य लेदो रित्याउने र ढबानी सेवा प्रदान गर्न पाउनेछ ।

(५) सेप्टिक ट्यांकी सफाइ सेवा प्रदायकले सर्वसाधारण र सफाइकर्मिको स्वास्थ्य र सुरक्षाका उचित उपाय अवलम्बन गर्नु अनिवार्य हुनेछ ।

**(८) <u>प्रशोधन, विसर्जन र पुनः प्रयोग Treatment, Disposal and Reuse) सम्बन्धि व्यवस्था:</u>** (१) दिसाजन्य लेदोको सुरक्षित, सुलभ र गुणस्तरीय व्यवस्थापनको लागि नगरपालिकाद्वारा प्रशोधन संयन्त्रको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रशोधन संयन्त्रको व्यवस्था गर्दा जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी निर्माण सञ्चालन गर्नु पर्नेछ ।

(३) प्रशोधन केन्द्रद्वारा निष्काशित फोहरपानी निर्धारित फोहरपानी विसर्जन मापदण्ड भित्र पर्ने गरी प्रशोधन विधि र प्रविधि सुनिश्चित गर्नु पर्नेछ ।
(४) नगरपालिकाले प्रशोधनशालाको कार्यक्षमता र संचालन प्रक्रियाको नियमित निरीक्षण र अध्ययन गर्नु पर्नेछ ।
(५) प्रशोधनशालाको संचालन, मर्मत सम्भार सो सम्बन्धि अन्य व्यवस्था निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

(६) सङ्कलित दिसाजन्य लेदोलाई तोकिएको स्थान वा प्रशोधन केन्द्रमा लगेर सुरक्षित विसर्जन गर्नु पर्नेछ ।

(७) दिसाजन्य लेदोको प्रशोधन पश्चात निस्किने अवशेषलाई प्राविधिक सम्भाव्यता हेरी पुनः प्रयोग गर्नेछ र पुनः प्रयोगमा नआउने वा ल्याउन नसकिने अवस्थाका अवशेषलाई सुरक्षित विसर्जनको व्यवस्था गर्नु पर्नेछ ।

(८) नगरपालिकाले प्रशोधन केन्द्र संचालन र प्रशोधित वस्तुको पुनः प्रयोग एवम् बजारीकरणको लागि निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी गर्न सक्नेछ।

## परिच्छेद- ४
## दिसाजन्य लेदो व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

**(९) अनुमतिपत्र सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम नगरपालिकाको अनुमति नलिई नगरपालिकाभित्र कसैले पनि दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धि काम गर्न वा गराउन पाउने छैन ।
(२) नगरपालिकाभित्र दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धि काम गर्न चाहने व्यक्ति, कम्पनी वा सामुदायिक संस्था लगायतका सेवा प्रदायकले तोकिए बमोजिम विवरण खुलाई नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।
(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि नगरपालिकाले आवश्यक जाँचबुझ गरी मापदण्ड पुगेका निवेदकलाई दिसाजन्य लेदो व्यवस्थापनको काम गर्न सक्षम देखेमा तोकिएको दस्तुर लिई तोकिए बमोजिमको इजाजतपत्र जारी गर्नेछ ।

(४) उपदफा (३) बमोजिम जारी भएको इजाजतपत्र तोकिएको अवधिभित्र तोकिएको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ ।

**१०. निजी / सामुदायिक क्षेत्रलाई दिसाजन्य लेदो व्यवस्थापन गर्ने कार्य गराउन सक्नेः** (१) दफा (९) को उपदफा (३) अनुसार दिसाजन्य लेदो व्यवस्थापन कार्य गर्नको लागि अनुमति प्राप्त व्यक्ति, कम्पनी वा सामुदायिक संस्था लगायतका सेवा प्रदायकबाट कानून बमोजिम प्रतिस्पर्धा गराई नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापन गर्न गराउन सक्नेछ ।

**११. <u>अनुमतिपत्र खारेज गर्न सक्नेः</u>** (१) यो ऐन अन्तर्गत बनेको नियम, मापदण्डको कुनै पनी कुरा उल्लंघन गरेमा एक पटकको लागि नसिहत दिने र सो समेतको परिपालना नगरेमा त्यस्तो सेवा प्रदायकको अनुमतिपत्र नगरपालिकाले खारेज गर्न सक्नेछ ।

**१२. <u>अनुमति लिई वा नलिई सन्चालन भइरहेको सेवा प्रदायकले अनुमतिपत्र लिनुपर्नेः</u>** (१) यो ऐन प्रारम्भ हुनु भन्दा अघि नगरपालिकाबाट अनुमति प्राप्त गरी वा नगरी दिसाजन्य लेदो सम्बन्धि सेवा प्रदान गर्ने व्यक्ति तथा संस्थाले पनि तोकिएको अवधिभित्र तोकिएको विवरण खुलाई यो ऐन बमोजिमको अनुमतिपत्र लिनको निमित्त नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

## परिच्छेद ५

## <u>सेवा शुल्क</u>

**१३ <u>सेवा शुल्क सम्बन्धि व्यवस्था:</u>** (१) आवासीय, व्यवसायिक/व्यापारिक, औद्योगिक, सरकारी/संस्थागत र सार्वजनिक संस्थाहरुबाट निस्किएको दिसाजन्य लेदोको यथोचित व्यवस्थापनको लागि नगरपालिकाले आवश्यक सरसफाइ शुल्क लगाउन सक्नेछ ।

(२) नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापनको दिगो व्यवसायिक योजना तर्जुमा गरी उचित शुल्क निर्धारण र सङ्कलन निर्देशिका तयार गरी लागू गर्नेछ ।

## परिच्छेद ६

## <u>दिसाजन्य लेदो व्यवस्थापन कार्यको अनुगमन र मूल्यांकन सम्बन्धि व्यवस्था</u>

**१४ <u>अनुगमन र मूल्याङ्कन सम्बन्धि व्यवस्था</u> :** (१) नगरपालिकाले यस ऐनको प्रावधान अनुसार सेप्टिक ट्यांक निर्माण, संचालन लगायत समग्र दिसाजन्य लेदो व्यवस्थापन सेवा श्रृंखलाको नियमित अनुगमन तथा निरिक्षण गर्ने गराउनेछ ।

(२) नगरपालिकाले दफा (९) बमोजिम दर्ता भएका दिसाजन्य लेदो सेवा प्रदायकको अनुगमन गर्ने गराउने र उक्त सेवा प्रदायकले प्रदान गर्ने सेवा मापदण्ड अनुरुपको भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने गराउनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गरिने अनुगमन, निरीक्षण तथा मूल्यांकन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) स्वास्थ्य तथा सरसफाई सम्बन्धी वार्षिक समिक्षा, सामाजिक परिक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्दा दिसाजन्य लेदो व्यवस्थापनलाई पनि मूल्याङ्कनका विषयवस्तु बनाइनेछ ।

## परिच्छेद ७

## <u>दण्ड जरिवाना</u>

**१५ दण्ड जरिवाना सम्बन्धि व्यवस्था :** यो ऐन विपरित कसैले कार्य गरे वा गराएमा नगरपालिकाले तोकिए बमोजिमको दण्ड जरिवाना गर्नेछ ।

**१६. <u>पुनरावेदन गर्न सक्नेः</u>** दफा १५ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद ८

## <u>विविध</u>

**१७. <u>नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाउन सक्नेः</u>** यो ऐन कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, मापदण्ड, तथा निर्देशिका बनाउन सक्नेछ ।

**१८. <u>प्रचलित कानून बमोजिम हुने</u>**: लेदो व्यवस्थापन सम्बन्धी विषयमा यस ऐनमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१९. <u>खारेजी र बचाउः</u>** यो ऐन जारी हुनु भन्दा अगाडि नगरपालिकाबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए/गरेको मानिनेछ ।

## २ खानेपानी, स्वच्छता तथा सरसफाई सम्बन्धी ऐन (नमुना)

प्रस्तावना: स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवक पहुँच प्राप गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, सरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति लगायतका सबै सेवा प्रदायकका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय वा नेपानी र सरसफाइ सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नगरसभाले यो ऐन स्वीकृत गरी जारी गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम बाणगङ्गा नगरपालिकाको सानेपानी तथा ऐन, २००८ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “अनुमतिपत्र" भन्नाले दफा ३८ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ ।

(ख) “अनुमतिपत्र प्राप्त समिति” भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने संगठित समिति सम्झनु पर्दछ ।

(ग) “आयोजना” भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्दछ।

(घ) “उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गने व्यक्ति, समिति वा निकाय सम्झनु पर्दछ ।

(ङ) "उपभोक्ता समिति” भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्ने सामुदायिक समिति सम्झनु पर्दछ ।

(च) “खानेपानी तथा सरसफाइ उपभोक्ता समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता समितिको रुपमा रहेको सामुदायिक समितिको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई सम्झनु पर्दछ ।

(छ) “खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, समितिगत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्यलाई समेत सम्झनु पर्दछ ।

(ज) “खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत सम्झनु पर्दछ ।

(झ) “खानेपानीको समितिगत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक समितिहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले औद्योगिक समितिहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई सम्झनु पर्दछ ।

(ञ) "गुणस्तरीय खानेपानी" भन्नाले स्वास्थ्यमा हानी नपुर्याउने गुणस्तरीय अथवा सुरक्षित पानीलाई गुणस्तरीय खानेपानी सम्झनु पर्दछ ।

(ट) “घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ ।

(ठ) "ढल निकास " भन्नाले मानव मलमूल सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ढ) "पानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पछन र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई सम्झनु पर्दछ ।

(ण) "फोहोर पानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा समितिगत उपयोग पश्चात निष्काशन हुने मानव मलमूल सहित वा रहितको फोहोरपानी सम्झनु पर्दछ र सो शब्दले फोहोर पानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत सम्झनु पर्दछ ।

(त) "सरसफाइ सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राखे कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, ठोस फोहोर व्यवस्थापन, घरयासी तथा समितिगत शौचालय निर्माण, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत सम्झनु पर्दछ ।

(थ) "संगठित समिति" भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गने उद्देश्यले स्थापना भएका अन्य समिति वा सेवा प्रदायक संस्था समेतलाई सम्झनु पर्दछ।

(द) "सेवा प्रणाली” भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत सम्झनु पर्दछ ।

(ध) “सेवा प्रदायक संस्था" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी, सरसफाइ तथा स्वछता सेवा उपलब्ध गराउने उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त समिति सम्झनु पर्दछ ।

(न) "सेवा क्षेत” भन्नाले उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त समितिले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्दछ ।

(ऩ) "ठूला संरचना" भन्नाले खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा निर्माण हुने वा भएका संरचनाहरु जस्तैः ओभरहेड टैंक, प्रशासनिक भवनलाई सम्झनुपर्दछ ।

## परिच्छेद २

## <u>खानेपानी तथा सरसफाइको अधिकार र स्रोत सम्बन्धी व्यवस्था</u>

३. **<u>खानेपानी तथा सरसफाइमा पहुँचको अधिकारः</u>** (१) नगरपालिकामा रहेका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानून बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत नगरपालिकाका प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :

(क) उपभोक्ता समिति स्थापना गर्ने अधिकार

(ख) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

(ग) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(घ) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार ।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिका र सम्बन्धित उपभोक्ता समितिको हुनेछ र यसका लागि नगरपालिका र सम्बन्धित उपभोक्ता समितिले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

**४. <u>खानेपानीको स्रोतमा अधिकारः</u>** (१) नगरपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमिकतामा दिईनेछ ।

(२) उपदफा (१) बमोजिमको उपयुक्त परिमाणको व्यवस्था गरेर माल अन्य जलस्रोतको उपयोगसँग सम्बन्धित प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(३) परम्परागत रुपमा घरेलु, सार्वजनिक र समितिगत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता समिति, समुदाय वा व्यक्तिको अधिकार सुरक्षित रहनेछ ।

(४) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा सम्बन्धित उपभोक्ता समितिको सहमति लिनु पर्नेछ ।

(५) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता समितिद्धारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता समितिलाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(६) अनुमतिपत्र दिने निकायले नगरपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै समिति वा व्यवसायलाई अनुमतिपत्र दिनुपूर्व नगरपालिका र सम्बन्धित समुदायको सहमति लिनु पर्नेछ ।

**५. पानीको स्रोत तथा मुहानको संरक्षणः** (१) खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, संघ समिति र निकायको कर्तव्य हुनेछ ।

(२) खानेपानीको स्रोत तथा मुहान संरक्षणका लागि देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :

(क) पानीको स्रोतको संरक्षणको लागि बाढी, पहिरोको नियन्त्रण गर्ने,

(ख) पानीको स्रोतलाई प्रदुषित हुन नदिन आवश्यक प्रबन्ध गर्ने र स्रोतहरुलाई नष्ट वा लोप हुनबाट बचाउने,

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त विभिन्न उपायहरू अवलम्बन गर्ने तथा तिनको उचित मर्मत सम्भार नियमित रूपमा गर्ने गराउने,

(घ) पानीको संरक्षण, सम्वर्द्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवाप्रदायक वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(ङ) पानीको स्रोत प्रदूषण हुन नदिनका लागि पानीको मूल वा वहाव क्षेत्रमा संरक्षण गर्न प्रोत्साहित गर्ने,

(च) खानेपानी योजनामा पानी सुरक्षा योजना लागु गर्ने,

(छ) पानीको स्रोत प्रदूषण हुन नदिन खेतीपातीमा रासायनिक मल प्रयोग गर्दा पानीको स्रोतका ख्याल गर्ने,

(ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(३) खानेपानीको स्रोत संरक्षणका लागि नगरपालिकाले सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक सहयोग गर्नेछ ।

(स्पष्टीकरणः सम्बन्धित पक्ष भन्नाले लाभान्वीत समिति वा समुदाय, उपभोक्ता समिति, मुहान बिद्यमान रहेको समुदाय, अन्य निकायलाई बुझाउनेछ ।)

**६. <u>खानेपानी तथा सरसफाइको पहुँच पुगेको मानिनेः</u>** (१) देहायको अवस्थामा खानेपानीको पहुँच पुगेको मानिनेछ ।

(क) धारा सम्म पुग्न पार गर्नु पर्ने तेस्रो र ठाडो दुरी क्रमशः १५० मिटर र ५० मिटर भन्दा बढी नहुने वा सबै परिवारहरु १५ मिनेट सम्मको आतेजाते दुरी भित्र पानी ल्याउन सक्षम हुनु पर्ने ।

(ख) सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच भएको हुनुपर्ने ।

(२) उपदफा (१) को अवस्थालाई न्यूनतम् मापदण्डको रुपमा लिई नगरपालिकाले एक घर एक धारा प्रणालीलाई अवलम्बन गर्दै जानेछ र खानेपानी सेवाको सुनिश्चिता गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइका राष्ट्रिय मापदण्डको अधिन रहि नगरपालिकाले स्थानीय सूचकहरु तोक्न सक्नेछ ।

**७. <u>सुरक्षित खानेपानी युक्त समुदाय घोषणाः</u>** (१) देहायको समुदायलाई सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्न सकिने छ ।

(क) खुला दिसा मुक्त घोषणा भई खुला दिसा मुक्त कायम रहेको अवस्था,

(ख) दफा ६ बमोजिमको न्यूनतम् राष्ट्रिय मापदण्ड पुरा गरेको,

(ग) पाईप प्रणालीको धाराबाट जुनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी मानव स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध राख्ने इ-कोली र आर्सेनिक र फ्लोरिन जस्ता रसायनहरुका सघन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार भएको) खानेपानीको सुविधा प्राप्त गरेको,

(घ) पाइप प्रणाली नभएको अवस्थामा संरक्षित पानीका स्रोत (इनार, कुवा, खोला, ट्युबवेल आदि) बाट प्राप्त पानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी गुणस्तर युक्त पानी उपभोग गर्ने गरेको,

(२) सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्नका लागि कार्यपालिकाले मापदण्ड, कार्यविधि तथा अनुगमन निर्देशिका बनाई कायान्वयन गर्न सक्नेछ ।

**८. <u>शौचालय निर्माण गर्न पर्नेः</u>** (१) नगरपालिकाका सबै घर परिवार, संघ समिति, व्यवसायीहरुले अनिवार्य शौचालयको निर्माण गरी प्रयोगमा ल्याउनुपर्नेछ ।
(२) नगरका सार्वजनिक स्थलमा शौचालयको निर्माणका गर्ने दायित्व स्थानीय समुदाय र नगरपालिकाको हुनेछ । यस्ता सार्वजनिक स्थलमा शौलालय निर्माण गर्न पूर्व त्यसको संचालन कार्यबिधि तयार गर्न पर्नेछ।

(३) नगरका सबै बिद्यालयमा देहाय बमोजिम शौचालय सुबिधाको व्यवस्थापन गर्न पर्नेछ ।

(क) ५० जना बिद्यार्थी बरावर एक शौचालयको उपलब्धता

(ख) छात्र छात्राका लागि अलग शौचालय

(ग) शौचालयमा साबुन पानीको व्यवस्था

(घ) छात्राको शौचालयमा स्यानीटरी प्याड बिसर्जन ट्यांक जडान गरिएको

(३) खुला दिसा मुक्त समुदायको दिगोपनाका लागि नगरपालिकाले थप नीतिगत व्यवस्था गरी कार्यन्वयनमा ल्याउन सक्नेछ ।

## परिच्छेद ३

## समितिगत संरचना र काम कर्तव्य अधिकार

**९. नगर स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति :** (१) नगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ,

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) नगरपालिकामा खानेपानी तथा सरसफाइ हेर्ने सदस्य र एक जना महिला सदस्य - सदस्य

(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि (नगरभित्र खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल भएमा) - सदस्य

(घ) खानेपानी तथा सरसफाइको क्षेनमा कार्यरत एक जना महिला प्रतिनिधि- सदस्य

(ङ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ समितिको एक जना प्रतिनिधि- सदस्य

(च) नगरपालिकाको खानेपानी तथा सरसफाई हेर्ने शाखा प्रमुख- सदस्य सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरुको छनौट नगर प्रमुखले गर्नेछन र निजहरुको कार्य अवधी दुई वर्षको हुनेछ ।

(४) नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. <u>नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति काम कर्तव्य अधिकारः</u>**
(१) नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिका काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहनेछन् ।

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगरपालिकालाई सुझाव दिने,

(ख) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकल संशोधन लागि सुझाव पेश गर्ने,

(ग) नगरपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयार गर्ने गर्ने,

(घ) विभिन्न विकास साझेदारहरुसँग समन्वय र गरी वास योजनाको कार्यान्वयमा योगदान गर्ने,

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)को प्रभावकारी योजना निर्माण, कार्यन्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(च) वास क्षेत्रको निर्णय प्रकृयामा सहजताको लागि नगरपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको वार्षिक रुपमा अद्यावधिक गर्ने प्रयोजन सहित नगरपालिका स्तरीय वास सूचना प्रणाली स्थापना गर्ने,

(छ) खानेपानी तथा सरसफाइ योजनाहरुको न्यूनतम सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गरी उपभोक्ता समितिहरुलाई पुरस्कार दिने पद्धति स्थापना गर्ने,

(ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**<u>११. वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिः</u>** (१) नगरपालिकाले वडा स्तरमा वडा अध्यक्षको अध्यक्षतामा वडा समन्वय समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिका सदस्य तथा पदाधिकारीहरु वडा समितिले तोके बमोजिम हुनेछन् ।

(३) वडा सचिबले समितिको सदस्य सचिबको रुपमा काम गर्नेछन् ।

(४) वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. <u>खानेपानी, सरसफाइ तथा स्वच्छता ईकाइ / शाखाको व्यवस्थाः</u>** (१) नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिका निर्णयहरु कार्यान्वयन गर्ने इकाईको रुपमा काम गर्ने गरी एक वास इकाई वा शाखा स्थापना रहनेछ ।

(२) नगरकार्यपालिकाको कार्यालयले एकजना स्थायी कर्मचारी इकाई प्रमुख हुने गरी कम्तिमा एकजना प्राविधिक तथा एकजना सामाजिक कर्मचारी सहितको वास इकाईमा वार्षिक कार्यक्रम तथा बजेट बमोजिम करार सेवामा वा स्थायी/अस्थायी कर्मचारीहरु रहनेछन् ।

**१३. <u>नगरपालिका वास शाखा/इकाईको भूमिका तथा जिम्मेवारीः</u>** नगरपालिका वास शाखा/ इकाईको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम रहनेछ ।

(क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, समितिगत सरसफाई लगायतका कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवा प्रदायकहरु, स्वयंसेवकहरु, वाल क्लवहरु, आमा समूहहरु तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ख) नगरपालिकाको वास क्षेनको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलव्ध गराउने,

(ग) उपभोक्ता समितिहरुको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरु संग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने र प्रतिवेदन प्राप्त नभएका वडाहरुलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन, पुनर्गठन, नगरकार्यपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने,

(च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न नगर कार्यपालिकामा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समितिहरुलाई समिति पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

(छ) विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

(ज) वास क्षेलको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(झ) आपतकालीन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि समितिमा सिफारिस गर्ने,

(ञ) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरु सहयोग तथा सञ्चालन गर्ने,

(ट) वास व्यवस्थापन समितिको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

**१४. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गर्न सक्नेः** (१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि समितिगत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्न सक्नेछन् ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन नभएका क्षेलमा नगरपालिकाले उपभोक्ता समिति गठनका लागि आवश्यक सहयोग गर्न सक्नेछ ।

(३) प्रचलित कानून बमोजिम नगरपालिकाको क्षेत्नाधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन भएमा उपभोक्ता समितिको विधान सहित उपभोक्ता समिति दर्ताका लागि नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता समिति दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा खानेपानी तथा सरसफाई इकाई/शाखाको सिफारिसमा प्रमुख प्रशाकीय अधिकृतले विधान स्वीकृत गरी उपभोक्ता समिति दर्ताको प्रमाणपल प्रदान गर्नु पर्नेछ ।

(५) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता समिति/समूह/समितिहरु यो ऐन लागु भए पश्चात् यस नगरपालिकामा आफ्नो साविक विधान, दर्ता प्रमाणपत्न, स्थायी लेखा नं. प्रमाणपत्न, गत आवको कर चुक्ता र अन्तिम लेखा परीक्षण प्रतिवेदन पेश गरी उपभोक्ता समिति व्यवासयीक रुपमा समिति दर्ता हुनु पर्नेछ। तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता समिति दर्ता गर्नुपर्ने छैन ।

(६) नगरपालिकामा व्यवसायिक रुपमा दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भीतमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**१५. उपभोक्ता समितिको कार्यसमिति :** (१) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यसमिति कम्तिमा सात र बढीमा २१ सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ ।

(२) उपभोक्ता समितिको कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ र अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक पदमा महिला पदाधिकारी हुनु पर्नेछ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यसमतिको कार्यकाल तीन वर्षको हुनेछ र कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा क्रमशः दुई कार्यकालमात्र काम गर्न पाउने छ । तर यस प्रयोजनका लागि कुनै अध्यक्षको कार्यकाल क्रमशः नभएमा पुनः थप कार्यकाल अध्यक्षको रुपमा रहन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै व्यवस्था भएता पनि ठूला संरचनाहरुको निर्माण भईरहेको अवस्थामा कुनै पदमा पुनः दोहोरिन बाधा पर्नेछैन ।

**१६. उपभोक्ता समितिको विधान**: उपभोक्ता समितिको विधानमा देहाय बमोजिमका व्यवस्थाहरु समावेश गर्नुपर्नेछ :

(क) उपभोक्ता समितिको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत

(ख) उपभोक्ता समितिको उद्देश्य र कार्यहरु

(ग) सदस्यता (सदस्य, सदस्य शुल्क, सदस्यता नहरने आदि)
(घ) अधिवेशन र वार्षिक साधारण सभा तथा अधिवेशन र साधारण सभाका कार्यहरु

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकारहरु

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु

(ज) अविश्वासको प्रस्ताव

(झ) उपभोक्ता समितिको कोष, आर्थिक स्रोत तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण

(ञ) निर्वाचन सम्बन्धी व्यवस्था

(ट) विविध (विधान संशोधन, समिति विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

## परिच्छेद ४

## <u>खानेपानी प्रणाली र गुणस्तर सम्बन्धी व्यवस्था</u>

**१७. <u>खानेपानी प्रणालीहरुको वर्गिकरणः</u>** (१) नगरपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहाय बमोजिम वर्गिकरण गरिनेछ ।

(क) सामुदायिक खानेपानी प्रणाली

(ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा)

(२) नगरपालिकाले सम्भव भए सम्म पाईपक प्रणाली खानेपानी प्रणालीलाई प्रवर्द्धन गर्नेछ ।

**१८. <u>स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने:</u>** यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त समितिले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

**१९. <u>गुणस्तर मापदण्ड तोक्न सक्ने :</u>** (१) खानेपानी तथा सरसफाइको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको मापदण्डको अधीनमा रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी यस नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

**२०. <u>खानेपानीको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्थाः</u>** नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि वास शाखा वा इकाईको मातहतमा रहने गरी प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

**२१. <u>खानेपानी गुणस्तर अनुगमन प्रणालीः</u>** नगरपालिकाको क्षेत्रमा खानेपानीको गुणस्तरलाई अनुगमन गर्ने कार्यबिधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५

## <u>खानेपानी महसुल र खानेपानी सेवाको व्यवस्थापन</u>

**२२. <u>खानेपानी तथा सरसफाइ महसुल निर्धारणः</u>** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता समितिको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) दफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख गरेको भएतापनि नगर सभाले निर्धारण गरेभन्दा बढी खानेपानी तथा सरसफाइ सेवाको महसुल लिन पाईनेछैन ।

**२३. <u>महसुल तथा शुल्क लिन पाउने:</u>** (१) नगपालिकाले निर्धारण गरे भन्दा बढी दररेटमा महसुल तथा सेवा शुल्क लिन पाउने छैन ।

(२) खानेपानी तथा सरसफाई उपभोक्ता समितिले आफ्नो सेवा क्षेत्रभित आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महससु लिन पाउने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि उपभोक्ता समिति वा सेवा प्रदायक संस्थाले सम्बन्धित वडा कार्यालयले विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि कम्तिमा २ कट्ठा जग्गा आफ्नो वा परिवारको नाउँमा रहेको वा परिवारको कुनै सदस्य नेपाल सरकारको संचित कोषबाट पारिश्रमिक वा लाभ लिने वा कम्तिमा मासिक १५ हजार वा वार्षिक २ लाख वरावरको आम्दानीको स्रोत भएको वा परिवारको कुनै सदस्य वैदेशिक रोजगारमा संलग्न भएको परिवार वा एकाघर परिवारको कुनै व्यक्तिको नाउँमा कुनै व्यवसाय सञ्चालनमा रहेको घरपरिवारको व्यक्तिलाई विपन्न भनि सिफारिस गर्न पाईनेछैन।

**२४. <u>मिनाहा वा छुट दिन सक्नेः</u>** (१) खानेपानी सेवा प्रदायक संस्थाले अघिल्लो आर्थिक वर्ष उठाउँदै आएको राजस्वको दररेट भन्दा कम दररेट नगरपालिकाले निर्धारण गरेको दररेट भन्दा कम हुनेगरी निर्धारण गर्न पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था भएता पनि प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, विपन्न परिवार वा सिमान्तकृत परिवार वा समितिको साधारण सभाले मिनाहा वा छुट दिनुपर्छ भनि निर्णय गरेको व्यक्ति वा संस्था मिनाहा वा छुट दिन बाधा पर्नेछैन ।

**२५. <u>असुल उपर गर्न सक्नेः</u>** यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित सेवा प्रदायक संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

**२६. <u>खानेपानी सेवाको व्यवस्थापनः</u>** (१) नगरपालिकाले उपभोक्ता समिति मार्फत उपभोक्ताहरुलाई नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाइ सेवा गराउनेछ ।

(२) उपदफा (१) बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ ।

(३) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा नगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधीमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

(४) खानेपानीमा सेवाको नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

(५) उपभोक्ता समितिबाट तत्काल मर्मत सम्भार गर्न नसक्ने मनासिव कारण देखाई उपभोक्ता समितिले नगरपालिकामा मर्मत सम्भारका लागि अनुरोध गरेमा नगरपालिकाबाट तत्काल प्राबिधिक टोली पठाई आवश्यक कार्य गर्न सक्नेछ ।

(६) खानेपानी सेवाको व्यवस्थापन सम्बन्धि अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था

**२७. पूर्वाधारको निर्माण वर्गिकरणः** (१) नगरपालिकाका खानेपानी आयोजनालाई लाभान्वीत घरधुरीका आधारमा देहाय बमोजिम वर्गिकरण गर्नुपर्नेछ ।

(क) ठुला आयोजनाः १००० घर परिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजनामा बर्गिकरण गरिनेछ ।

(ख) मझौला आयोजनाः १०० देखि १००० घर परिवार लाभान्वीत हुने आयोजनालाई मझौला आयोजनामा वर्गिकरण गरिनेछ ।

(ग) साना आयोजनाः १०० भन्दा कम घर परिवार लाभान्वित भएको आयोजनालाई साना तथा सामान्य आयोजनामा वर्गिकरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका साना आयोजनाहरु निर्माणका लागि नगरपालिका आफै र मझौला तथा ठूला आयोजनाको निर्माणका लागि बिस्तृत आयोजना प्रतिवेदन सहित संघ तथा प्रदेश सरकार र बिभिन्न विकास साझेदार निकायमा पेश गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जे सुकै लेखिएको भएता पनि साना आयोजना निर्माणका लागि संघ, प्रदेश सरकार र विकास साझेदार निकायलाई कार्य गर्न बाधा पर्नेछैन ।

**२८. समुदायको योगदान सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक खानेपानी आयोजना निर्माणमा स्थानीय समुदायले देहायका क्षेत्रमा कुल लागतको १० प्रतिसत जनश्रमदान गर्नुपर्नेछ ।

(क) गैर स्थानीय निर्माण समाग्री मोटर नआउने स्थानवाट ढुवानी,
(ख) स्थानीय सामाग्री संकलन तथा ढुवानी
(ग) पाईपलाईन खनाई तथा पुर्ने
(घ) अन्य अदक्ष कामदार सरहको कार्य
(२) उपदफा (१) बमोजिम श्रमदान जुटाउनका लागि लाभान्वीत घर परिवारलाई श्रमको बिभाजन गरी श्रमदानका लागि परिचालन गर्नुपर्नेछ ।

(३) श्रमदान गर्न असक्षम व्यक्तिहरु (अपांगता भएका व्यक्ति, बालबालिका, वृद्धबृद्धाहरु, दिर्घरोगीहरु आदि) ले भने श्रमदान गर्न पर्नेछैन ।

(४) उपदफा (३) बाहेकका व्यक्ति तथा परिवारले श्रमदान गर्न नसकेमा सो बराबरको नगद रकम उपभोक्ता समितिलाई बुझाउनु पर्नेछ ।

(५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारा सम्मको पाईपलाईन खनाई, १०० मिटर भन्दा बढी थप पाईप लाग्ने भए सो पाईप, मिटर तथा धारामा लाग्ने जि आई पाईप, टुटी लगाएतका सामाग्रीहरु सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ ।

**२९. उपभोक्ता समितिको मर्मत सम्भार तथा व्यवस्थापन कोष रहने:** (१) उपभोक्ता समितिको एक कोष रहने छ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाइ सेवा शुल्क, नगरपालिका र विभिन्न निकाय तथा संघ, प्रदेश, संघसंस्था वा समितिबाट प्राप्त रकम र कानून बमोजिम प्राप्त रकम जम्मा गर्नुपर्नेछ ।

(२) उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिका र विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ समितिसँग सहयोग प्राप्त गर्न सक्नेछन्

## परिच्छेद ७
## फोहरमैला व्यवस्थापन

**३०. फोहरमैला व्यवस्थापन गर्ने दायित्व :** (१) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य समितिजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य समितिले हानिकारक फोहरमैला, स्वास्थ्य समितिजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

**<u>३१. फोहरमैला संकलन केन्द्र तोक्ने:</u>** नगरपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नेछ ।

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र संकलन गर्ने समय र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) नगरको सम्पूर्ण वडाहरुको फोहोर संकलन र प्रसोधन कार्यको लागि कुनै स्थान छनौट गरिसकेपछि त्यसको प्रारम्भिक वातावरणीय परीक्षण नगरी प्रसोधन केन्द्र सञ्चालन गर्न पाईनेछैन । तर प्रारम्भिक वातावरणीय परीक्षण गरी फोहोर प्रसोधन केन्द्र सञ्चालन गर्न कसैले कुनै विरोध वा अवरोध गर्न पाईनेछैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रारम्भिक वातावरणीय परिक्षणको क्रममा गरिएको सार्वजनिक सुनुवाई वा कुनै समयमा फोहोरमैला ओसार पसारमा कुनै सुधारका कार्य गर्नुपर्छ भनि समुदायले भनेका कार्यहरु सुधार गर्नु, आवश्यक संरचना निर्माण गर्नु वा फोहोर व्यवस्थापन गर्ने क्रममा अपनाउनु पर्ने सावधानिहरु अपनाउनु नगरपालिका वा फोहोर प्रसोधनको लागि जिम्मा लिएको संस्थाको कर्तव्य हुनेछ ।

(६) नगरले सूचना गरेको सार्वजनिक सुनुवाईमा उपस्थित हुन सबै समुदायका नागरिकको कर्तव्य हुनेछ

**३२.<u> फोहरमैलाको ढुवानी :</u>** (१) संकलन केन्द्रमा जम्मा भएको फोहरमैलालाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा नगरपालिकाले व्यवस्था गरेको समिति वा संस्थाको हुनेछ ।

(२) फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहरमैला ढुवानी सम्बन्धी कार्यबिधि नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**३३.<u> फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगः</u>** नगरपालिकाले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग नगरपालिकाले समन्वय गर्नेछ ।

**३४. <u>फोहरमैला व्यवस्थापन स्थल:</u>** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र संकलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित काननको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

**<u>३५. सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिनेः</u>** (१) नगरपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, समितिसँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, समितिसँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्याकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

**<u>३६. दिसाजन्य लेदो तथा अन्य फोहरको व्यवस्थापन:</u>** (१) कसैले पनि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत, दिसाजन्य लेदो सहित वा रहितको फोहोर पानी ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुनलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन हुदैन ।

(२) उपदफा (१) बमोजिमको फोहर बिर्सजनका लागि अवलम्बन गरिने कार्यबिधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**<u>३७. ढल निकास सेवा सञ्चालनः</u>** नगरपालिकाका बजार क्षेत्रमा ढल निकासका लागि नगरपालिकाले स्थानीय समुदायको परामर्शमा उचित प्रबन्ध गर्नेछ ।

## परिच्छेद ७
## <u>अनुमतिपत्र सम्बन्धी व्यवस्था</u>

**३८.<u> अनुमतिपत्न लिनुपर्ने :</u>** (१) यस नगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक समितिले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना

वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम नगर कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता समितिले खानेपानी तथा सरसफाई आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिद्धारा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।
(३) यस नगरपालिकाको क्षेत्रभित वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित समितिले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा नगरपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी यस नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

**<u>३९ अनुमतिपत्न दिनुपर्ने :</u>** (१) दफा ३८ बमोजिम परेको निवेदनमा नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्तभित पर्ने विषय भई अनुमतिपत्त दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधी पश्चात् नगरपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ ।

(३) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित समितिले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम अनुमतिपत्र नलिएका संगठित समितिले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चलन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

**<u>४०. अनुमतिपत्र प्रदान नगरिने :</u>** (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता समितिद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित समितिलाई अनुमति प्रदान गरिएको क्षेत्रमा अर्को कुनैपनि संगठित समितिलाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा व्यवस्था गरिएको भएपनि अनुमति प्राप्त समितिले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो समिति विघटन भएमा वा अनुमतिपत्र प्राप्त समितिको

अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को समितिलाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छैन।

(३) उपभोक्ता समितिद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

**<u>४१ अनुमतिपत्र खारेज :</u>** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त समितिले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमतिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा नगरपालिकाको कार्यपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा नगरपालिकाको कार्यपालिकाले यस ऐन बमाजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त समितिलाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद ८
## <u>बिबिध</u>

**<u>४२. कसुर र सजाय :</u>** खानेपानी तथा सरसफाइसम्बन्धी कसुरको निर्धारण र दण्ड सजायसम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाइसम्बन्धी सङ्घीय  कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**<u>४३. सूचना अभिलेख प्रणालीः</u>** (१) नगरपालिका क्षेत्रको खानेपानी तथा सरसफाइ सम्बन्धि तथ्यांक अध्यावधीका लागि सूचना प्रबिधिको प्रयोग गर्न सक्नेछ ।

(२) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि तथ्यांक अध्यावधीका लागि एक सूचना अभिलेख प्रणालीको विकास गर्न सकिनेछ ।

**<u>४४. योजना निर्माणः</u>** नगरपालिकाले उपभोक्ता समिति र सरोकारवाला निकाय तथा संघ संस्थहरुसँग परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफनो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाइ योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

**<u>४५. विवरण उपलब्ध गराउने :</u>** (१) नगरपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत देहायको विवरणहरु सम्बन्धित सङ्घीय  मन्त्रालय समक्ष वार्षिक रुपमा उपलब्ध गराउने छ :

(क) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिहरुको संख्या र सोबाट लाभान्वीत जनसंख्या ।

(ख) अनुमतिपत्ल प्रदान गरिएका संगठित समितिको संख्या र सोबाट लाभान्वीत जनसंख्या ।

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेल र खानेपानी तथा सरसफाइ प्रणालीका सम्पूर्ण विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिने छ र यस्ता विवरणहरु आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाइसम्बन्धी विद्युतीय एकिकृत नक्शामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सकिनेछ ।

**४६. पुरस्कार सम्बन्धी व्यवस्थाः** खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ समिति वा समुदायलाई नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**४७. निर्देशन दिन सक्ने :** नगरपालिकाले उपभोक्ता समिति वा अन्य सेवा प्रदायक अन्य संघ समितिलाई खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ । **४८. अधिकार प्रत्यायोजन :** नगरपालिकाको प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

**४९. खानेपानी आयोजना र संरचनाको हस्तान्तण :** (१) नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोसम्बन्धी संरचनाहरु खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिलाई हस्तान्तरण गर्न सकिने छ ।

(२) व्यावसायिक तथा व्यपारिक प्रयोजनका लागि संगठित समितिले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित समितिले पाएको अनुमतिपत्रको अवधी सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिलाई हस्तान्तरण गर्न सकिने छ ।

**५०. नियम बनाउने सक्ने**: यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

**५१. प्रचलित कानून बमोजिम हुने**: लेदो व्यवस्थापन सम्बन्धी विषयमा यस ऐनमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

**५२. खारेजी र बचाउः** यो ऐन जारी हुनु भन्दा अगाडि नगरपालिकाबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए/गरेको मानिनेछ ।

# ३ स्वास्थ्य सेवा ऐन(**नमुना)**

**प्रस्तावना:** स्वस्थ जीवन यापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै, व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ, स्वस्थ एंव सुरक्षित वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै, स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत साधनको समुचित सदुपयोग गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क, आधारभूत स्वास्थ्य सेवा लातई स्थानीय तहमा व्यवस्थित, जनमुखी र प्रभाबकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नगरसभाले यो ऐन बनाई लागु गरेकोछ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ:** (१) यस ऐनको नाम "स्वास्थ्य सेवा ऐन, २०७९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) "आकस्मिक उपचार सेवा" भन्नाले बिरामीको जीवन खतरामा परेको वा कुनै अङ्ग अशक्त हुने अवस्थामा तत्कालै उपचार सेवाप्रदान गरी मृत्यु वा अशक्त हुनबाट जोगाउने उपचारात्क सेवाहरू पर्दछन्।

(ख) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले दफा ३ बमोजिमको सेवा सम्झनु पर्दछ।

(ग) स्वास्थ्य सेवा" भन्नाले नगरबासीको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुर्नस्थापनात्मक सेवा सम्झनुपर्छ।

(घ) "ऐन" भन्नाले स्वास्थ्य सेवा ऐन,२०७९ लाई सम्झनुपर्छ।

(ध्र) "कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(च) "गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले नगरपालिका क्षेत्रभित्र प्रचलित कानून बमोजिम सरकारको स्वीकृति रसञ्चालन अनुमति लिई गैह्रसरकारी तथा निजी लगानी वा स्वामित्वमा सञ्चालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ।

(छ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ।

(ज) "जंक फुड" भन्नाले फ्याट, चिनी, अजिना मोटो र अत्याधिक रङ्ग वा नुनको अत्यधिक मात्रा भएको प्रशोधित तयारी खाद्य सामग्री बुझि नेछ।

(झ) "जनस्वास्थ्य निरीक्षक" भन्नाले जनस्वास्थ्य संम्बन्धी अनुगमनको लागि तोकिएको पदाधिकारी सम्झनुपर्छ।

(ञ) "नगरपालिका'' भन्नाले ………… नगरपालिका सम्झनुपर्छ।

(ट) "नगरपालिका क्षेत्र" भन्नाले नगरपालिकाको भूभाग सम्झनुपर्छ।

(ठ) "प्रमुख" भन्नाले नगरपालिका प्रमुख सम्झनुपर्छ।

(ड) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदवाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनुपर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(ढ) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ।

(ण) "स्वास्थ्यमा प्रत्यक्ष रुपमा प्रतिकूल असर " भन्नाले सम्बन्धित गतिविधिको प्रत्यक्ष नतिजा स्वरुप पीडित पक्षलाई शारीरिक वा मानसिक रोग लागेको, चोटपटक लागेको, अंगभंग भएको वा मृत्यु भएको सम्झनुपर्छ।

(त) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारी रुपमा संचालित दफा ६ र दफा ८ बमोजिमका स्वास्थ्य संस्थालाई जनाउनेछ।

(थ) "शाखा" भन्नाले नगरपालिकाको स्वास्थ्य तथा सरसफाई हेर्ने शाखा सम्झनुपर्छ।

## परिच्छेद २

## आधारभूत स्वास्थ्य सेवा तथा सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवा:** (१) नगरपालिकाको कार्य क्षेत्रभित्र रहेको आधारभूत स्वास्थ्य सेवा पाउने हक भएको कुनैपनि नगरवासीलाई स्वास्थ्य सेवाबाट बञ्चित गरिनेछैन।

(२) प्रत्येक नगरवासी नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पँहुच हुनेछ।

(३) प्रत्येक नगरबासी नागरिकलाई नेपाल सरकारले तोकेका देहाय आधारभूत स्वास्थ्य सेवाहरु नि:शुल्क प्राप्त गर्ने हक हुनेछ।

(क) खोप सेवा,

(ख) नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन, पोषण सेवा सुरक्षित मातृत्व सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन तथा प्रजनन स्वास्थ्य सेवा

(ग) सरुवा रोगसंम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलङ्गता संम्बन्धी सेवा,

(ध्र) मानसिक रोगसंम्बन्धी सेवा,

(च) लागु औषध तथा दुर्व्यसन व्यवस्थापन सेवा,

(छ) जेष्ठ नागरिक स्वास्थ्यसंम्बन्धी सेवा,

(ज) सामान्य आकस्मिक अस्वस्थताको सेवा

(झ) स्वास्थ्य प्रवर्द्धन सेवा,

(ञ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ट) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(ठ) नसर्ने रोग न्युनीकरणका लागि फिटनेस सेन्टर / योग केन्द्र

(४) नेपाल सरकारले निर्धारण गरेको आधारभूत तथा उपचारात्मक स्वास्थ्य सेवासंम्बन्धी मापदण्ड, सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाहसंम्बन्धी अन्य व्यवस्था र प्रक्रिया बमोजिम नगरपालिकाले उपदफा (३) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन गर्नेछ।

(५) नेपाल सरकारले निर्धारण गरेका उपदफा (३) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा आवश्यकता अनुसार नगरपालिकाले निर्णय गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ।

(६) उपदफा (३) मा उल्लेख गरिएका सेवाका अतिरिक्त तोकिएको वर्ग, समूह, लिङ्ग वा नगरपालिका क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा समेत नगरपालिकाले नि:शुल्क उपलब्ध गराउन सक्नेछ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायक:** (१) नगरपालिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ

(क) शहरी स्वास्थ्य केन्द्र

(ख) स्वास्थ्य चौकी

(ग) नगर अस्पताल

(घ) रक्त सञ्चार केन्द्र

(ध्र) आयुर्वेदिक औषधालय

(च) सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी

(छ) सामुदायिक अस्पताल

(ज) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र जनता स्वास्थ्य केन्द्र

(झ) गाउँघर क्लिनिक

(ञ) क्षयरोग/ कुष्ठरोग उपचार केन्द्र

(ट) पोषण पुर्नस्थापना केन्द्र

(ठ) एच.आई.भि. युक्त मितहरुका लागी सामुदायीक हेरचाह केन्द्र

(ड) नसर्ने रोग न्युनीकरणका लागि फिटनेस सेन्टर / योग केन्द्र

(२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले निजी, गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासँग सहकार्य वा साझेदारी गर्न सक्नेछ

(३) नगरपालिकाभित्र नेपाल सरकारले सञ्चालन गरेका वा आधारभूत स्वास्थ्य सेवा दिन भनि सम्झौता गरिएका स्वास्थ्य संस्थामा कुनै पनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिने छैन।

**५. <u>नगरपालिकामा जनस्वास्थ्य शाखा:</u>** (१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐनबमोजिम स्वास्थ्य संम्बन्धी नगरपालिकाको अन्य गतिविधि सञ्चालन गर्नको लागि नगर कार्यपालिका मातहत एक जनस्वास्थ्य शाखा हुनेछ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार इकाईहरु बनाउन सक्नेछ।

## परिच्छेद ३
## <u>स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन</u>

**६. <u>स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन:</u>** (१) नगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगरपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(क) नगर अस्पताल

(ख) शहरी स्वास्थ्य केन्द्र

(ग) स्वास्थ्य चौकी

(घ) सामुदायिक इकाई

(ङ) आयुर्वेद औषधालय

(च) रक्त सञ्चार केन्द्र

(छ) सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी

(ज) सामुदायिक क्लिनिक

(झ) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र जनता स्वास्थ्य केन्द्र

(ञ) गाउँघर क्लिनिक

(ट) क्षयरोग/ कुष्ठरोग उपचार केन्द्र

(ठ) पोषण पुर्नस्थापना केन्द्र

(ड) HIV संक्त मितहरुका लागी सामुदायीक हेरचाह केन्द्र तोकिए बमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मापदण्ड संघीय सरकारले तोकेबमोजिम हुनेछ।

(३) नगरपालिकामा स्वास्थ्य सेवा सञ्चालनको लागि आवश्यकता अनुसार प्रत्येक वडामा कम्तीमा एक स्वास्थ्य संस्था रहने गरी कार्यपालिकाले स्वास्थ्य संस्थाहरु स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(४) नगरपालिकाले उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थावाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त तोकिए बमोजिमका अन्य सेवाको सुनिश्चितता गर्नेछ।

(५) हरेक स्वास्थ्य संस्थाले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक नि:शुल्क औषधिहरुको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक औषधिहरु सुपथ मूल्यमा उपलब्ध गराउनु पर्नेछ।

(६) औषधिसंम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**७. <u>स्वास्थ्य संस्था व्यवस्थापन:</u>** (१) नगरपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको एक स्वास्थ्य संस्था व्यवस्थापन समिति रहनेछ:

(क) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको अध्यक्ष — अध्यक्ष

(ख) महिला सदस्य मध्येवाट वडा समितिले तोकेको एक जना महिला सदस्य — उपाध्यक्ष

(ग) वडा समितिले छनोट गरेको सामाजिक स्वास्थ्य शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरु मध्ये कम्तीमा एक जना दलितको प्रतिनिधित्व हुने गरी दुई जना महिला सहित — चार जना सदस्य

(घ) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख — सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) नगरपालिका प्रमुख उपप्रमुख स्वास्थ्य संस्थाको संरक्षक रहनेछन।

(४) समितिको काम, कर्तव्य अधिकार र सोसंम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति लिनुपर्नेः** (१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथै तोकिएको प्रक्रिया पुरागरेको एकिन गरी नगरपालिका क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थालाई नगरपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था सञ्चालनको लागि इजाजतपत्र दिन सक्नेछः

(क) जनरल / प्राथमिक अस्पताल

(ख) नर्सिङहोम

(ग) निदानकेन्द्र

(घ) क्लिनिक

(ङ) औषधिपसल

(च) आयुर्वेदिक औषधालय/ वैकल्पिक सेवा

(छ) पुनर्स्थापनाकेन्द्र

(ज) पोलिक्लिनिक

(झ) मेडिकल ल्याब र डायग्नोष्टिक सेवा

(ञ) सामुदायीक स्वास्थ्य हेरचाह केन्द्र

(ट) नसर्ने रोग न्युनिकरणका लागि फिटनेस सेन्टर / योगकेन्द्र

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि कार्य गर्न पाउनेछैन।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्न दरखास्त दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा र तिर्नुपर्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा शाखाले तोकिएको प्रक्रियाका साथै नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड समेत पुरा भएको हुनुपर्नेछ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनुपूर्व नगरपालिकाको स्वास्थ्य संस्था व्यवस्थापन समितिले आवेदन परेकोमा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरे नगरेको विस्तृत अध्ययन गरी नगरपालिकालाई तिस दिनभित्र मा सिफारिस गर्न पर्नेछ।

(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको आवधिक प्रतिवेदन नगरपालिका समक्ष पेश गरी प्रत्येक आर्थिक वर्षमा दर्ता नवीकरण वा नवीकरण सिफारिस लिनुपर्नेछ।

(८) उपदफा (७) बमोजिम आवधिक प्रतिवेदन नियमित रुपमा नबुझाउने स्वास्थ्य संस्थाको नवीकरण तथा सिफारीस गरीने छैन।

(९) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा नगरपालिकाबाट अनुमति लिनुपर्नेछ।

(१०) यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्रभित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरु ऐन जारी भएको मितिले तीन महिनाभित्र नगरपालिकामा अनुमति लिई दर्ता गराउनु पर्नेछ।

(११) परम्परागत उपचार सेवा सञ्चालन गर्ने निकाय वा व्यक्तिले तोकिएको मापदण्ड र प्रक्रिया अनुरुप सेवा सञ्चालन स्वीकृति लिनुपर्नेछ।

९. **दर्ता सिफारिस लिनुपर्ने:** (१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजत पत्र लिई वा दर्ता भई सञ्चालन हुने निजीस्तरका स्वास्थ्य संस्थाले स्थापना, सञ्चालन र नवीकरणको लागि नगरपालिकाबाट सेवा सञ्चालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिस लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति वा दर्ता सिफारिस लिने निजी स्वास्थ्य संस्थाले मापदण्ड बमोजिमका सर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिशत शैयामा अनिवार्य रुपमा नगरपालिकाले सिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिकको निःशुल्क शैया र संस्थाभित्र प्राप्त हुने ल्याब परिक्षण निशुल्क गर्नु पर्नेछ।

## परिच्छेद ४
## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

१०. **गुणस्तर र पूर्वाधारको मापदण्ड पूरा गर्नुपर्ने:** (१) नगरपालिकाले स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्डबमोजिम सेवा गुणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ।

११. **अनुगमन गर्ने:** (१) नगरपालिकाले दफा(८) बमोजिम संचालान अनुमति लिई सञ्चालन भएका स्वास्थ्य संस्थाको चौमासिक अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्नेछ।

(२) नगरपालिकाले गुणस्तरीय कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समिति बनाई जुनसुकै बेला पनि नियमन, निरीक्षण र अनुगमन गर्न सक्नेछ।

(३) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तु स्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गरी आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

(४) नगरपालिकाले निरीक्षण, अनुसन्धान तथा अनुगमनबाट प्राप्त प्रतिवेदनका आधारमा आवश्यक निर्देशन दिने, मापदण्ड विपरित कार्य गरेमा संस्था बन्द गर्नेसम्मको आदेश दिन सक्नेछ।

(५) नगरपालिकाभित्र स्वास्थ्य क्षेत्रको अवस्था, प्रगति विवरण र स्वास्थ्य संस्थाको अनुगमन प्रतिवेदन समेत सम्मिलित वार्षिक प्रतिवेदन तयार गर्नेछ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष अन्त्य भएको छ महिनाभित्र कार्यपालिकाले नगरसभामा पेश गरी छलफल गर्नेछ।

१२. **सेवाशुल्क निर्धारण र पुनरावलोकन:** (१) नगरपालिकाले संघीय सरकारले तोकेको मापदण्ड अनुसार नगरपालिकाभित्र को स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्नेछ।

(२) कुनैपनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूल नहुने गरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई नगरपालिकालाई पूर्वजानकारी गराउनेछ।

(३) उपदफा (२) बमोजिम परिवर्तित निर्धारित शुल्कको सूची सबै सेवा ग्राहीले देख्ने स्थानमा राख्नु पर्नेछ।

## परिच्छेद ५
## सरसफाई, स्वास्थ्यजन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

१३. **सरसफाई तथा प्रदुषण रोकथाम:** (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फ्याँक्न पाउनेछैन।

(२) नगरपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा,संस्था तथा निकायको जिम्मेवारी हुनेछ।

(३) नगरपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि संघीय मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(४) कसैले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा नगरपालिकाले परिच्छेद १४ बमोजिम कारवाही र सजाय गर्नेछ।

(५) नगरपालिकाले सामुदायिक सरसफाई संम्बन्धी कार्यविधि र निर्देशिका बनाई लागु गर्नेछ।

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा परेको वा पर्न सक्ने असरको को जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारी सँग हुनेछ।

(७) जाँच परिक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल असर पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नु पर्नेछ।

**१४. <u>स्वास्थ्यजन्य फोहोर व्यवस्थापनः</u>** (१) स्वास्थ्य संम्बन्धी फोहोरमैलाको छुट्ट्याछुट्टै सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि नगरपालिकाले निर्देशिका बनाई लागु गर्नेछ।

(२) नगरपालिकाले स्वास्थ्य क्षेत्रवाट निष्काशित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसँग को सहकार्य र साझेदारी तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ६
## जनस्वास्थ्य निरीक्षण र प्रवर्द्धन

**१५. <u>जनस्वास्थ्य निरीक्षणः</u>** (१) नगरपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आमजनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ।

(२) खाद्य, वातावरण, पानीलगायत जनस्वास्थ्यका अन्य पक्षहरुको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले संघ तथा प्रदेशसँगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ्य निरीक्षकहरु परिचालन गर्न सक्नेछ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐनको दफा १३ र १४ को उल्ल˝न गरी जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ।

**१६. <u>खाद्यान्न तथा पानीको गुणस्तरः</u>** (१) नगरपालिकाले संघीय र प्रादेशिक मापदण्डको आधारमा नगरपालिका क्षेत्रभित्र बिक्री तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका बिक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्नेछ।

(२) नगरपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका बिक्रेता तथाआपूर्तिकर्तालाई सञ्चालन अनुमति दिनेछ।

(३) नगरपालिकाले नियमित रुपमा मापदण्ड पालना भए नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ।

(४) नगरपालिकाले योजना बनाई नगरपालिका क्षेत्रभित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार संम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गर्नेछ।

(५) नगरपालिकाले नगरपालिका क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षण र अनुगमन गर्नेछ।

(६) नगरपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ

(७) खाद्यान्न, मासु एवं पानीलगायतका उपभोग्य वस्तु उत्पादन, भण्डारण तथा बिक्रीवितरण गर्नेले नगरपालिकाले तोकेबमोजिमको न्युनतम मापदण्ड अनिवार्य पालना गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम तोकिएका मापदण्ड गल्ली, ठेला वा अन्य स्थान तथा साधनहरु प्रयोग गरी बिक्रीवित॑ण गर्ने बिक्रेतालाई समेत लागु हुनेछ।

(९) यस दफामा उल्लेखित संस्थाहरुले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्न सक्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारी सँग हुनेछ।

(१०) उपदफा (९) बमोजिम जाँच परिक्षण गर्दा निरीक्षकले संघीय सरकार तथा प्रदेश सरकारले तोकेको मापदण्डलाई आधार बनाउनु पर्नेछ।

(११) जाँच परिक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल असर पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको सञ्चालन अनुमति तोकेको समयका लागि कारवाहीका लागि सिफारिस गर्न सक्नेछ।

**१७. <u>अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः</u>** (१) नगरपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको बिक्री तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन मापदण्ड बनाई कार्यान्वयन गर्नेछ।

(२) बिक्रेताले सुर्ती तथा मदिरा जन्य पदार्थ विक्रि वितरणका लागि नगरपालिका वाट छुट्टै इजाजत पत्र लिनुपर्नेछ।

(३) खाद्य पदार्थ विक्रि गर्ने बिक्रेतालाई पसलमा सुर्ती तथा मदिरा जन्य पदार्थ बिक्रीवितरण गर्न बन्देज लगाउनेछ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्ति वितरण र प्रयोगमा नियन्त्रण एवं न्युनीकरण गर्न नगरपालिकाले निषेधित र विक्रि वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ।

(५) नगरपालिका क्षेत्रभित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन।

(६) अठार वर्ष मुनिका बालबालिका, गर्भवती र सुत्केरी महिलालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न पाइने छैन।

(७) विद्यालय लगायतका स्थानमा जंकफुडको बिक्रीवितरण, प्रचार र उपभोग निषेधित गरिनेछ।

(८) उपदफा (७) बमोजिम निषेधित क्षेत्रमा जंकफुडको बिक्रीवितरण, प्रचार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंकफुडको बिक्रीवितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई यो ऐन बमोजिम कारवाही हुनेछ।

(९) विद्यालय, स्वास्थ्य क्षेत्र तथा सार्वजनिक क्षेत्रको एक सय मिटर वरपर मदिरा तथा सुर्तिजन्य पदार्थ बिक्री वितरण गर्न पाइने छैन।

(१०) होटल, रेष्टुराँ, खुद्रा मदिरा पसल लगायत तोकिएका स्थानमा नगरपालिकाले तोकेको समय बाहेक अन्य समयमा मदिराजन्य पदार्थ खुद्रा बिक्रीवितरण तथा सेवन गर्न पाईने छैन।

## परिच्छेद ७

## <u>स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन</u>

**१८. <u>स्वास्थ्य पूर्वाधार र मापदण्डः</u>** (१) नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्यसंम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र सम्जर्धन गर्नेछ

(२) पूर्वाधार मापदण्डको आधारमा स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गर्नेछ।

(३) नगरपालिकाले नगरपालिकाको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्थाको वर्गीकरण तथा पूर्वाधार मापदण्ड अनुसार न्युनतम औजार उपकरणहरुको उपलब्धता सुनिश्चित गर्नेछ।

**१९. <u>जनशक्तिको व्यवस्थापनः</u>** (१) नगरपालिकाभित्र का स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ।

(क) स्थायी

(ख) करार

(ग) अभ्यासकर्ता / अनुसन्धानकर्ता

(घ) स्वयमसेवक / स्वयमसेविका

(२) नगरपालिकाले स्वीकृत संरचना अनुरुपको आवश्यक जनशक्ति स्थायी र करार कर्मचारीबाट पदपूर्ति गर्नेछ।

(३) नगरपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धित निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ।

(४) नगरपालिका क्षेत्रभित्र स्वास्थ्यकर्मीहरुको लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था गर्नु पर्नेछ।

(५) जनशक्ति व्यवस्थापनसंम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

२०. **कार्यसम्पादन करार गर्नुपर्ने:** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन नगरपालिकाले कार्यविधि बनाई कर्मचारीहरु सँग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्न सक्नेछ।

## परिच्छेद ८
## विपद व्यवस्थापन र जनस्वास्थ्य निगरानी

२१. **विपद व्यवस्थापन संयन्त्र:** (१) नगरपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदहरुको पुर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ।

(२) सम्भावित महामारीको जोखिम पहिचान गरी तिनको रोकथामको लागि अन्य संस्था तथा निकायसँगको सहकार्यमा योजना बनाई कार्यान्वयन गर्नेछ।

(३) नगरपालिकाले महामारी र विपदवाट थप क्षति हुन नदिन नगरपालिकाको संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ।

२२. **स्वास्थ्य आपतकाल:** (१) महामारीका कारण वा जनस्वास्थ्यमा अन्य कुनै करण गम्भीर खतरा देखिएमा प्रमुखले प्रदेश तथा संघीय सरकार सँग समन्वय गरी स्थानीय जनस्वास्थ्य अधिकारीको सिफारिसमा आफ्नो क्षेत्रभित्र स्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य आपतकाल घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो र कुन कुन क्षेत्रमा लागु हुनेहो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) स्वास्थ्य आपतकाल घोषणासंम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ।

(४) स्वास्थ्य आपतकालको समयावधि क्षेत्रलगायत तथा अन्य पक्षहरुमा उपलब्ध तथ्याङ्क तथा सूचनाका आधारमा थपघट वा हटाउन सकिनेछ।

(५) स्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिसमा प्रमुखले जारी गरेका जनस्वास्थ्यसंम्बन्धी आदेशहरुको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

## परिच्छेद ९
## औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण, नियमन

२३. **औषधि खरिद, भण्डारण र वितरण:** (१) नगरपालिकाले निःशुल्क वितरण गर्ने वा फार्मेसी मार्फत बिक्री गर्ने औषधिको सूची निर्धारण गरी औषधि तथा स्वास्थ्यजन्य उपकरणको खरिद, भण्डारण र वितरणको लागि नगरपालिकाले वार्षिक खरिद योजना बनाउनेछ।

(२) उपदफा (१) बमोजिमको औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन र औषधि संम्बन्धी प्रचलित ऐन कानून बमोजिम हुनेछ।

(३) स्वास्थ्य संस्थामा औषधि खरिद, आपूर्ति, भण्डारण तथा बिक्री गरिने औषधिको हकमा मूल्य निर्धारणको लागि निर्देशिका बनाई कार्यान्वयन गर्नेछ।

२४. **निःशुल्क औषधि:** (१) नगरपालिकाले निःशुल्क औषधि नगरभित्रका सार्वजनिक स्वास्थ्य संस्था मार्फत मापदण्ड बनाई वितरण गर्नेछ।

२५. **नियमन:** नगरपालिकाले संघीयत थाप्रादेशिक तहका प्रचलित कानून समेतलाई आधार मानी नगरपालिका क्षेत्रभित्र औषधिको बिक्री , वितरण तथा प्रयोगको नियमन गर्नेछ।

## परिच्छेद १०
## साझेदारी र सहकार्य

२६. **साझेदारी र सहकार्य गर्नसक्ने:** (१) नगरपालिकाले आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानूनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय , प्रादेशिक तथा संघीय तहमा कार्यरत निजी, सरकारी तथा गैरसरकारी संस्था तथा निकायसँग सहकार्य गर्न सक्नेछ।

(२) सेवा प्रवाहको सुलभता वा खर्च न्यूनीकरणको लागि नगरपालिकाले अन्य स्थानीय सरकारसँग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सकिनेछ।

(३) उपदफा (२) बमोजिमको सहकार्य गर्न नगरपालिकाले अन्य नगरपालिकासँग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमा खर्च बाँडफाँड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ।

२७. **सेवा खरिद सम्झौता गर्न सक्ने:** नगरपालिका क्षेत्रका बासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि नगरपालिकाले नगरपालिका क्षेत्रभित्र संचालित वा नगरपालिका आसपासमा पायक पर्ने स्थानमा संचालित निजी, गैरसरकारी, सामुदायिक, सरकारी वा सहकारी संस्थाले सञ्चालन गरेका स्वास्थ्य संस्थासँग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

२८. **विद्यालय स्वास्थ्य सेवा:** (१) नगरपालिकाले शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्न सक्नेछ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स संम्बन्धी व्यवस्थाको प्रकृति र मापदण्डहरु तोकिए बमोजिम हुनेछ।

२९. **घुम्ती शिविरसंम्बन्धी व्यवस्था:** (१) स्वास्थ्यसंम्बन्धी घुम्ती शिविर वा सेवाहरु सञ्चालन गर्न शाखाबाट पुर्व अनुमति लिनुपर्नेछ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरागर्नुपर्ने प्रक्रिया र मापदण्ड तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ११
## स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य प्रविधि, तथ्याङ्क र अभिलेख

३०. **तथ्याङ्क सङ्कलन र अभिलेखिकरण:** (१) नगरपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्यसंम्बन्धी तथ्याङ्क र अभिलेख सङ्कलन गरी नियमित रुपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग. बिरामी तथा सेवासंम्बन्धी तथ्याङ्क र अभिलेख नगर एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनु पर्नेछ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नु पर्नेछ।

(४) नगरपालिका, इजाजतपत्र प्राप्त स्वास्थ्य संस्था वा अनुमतिप्राप्त स्वास्थ्यकर्मीले सङ्कलन गरेको स्वास्थ्यसँग सम्बंन्धित व्यक्ति गत सूचना, कागजात तथा अभिलेखको गोपनीयताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा नगरपालिकाको दायित्व हुनेछ।

(५) नगरपालिकाले स्वास्थ्यसंम्बन्धी सूचनाहरु नियमित रुपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ।

(६) आपतकालिन जनस्वास्थ्यको सूचना नागरिकलाई यथासक्य चाडै जानकारी गराउनु पर्नेछ।

३१. **जानकारी पाउने हक:** (१) बिरामीलाई आफ्नो उपचारसंम्बन्धी सम्पुर्ण जानकारी पाउने हक हुनेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी उपलब्ध गराउनु स्वास्थ्य सेवा प्रदायकको कर्तव्य हुनेछ।

## परिच्छेद १२
## आकस्मिक स्वास्थ्य सेवा

३२. **<u>आकस्मिक सेवाबाट बन्देज नगरिने:</u>** (१) नगरपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि व्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको दायित्व हुनेछ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ।

(४) उपदफा (१) को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि नगरपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ।

३३. **<u>एम्बुलेन्स सेवा:</u>** (१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासँगको सहकार्यमा एम्बुलेन्स सेवा सञ्चालन गर्नेछ।

(२) शाखाले नगरपालिका क्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्सहरु नेपाल सरकार तथा नगरपालिकाले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन तथा नियमन गर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्सहरु संचालकले शाखामा दर्ता तथा वार्षिक नवीकरण गराउनु पर्नेछ साथै दर रेट नगरपालिकाले तोकेबमोजिम हुनेछ।

(४) नगरपालिकाले अन्य स्थानीय सरोकारवालाहरुसँगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम दर्ता तथा नवीकरण नभएका एम्बुलेन्स कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ।

## परिच्छेद १३
## <u>प्रेषण तथा उपचार प्रणाली</u>

३४. **<u>प्रेषण तथा उपचार प्रणाली:</u>** (१) १) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले त्यस्तो बिरामीलाई उपचार प्रदान गर्नसक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(३) नगरपालिकाले संघीय तथा प्रादेशिक कानून, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ।

(४) विपन्न नागरीक उपचार सहयोग संघ/प्रदेश र नगरपालिकाले तोकेबमोजिम हुनेछ

## परिच्छेद १४
## <u>कसूर र दण्ड सजाय</u>

३५. **<u>कसूर गरेको मानिने:</u>** (१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः

(क) दफा ८ बमोजिम इजाजत पत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ४६ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ध्) सेवाग्राहीको गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनुपर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधिबमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा १६ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा १७ उपदफा (५) विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा।

(ढ) स्वास्थ्य उपचार उपलब्ध गराउने क्रममा सेवा प्रदायक र सेवा प्रदायक संस्थामा कानून विपरितका कार्यहरु (हातपात, दुव्यवहार, तोडफोड) गरेमा,

(२) उपदफा (१) बमोजिमको कसूर गरेमा कसुरको मात्रा हेरी नगर प्रमुखले दश हजारदेखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ।

**३६. <u>पुनरावेदन:</u>** यस ऐनको दफा ३५ बमोजिम नगर प्रमुखले गरेको सजाय उपर चित्त नबुझेमा पैंतिस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद १५
## जनस्वास्थ्य बोर्ड

**३७. जनस्वास्थ्य बोर्डको गठन:** (१) नगरपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका उच्च अधिकारीहरु तथा विज्ञहरुको संलग्नता हुने गरी निम्नबमोजिमको जनस्वास्थ्य बोर्ड स्थापना गर्नेछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख | अध्यक्ष |
| (ख) | उपप्रमुख | उपाध्यक्ष |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | सामाजिक विकास समिति संयोजक | सदस्य |
| (ध्र) | कार्यपालिका सदस्य मध्ये एक जना महिला सदस्य | सदस्य |
| (च) | काननु शाखा प्रमुख वा कानूनी सल्लाहकार | सदस्य |
| (छ) | नगरअस्पताल प्रदेश अस्पतालको मे.सु. | सदस्य |
| (ज) | नगर शिक्षा शाखा प्रमुख | सदस्य |
| (झ) | शाखा प्रमुख | सदस्य सचिव |

(२) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) नगरपालिकामा स्वास्थ्य सुरक्षा, सम्बर्द्धन र सुधारसंम्बन्धी नीति निर्धारण गर्ने,

(ख) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(ग) राष्टिझय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(घ) जनस्वास्थ्यसंम्बन्धी राष्टिझय रणनीति, ढाँचा वा नियमनहरुलाई नगरपालिकामा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन, समन्वय तथा अनुगमन गर्ने,

(ध्र) रोगहरुको रोकथाम, प्रबर्धनात्मक कार्यलगायत जनस्वास्थ्यको सुधारसंम्बन्धी कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकार सँग आवश्यक सहयोग तथा परामर्श लिने।

(च) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

(३) बोर्डसंम्बन्धी अन्य कार्यविधि बोर्डले आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद १६
## विविध

**३८. <u>समन्वय गर्ने:</u>** संघीय तथा प्रादेशिक अभियानमा नगरपालिकाले समन्वय र सहयोग पुर्‍याउनेछ।

३९. **नियम बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनको लागि नगरपालिकाले आबश्यक नियम बनाउन सक्नेछ।

४०. **मापदण्ड र निर्देशिका बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक मापदण्ड र निर्देशिका बनाउन सक्नेछ।

४१. **स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने:** नगरपालिकाले लक्ष्य निर्धारण गरी योजना निर्माण, कार्यान्वयन, मूल्याङ्कन तथा समीक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार स्वास्थ्य/जनस्वास्थ्यसंम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनस्थापनासंम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

४२. **आमा तथा शिशु सुरक्षा कार्यक्रम सञ्चालन गर्ने:** (१) नगरपालिकाले गर्भवती महिला, आमा र शिशुको लागि पोषण तथा स्वास्थ्य सुरक्षा कार्यक्रमको सञ्चालन र प्रवर्द्धन गर्नेछ।

(२) नगरपालिकाले योजना बनाई स्तनपान प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नेछ।

(३) नगरपालिकाले योजना बनाई नगरपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्युनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनर्स्थापनाको कार्यक्रम सञ्चालन गर्नेछ।

४३. **सामाजिक सुरक्षा र स्वास्थ्य बिमा:** (१) नगरपालिका क्षेत्रका सबै बासिन्दालाई स्वास्थ्य वीमा ऐनले तोकेबमोजिम अनिवार्य स्वास्थ्य बिमामा आवद्ध गराउनु नगरपालिकाको दायीत्व हुनेछ।

(२) नगरपालिकाले सम्बन्धित निकायसँगको सहकार्यमा सामाजिक सुरक्षासंम्बन्धी जनचेतनाका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) नगरपालिकाले आर्थिक रुपले विपन्न तथा तोकिएका अन्य लक्षित समूहको स्वास्थ्य बिमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरुसँग समन्वय गर्नेछ।

(४) महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, आर्थिक सामाजिक र शैक्षिक रुपमा विपन्न वर्ग र अन्य लक्षित समूहहरुका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

(५) नगरपालिकाले विशेष संरक्षणको आवश्यकता भएका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, अशक्त र अन्य लक्षित समूहहरुका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्नेछ।

४४. **सेवाग्राहीको कर्तव्य:** (१) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु नगरपालिकाभित्र का प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई कसैले पनि बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गर्न पाईने छैन।

(४) उपदफा (३) बमोजिमका व्यक्तिहरुको बारेमा नगरपालिकालाई सूचना दिने, स्वास्थ्य संस्थामा लैजाने, उपचार गर्ने गराउने, उपचार खर्च दिने र स्वस्थ रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु प्रत्येक संरक्षकको दायित्व हुनेछ।

४५. **सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्व:** (१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सबै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु सबै स्वाथ्यकर्मीको कर्तव्य हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकीकरण गर्न सक्नेछ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ।

४६. **स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने:** स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन।

४७. **गुनासो व्यवस्थापन:** नगरपालिकाले स्वास्थ्य सेवा, सरसफाई र जनस्वास्थ्य सँग सम्बन्धित गुनासो र उजुरीको सङ्कलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोक्नेछ।

४८. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिएजति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

४९. **क्षतिपूर्ति दिनुपर्ने:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रुपमा प्रतिकूल असर गरेमा वा समयमा सेवा नदिएमा निजलाई न्यायिक समितिले क्षतिपूर्ति दिलाउन सक्नेछ।

५०. **खारेजी र बचाउ:** (१) स्वास्थ्य सेवा ऐन, २०७५ खारेज गरिएको छ।

(२) स्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भएको मानिने छ।

## ४ मानव मलमुत्रीय फोहोर व्यवस्थापन विनियम (नमुना)

प्रस्तावना :
नेपालको संविधानले सुरक्षित पानी र सरसफाइको पहुँचलाई निम्न बमोजिम आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ ।

**सफा वातावरणमा बाँच्न पाउने अधिकार :**

धारा ३० (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ ।

(२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**स्वास्थ्य सम्बन्धी हक :**

धारा ३५ (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने छ ।

"स्वच्छ, सफा, समृद्ध, सुन्दर नगर"- नगरपालिकाले यही लक्ष्य प्राप्तिका लागि स्थलगत मानव मलमूत्रीय फोहोर को सुरक्षित व्यवस्थापन गरी जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने जोखिमको न्यूनीकरण गर्न यस विनियम अनुरुप सरसफाइका सेवाहरु सञ्चालन तथा नियमन गरिनेछन् । तसर्थ, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगर सभाको बैठकद्वारा यस मानव मलमुत्रीय फोहोर व्यवस्थापन विनियम स्वीकृत गरिएको छ र नगरपालिका भर यस विनियम लागू गर्नका लागि जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो विनियमको नाम "मानव मलमूत्रीय फोहोर व्यवस्थापन विनियम" भनिने छ ।

२) यो तुरुन्त प्रारम्भ हुनेछ ।

३) यस विनियमको कार्यक्षेत्र मुख्यतया ढल रहितको स्थलगत सरसफाइमा सीमित छ र यसले निम्न उल्लेखित कुराहरुलाई समेट्दछ :

- उचित मापदण्ड अनुरुप मानव मलमूत्रीय फोहरको सुरक्षित सङ्कलन, संकलन, ढुवानी, प्रशोधन, तथा पुनः प्रयोग वा सुरक्षित विसर्जन
- मानव मलमूत्रीय फोहोर व्यवस्थापनका उपयुक्त अभ्यासहरुको प्रवर्द्धन

४) यस विनियममा नगरपालिकाभित्रका निम्न संरचनाहरु समेटिएका छन् :

क) आवासीय तथा बहालसहितका सबै संरचनाहरु

ख) व्यवसायिक तथा व्यापारिक संस्थाहरु

ग) औद्योगिक संस्थाहरु

घ) सरकारी तथा संस्थागत संरचनाहरु

ङ) सार्वजनिक शौचालय र,

च) अन्य कुनै पनि भवन वा संरचना जुन मानव मलमूत्रीय फोहोरको श्रोत हुन सक्दछ ।

यस विनियमले ठोस फोहोरको विसर्जन, ढल सहितको सरसफाइ, सतही पानी, विशेष प्रकार प्रशोधन आवश्यकता पर्ने औद्योगिक फोहोरपानी वा घरेलु वा व्यवसायिक खेतीबाट निष्काशित पशुजन्य फोहोर भने समेट्दैन । यद्यपि, यी विषयहरुलाई सम्बोधन गर्नका लागि छुट्टै नीतिको विकास गर्न आवश्यक छ । विशेषतः सतही पानीले फोहोरपानी प्रशोधन प्रणाली सञ्चालनमा समेत असर पार्न सक्दछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा

क) मानव मलमूत्रीय फोहोर (Faecal Sludge) भन्नाले स्थलगत सरसफाइ अन्तर्गत सङ्कलन ट्यांकहरु जस्तै सेप्टिक ट्यांक, होल्डिंग ट्यांक, साधारण खाल्डो आदिमा जम्मा भइरहेको अर्धठोस (लेदो) फोहोर बुझ्नु पर्दछ । जसमा मानव मलमूत्रको साथै दिसा बगाउन प्रयोग भएको पानी, दिसा धुन प्रयोग हुने पानी वा पदार्थ र अन्य फोहरमैला वा फोहरपानी समेत मिसिएको हुन सक्छ ।

ख) सेप्टेज (Septage) भन्नाले संकलनका विभिन्न प्रविधिहरुमध्ये सेप्टिक ट्यांकमा सङ्कलन भएको लेदो जसमा मानव मलमूत्र, दिसापिसाब बगाउन प्रयोग भएको पानी र दिसापिसाब सफा गर्न प्रयोग गरिएको पानी वा वस्तुहरुसमेत हुन सक्छन् भन्ने बुझ्नु पर्दछ ।

ग) निष्काशित फोहोरपानी (Effluent) भन्नाले पूर्ण वा आंशिक प्रशोधनपछि सेप्टिक ट्यांक वा सङ्कलन ट्यांक वा प्रशोधन केन्द्रबाट बाहिर निस्कने वा बग्ने फोहोरपानी बुझ्नु पर्दछ ।

घ) मानव मलमूत्रीय फोहोर व्यवस्थापन (Faecal Sludge Management) भन्नाले मानव मलमूत्रीय फोहोरलाई सङ्कलन गर्ने, सङ्कलित फोहोरलाई खाली गर्ने, प्रशोधन केन्द्रसम्म ढुवानी गर्ने, प्रशोधन गर्ने, र सुरक्षित विसर्जन वा पुनःप्रयोग गर्ने कार्यलाई समग्रमा मानव मलमुत्रीय फोहोरव्यवस्थापन बुझ्नु पर्दछ ।

ङ) मानव मलमूत्रीय फोहोर प्रशोधन केन्द्र (Faecal Sludge Treatment Plant) भन्नाले मानव मलमूत्रीय फोहोर प्रशोधन गरी सुरक्षित विसर्जन गर्न वा पुनःप्रयोग गर्न सकिने बनाउने विधि र प्रविधि समेत भएको निश्चित स्थल वा केन्द्र बुझ्नु पर्दछ ।

च) स्थलगत सरसफाइ प्रणाली (On-site Sanitation System) भन्नाले मानव मलमूत्रीय फोहोरलाई उत्पादन स्थलमै व्यवस्थित सङ्कलन र पूर्ण वा आंशिक प्रशोधन गर्ने सरसफाइ पद्धति बुझ्नु पर्दछ ।

छ) सरसफाइ सेवा प्रदायक (Sanitation Service Provider) भन्नाले सेप्टिक ट्यांक बनाउन, सेप्टिक ट्यांक सफा गर्न, मानव मलमूत्रीय फोहोरलाई त्यसलाई प्रशोधन केन्द्रसम्म ढुवानी सेवा प्रदान गर्न वा मानव मलमूत्रीय फोहोर प्रशोधन केन्द्र सञ्चालन गर्नका लागि सम्बद्ध निकायबाट वैधानिक अनुमति पाएको व्यक्ति वा संस्था बुझ्नु पर्दछ ।

ज) सरसफाइ सेवा श्रृंखला (Sanitation Service Chain) भन्नाले मानव मलमूत्रीय सङ्कलन फोहरको व्यवस्थित सङ्कलन, सङ्कलन, ढुवानी, प्रशोधन र सुरक्षित विसर्जन वा पुनःप्रयोग गर्न आवश्यक पर्ने सबै चरण/प्रक्रियाहरु बुझ्नु पर्दछ ।

झ) सेप्टिक ट्यांक (Septic Tank) भन्नाले मानव मलमूत्रीय फोहोरलाई व्यवस्थित सङ्कलन गर्नको लागि निर्माण गरिने पानी नचुहिने एक प्रकारको आयाताकार संरचना बुझ्नु पर्दछ । जसले यसमा सङ्कलन भएको फोहोरलाई आशिक मात्रामा प्रशोधन समेत पर्दछ। यो विनियममा तोकिएका प्राविधिक मापदण्ड र निर्देशनहरुअनुरुपको नक्सा बनाएर निर्माण गरिन्छ ।

ञ) Wastewater भन्नाले दैनिक मानवीय क्रियाकलाप र वस्तु उत्पादनको क्रममा उत्पादन हुने तरल फोहोर बुझ्नु पर्दछ जसमा मानव, पशु वा तरकारीजन्य फोहोरमैलाको साथै मानवीय मलमूत्र र विभिन्न प्रकारका रसायनहरुसमेत मिसिएको हुन्छ ।

ट) ढल (Sewer) भन्नाले फोहोरपानी व्यवस्थित सङ्कलन, ढुवानी र निकासको लागि ओछ्याइएका खुल्ला वा छोपिएका आयाताकार संरचना वा पाइपहरु बुझ्नु पर्दछ ।

ठ) ढलनिकास (Sewerage) भन्नाले फोहोरपानीलाई व्यवस्थित सङ्कलन गर्न, ढुवानी गर्न, प्रशोधन गर्न बनाइएका समग्र संरचनाहरु बुझ्नुपर्दछ ।

## परिच्छेद २
## आधारभूत सिद्दान्तहरु

### ३ नगरपालिकास्तरीय समावेशी सरसफाइको सिद्धान्त (Municipality-wide Inclusive Sanitation Principles)

१) नगरपालिकाले नगरपालिकास्तरीय समावेशी सरसफाइको सिद्धान्त अवलम्बन गर्नेछ। जहाँ प्रत्येक नागरिकले सुरक्षित सरसफाइ र स्वच्छता अभ्यासको प्रवर्द्धनको जिम्मेवारी र पर्याप्त सरसफाइ सेवा शृङ्खला (Sanitation Service Chain) को फाइदाबारे बुझ्नेछन् । जसअन्तर्गतः

- मानव मलमूत्रीय फोहोरलाई समग्र सरसफाइ सेवा शृङ्खला सुरक्षित व्यवस्थापन गरिन्छ,

- प्रभावकारी ढङ्गले स्रोत पुनरुत्थान र पुनःप्रयोगमा ध्यान दिइन्छ,
- अनुकूल, मिश्रित र वृद्धिशील अवधारणाको लागि प्राविधिक विविधतालाई अवलम्बन गरिन्छ,
- समाधानको उपायको रुपमा केन्द्रीकृत वा विकेन्द्रीकृत प्रणाली अपनाएर ढलरहित र ढलसहितको सरसफाइलाई संयुक्त रुपमा समेट्छ ।

२) नगरपालिकाले नगरपालिकास्तरीय समावेशी सरसफाइको अङ्गको रुपमा अवस्था विश्लेषण र सरसफाइ सुधार योजना तयार पार्नेछ ।

३) आवासीय, व्यवसायिक/व्यापारिक, औद्योगिक, सरकारी/संस्थागत र सार्वजनिक संस्थाहरुबाट उत्पादित मानव मलमुत्रीय फोहोरलाई बिना प्रशोधन खुला ढल वा नदीनाला वा जमिनमा मिसाउन पाइनेछैन ।

४) ढलसहितको क्षेत्र र सरसफाइका अन्य प्रमाणित विधि वा प्रविधि जडान भएको अवस्था बाहेक ढलरहित क्षेत्रभित्र रहेका सबै प्रकारका आवासीय, व्यवसायिक/व्यापारिक, औद्योगिक, सरकारी/संस्थागत र सार्वजनिक संस्थाहरुको परिसरभित्र नगरपालिकाले तोकिए बमोजिम वा सो भन्दा उच्चस्तरीय सेप्टिक ट्यांक वा अन्य प्रमाणित प्रशोधन विधि वा प्रविधिको व्यवस्था हुनुपर्नेछ ।

५) सेप्टिक ट्यांक जुनसुकै समयमा आवश्यक निरीक्षण, संचालन र मर्मतसंभार गर्न सहज हुनुपर्दछ र यसमाथि कुनै संरचना निर्माण गर्न पाइनेछैन वा कुनै प्रकारको अवरोध हुनुहुँदैन । अधिकतम प्रभावकारी संचालन र सेप्टिक ट्यांक भरिएर फोहोरबाहिर निस्कने संभावनालाई रोक्नको लागि सेप्टिक ट्यांकलाई तोकिएको अन्तरालमा नियमित रुपले सफा वा खाली गर्नुपर्नेछ। कुनै पनि घर वा संरचना किनबेच प्रक्रियाको लागि स्तरीय सेप्टिक ट्यांक पूर्वशर्त हुनेछ ।

६) नगरस्तरीय समावेशी सरसफाइ कार्यान्वयन तथा प्रवर्द्धनका लागि नगर पालिकाले अन्य सरकारी निकायहरु तथा विकास साझेदार संस्थाहरु (निजी, गैरसरकारी, अनुसन्धानात्मक आदि) सँग सहकार्य गर्न सकिनेछ।

## परिच्छेद ३
## भण्डारण (Containment)

### ४ भण्डारण प्रविधि सम्बन्धी व्यवस्था :

१) NEPAL NATIONAL BUILDING CODE (NBC 208: 2003, Sanitary and Plumbing Design Requirements) अनुसार ढलरहित क्षेत्र अन्तर्गत रहेका कुनै पनि संरचनावाट निस्किने फोहोर पानीलाई सेप्टिक ट्यांक, स्टेबलाइज्ड पन्ड (Stabilized Pond) वा सम्बन्धित आधिकारिक संस्थाबाट स्वीकृत प्रविधि मार्फत् प्रशोधन गरिएको हुनुपर्नेछ ।

२) स्थानीय सरकार संचालन ऐन २०७४ को परिछेद ७ को दफा २९ अनुसार नक्सामा खुलाउनुपर्ने नयाँ भवन निर्माण गर्न नक्सामा अन्य कुराहरुको अतिरिक्त सो भवनको छुट्टै चर्पी र सकपिट तथा

त्यस्तो भवन अर्को भवनसँग अर्को भवनसँग जोडी बनाउने भएमा सो भवनको छुट्टै किलास रहनेगरी नक्सामा खुलाउनु पर्नेछ ।

३) नयाँ संरचना : ढलरहित क्षेत्र अन्तर्गत बन्ने कुनै पनि नयाँ संरचनाहरुमा सेप्टिक ट्यांक वा सो सरह वा सो भन्दा उच्चस्तरीय प्रशोधन प्रविधि जडान गर्नुपर्नेछ। अन्यथा कुनै पनि भवन वा संरचनाले सेप्टिक ट्यांक बिना भवन निर्माणको लागि अनुमति पाउने छैन ।

४) विद्यमान संरचनाहरु यो विनियम लागु हुँदाको मितिमा विद्यमान संरचनाहरुले आफ्नो परिसरभित्र तोकेबमोजिमको स्तरीय सेप्टिक ट्यांक अनिवार्य रुपमा बनाउनु पर्नेछ । विद्यमान् संरचनाहरुको हकमा निम्न अवस्थामा तत्काल सुधार वा स्तरोन्नति अनिवार्य हुन्छ ।

क. विद्यमान् स्थलगत सरसफाइ प्रणालीले वातावरण र जनस्वास्थ्यमा उच्च जोखिम पारेको अवस्थामा
ख. सम्पति बिक्री गर्ने भएमा
ग. ५० प्रतिशत वा सोभन्दा बढी मात्रामा भवनको पुनःनिर्माण वा तला थप गर्नु परेमा
घ. नगरपालिकाले आवश्यक ठानेमा

**५ सेप्टिक ट्यांकको डिजाइन :** सेप्टिक ट्यांकको डिजाइन नगरपालिकाको भवन निर्माण निर्देशिकामा उल्लेख भए बमोजिमको हुनुपर्नेछ। स्तरीय सेप्टिक ट्यांक भन्नाले निम्न विशेषता भएको संरचना हुनेछ ।

- सेप्टिक ट्यांकी पानी प्रतिरोधी (Water Seal) हुनुपर्दछ ।
- सेप्टिक ट्यांकी न्यूनतम २ खण्डे र न्यूनतम १.४ मिटर गहिरो भएको हुनपर्दछ ।
- सेप्टिक ट्यांकीको साथमा सोकपिट हुनुपर्दछ ।
- सेप्टिक ट्यांकको साइज आवश्यकताअनुरुप डिजाइन गरिएको हुनुपर्दछ ।

## परिच्छेद ४

## मानव मलमूत्रीय फोहोर सङ्कलन र ढुवानी

(Desludging and Transportation)

**६ मानव मलमूत्रीय फोहोर सङ्कलन र ढुवानी सम्बन्धी व्यवस्था :**

१) संरचना प्रयोगकर्ताले ३ वर्षमा कम्तीमा एक पटक सेप्टिक ट्यांक सफा गर्नुपर्नेछ ।

२) यदि नगरपालिकाले सेप्टिक ट्यांक सफा गर्नुपर्ने आवश्यकता महसुस गरेमा जनस्वास्थ्य र वातावरण संरक्षणको निमित्त कुनै पनि समयमा सो कार्य गराउनका लागि बाध्य बनाउन सक्नेछ ।

३) मानव मलमूत्रीय फोहोर ढुवानीमा प्रयोग हुने यातायातको साधन गुणस्तरयुक्त एवम् निश्चित प्रयोजन उल्लेख भएको र Tracking System जडित हुनेछ ।

४) नियमित र निर्धारित समयमा सेप्टिक ट्यांक रित्याउने कार्यको सुनिश्चितताको लागि तथ्याङ्कमा आधारित जानकारीमूलक डिजिटल प्रणाली अवलम्बन गर्नेछ ।

५) अनुमति प्राप्त सेवा प्रदायकले सङ्कलित मानव मलमूत्रीय फोहरलाई नगरपालिकाद्वारा तोकिएको प्रशोधन केन्द्रमा लगेर विसर्जन गर्नु पर्नेछ ।

६) अन्य नगरपालिकासँग सम्झौता भएको हकमा मात्रै अन्य नगरपालिकाबाट सङ्कलित मानव मलमूत्रीय फोहोर तोकिएको प्रशोधन केन्द्रमा विसर्जन गर्न सकिनेछ ।

७) अनधिकृत रुपमा निषेधित क्षेत्रमा मानव मलमूत्रीय फोहोर विसर्जन गरेको पाइएमा नगरपालिकाले नियम बमोजिम कारवाही गर्नेछ।
८) सेप्टिक ट्यांक सफाइ सेवा प्रदायकले सर्वसाधारण र सफाइकर्मीको स्वास्थ्य र सुरक्षालाई ध्यानमा राखी उत्कृष्ट अभ्यास अवलम्बन गर्नुपर्नेछ ।

## परिच्छेद ५
## प्रशोधन, विसर्जन र पुनःप्रयोग
(Treatment, Disposal and Reuse)

**७ प्रशोधन, विसर्जन र पुनः प्रयोगसम्बन्धी व्यवस्था :**

१) नगरपालिकाले घरेलु फोहोर पानी व्यवस्थापन सम्बन्धी NS/ISO 24521 निर्देशिका र खानेपानी मन्त्रालयद्वारा जारी मानव मलमूत्रीय फोहोर व्यवस्थापन सम्बन्धी संस्थागत र नियामक खाका - अनुसूची २) बमोजिम प्रशोधन केन्द्र निर्माण तथा संचालन गर्नेछ ।

२) प्रशोधन केन्द्रद्वारा निष्काशित फोहोर पानी सरकारद्वारा निर्धारित फोहोर पानी विसर्जन मापदण्ड भित्र पर्ने गरी प्रशोधन विधि र प्रविधि सुनिश्चित गर्नेछ ।

३) नगरपालिकाले नियमित रुपमा प्रशोधन केन्द्रको कार्यक्षमता र संचालन प्रक्रियाको जाँचबुझ गरी आवश्यकता अनुसार प्रशोधन केन्द्रको पुनर्मूल्याङकन आधारमा मर्मत गर्ने, गराउनेछ ।

४) नगरपालिकाले प्रशोधन केन्द्र संचालन र प्रशोधित वस्तुको पुनःप्रयोग एवम् बजारीकरणको लागि निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी गर्न सक्नेछ ।

## परिच्छेद ६

## सेवा शुल्क (Service Tax)

**८ सेवा शुल्कसम्बन्धी व्यवस्था :**

१) आवासीय, व्यवसायिक/व्यापारिक, औद्योगिक, सरकारी/संस्थागत र सार्वजनिक संस्थाहरुबाट निस्किएको मानव मलमूत्रीय फोहोरको यथोचित व्यवस्थापनको लागि नगरपालिकाले आवश्यक सरसफाइ शुल्क लगाउन सक्नेछ ।

२) नगरपालिकाले मानव मलमूत्रीय फोहोर व्यवस्थापनको दिगो व्यवसायिक योजना तर्जुमा गरी उचित शुल्क र शुल्क सङ्कलन विधि निर्धारण गरी लागू गर्नेछ ।

३) नगरको मानव मलमूत्रीय फोहोर व्यवस्थापन लगायत समग्र सरसफाइ क्रियाकलाप, विधि र प्रविधिलाई दिगो र व्यवस्थित रुपमा सञ्चालन र मर्मतसंभार गर्नको लागि छुट्टै कोष खडा गर्न सक्नेछ।

## परिच्छेद ७

## सुपरीवेक्षण र मूल्यांकन (Supervision and Monitoring)

**९ सुपरीवेक्षण र मूल्याङ्कनसम्बन्धी व्यवस्था :**

१) यस विनियम लागू भएपछि नगरपालिकाले यसका प्रावधान अनुसार सेप्टिक ट्यांक निर्माण, संचालन लगायत मानव मलमूत्रीय फोहोर व्यवस्थापनको समग्र सरसफाइ शृङ्खलाको नियमित निरीक्षण एवम् मूल्याङ्कन गर्नेछ ।

२) यसको लागि सङ्कलन गरिनुपर्ने र अभिलेखीकरण गर्नुपर्ने जानकारी देहाय बमोजिम हुनेछन्:

- नगरपालिकाको सरसफाइ अवस्थाको नियमित अध्ययन, विश्लेषण, अभिलेखीकरण र अद्यावधिक गर्ने ।
- प्रशोधन केन्द्रमा भित्रिएको र प्रशोधन गरिएको मानव मलमूत्रीय फोहोरको मात्रा र गुणस्तर।
- सेप्टिक ट्यांक खाली गरेको र ढुवानी सम्बन्धी दर्ता, सङ्कलित मानव मलमूत्रीय फोहोरको मात्रा, स्थान वा घर वा संरचना ।
- राजस्व सङ्कलन र सञ्चालन खर्च ।

## परिच्छेद ८

## <u>दण्ड जरिवाना (Penalties)</u>

**१० <u>दण्ड जरिवानासम्बन्धी व्यवस्था :</u>**

१) यस विनियमले निम्न कार्यहरुलाई पूर्णतः निषेध गरेको छः

- यस विनियमद्धारा तोकिए अनुरुप सेप्टिक ट्यांक खाली नगर्नु ।
- भरिएको सेप्टिक ट्यांक तत्काल खाली नगरी वातावरण प्रदूषण/दुर्गन्धित हुनु ।
- आवासीय, व्यवसायिक/व्यापारिक, औद्योगिक, सरकारी/संस्थागत र सार्वजनिक संस्थाहरुबाट उत्पादन हुने मानव मलमूत्रीय फोहोर खुला वातावरणमा विसर्जन गर्नु ।
- आवासीय, व्यवसायिक/व्यापारिक, औद्योगिक, सरकारी/संस्थागत र सार्वजनिक संस्थाहरुमा विद्यमान स्थलगत सरसफाइ प्रविधिलाई यस विनियममा तोकिएबमोजिम स्तरोन्नति नगर्नु,
- आधिकारिक निकायको अनुमति बिना सेप्टिक ट्यांक खाली गर्नु, गराउनु र मानव मलमूत्रीय फोहोरलाई ढुवानी गर्नु, गराउनु
- तोकिएको स्थान बाहेक अन्यत्र मानव मलमूत्रीय फोहोर विसर्जन गर्नु गराउनु ।

२) यस विनियमको प्रावधान पालना नगर्ने सबै प्रकारका आवासीय, व्यवसायिक/व्यापारिक, औद्योगिक, सरकारी/संस्थागत र सार्वजनिक संस्थाको धनी वा प्रयोगकर्तालाई प्रत्येक नियम उल्लङ्घनका लागि देहाय बमोजिम जरिवाना र सजाय गर्न सकिनेछ ।

क) आवासीय घरधनीहरु

- पहिलो पटक नियम उल्लंघन नगरपालिकामा उपस्थित गराई सचेत गराउने ।
- दोस्रो पटक नियम उल्लंघन जरिवाना रु. ५०००।-
- तेस्रो पटक नियम उल्लंघन जरिवाना रु. १५,०००।- र/वा नगरपालिका आधारभूत सेवासुविधाहरूबाट बंचित गर्ने ।

ख) व्यवसायी, व्यापारी, उद्योगी

- पहिलो पटक नियम उल्लंघन नगरपालिकामा उपस्थित गराई सचेत गराउने ।
- दोस्रो पटक नियम उल्लंघन जरिवाना रु. १०,०००।- (आवासीय भन्दा दोब्बर)
- तेस्रो पटक नियम उल्लंघन जरिवाना रु. ३०,०००।- (आवासीय भन्दा दोब्बर) र/वा व्यवसाय नवीकरण रोक्ने, रद्द गर्ने वा खारेज गर्ने वा सोको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ग) सेप्टिक ट्यांक खाली तथा ढुवानी कर्ता

- पहिलो पटक नियम उल्लंघन- नगरपालिकामा उपस्थित गराई सचेत गराउने ।
- दोस्रो पटक नियम उल्लंघन (आवासीय भन्दा दोब्बर) जरिवाना रु. १०,०००।-
- तेस्रो पटक नियम उल्लंघन जरिवाना रु. ३०,०००।- (आवासीय भन्दा दोब्बर) र/वा व्यवसाय नवीकरण रोक्ने, रद्द गर्ने वा खारेज गर्ने वा सोको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

३) यस विनियमको दुईभन्दा बढी पटक उल्लङ्घन गर्ने व्यक्ति, व्यवसायी वा संस्थाको नाम नगरपालिकाले आफ्नो सूचना पाटी र वेवसाइटमा प्रकाशित गरिनेछ ।

## परिच्छेद ९

## अनुग्रह अवधि (Grace Period)

**११. अनुग्रह अवधिसम्बन्धी व्यवस्था :**

१) यस विनियमले निर्धारण गरेको मापदण्डअनुसार निर्माण नभएको विद्यमान सेप्टिक ट्याङ्क वा अन्य सङ्कलन प्रविधि प्रयोग गर्ने संरचना धनीहरुलाई यस विनियम लागू भएको मितिदेखि तीन वर्षभित्र सेप्टिक ट्यांकलाई विनियमले निर्धारण गरेको मापदण्ड अनुरुप अद्यावधिक गर्न सूचना जारी गरिनेछ। यसको लागि आवश्यक पर्ने सम्पूर्ण खर्च संरचना धनीले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद १०

## संस्थागत व्यवस्था (Institutional Arrangement)

**१२. संस्थागत व्यवस्था :**

(१) सरसफाइ सेवाको सुरक्षित व्यवस्थापन योजना, कार्यान्वयन, परिचालन र नियमन गर्न नगरपालिकाले वातावरण व्यवस्थापन विभाग अन्तर्गत सरसफाइ सेलको स्थापना गर्नेछ ।

(२) FSM Plant सञ्चालन र व्यवस्थापनको लागि नगरस्तरीय व्यवस्थापन समिति रहनेछ ।

(३) कार्यक्रम र बजेट यस सरसफाइ विनियम कार्यान्वयनका लागि नगर पालिकाले वार्षिक कार्यक्रमको तर्जुमा गरी आवश्यक रकम विनियोजन गर्नेछ ।

सेप्टिक ट्यांकलाई नियमित रुपले खाली गर्नको लागि प्रोत्साहन गर्न र सरसफाइ सेवाको सुरक्षित व्यवस्थापनलाई सुनिश्चित गर्न नगरपालिकाले विशेष प्रवर्द्धन रणनीति तर्जुमा गरी लागू गर्न सक्नेछ ।

## परिच्छेद ११

## विविध

**१३ पृथक्ता खण्ड :** यस विनियमको कुनै पनि अंश वा प्रावधान विद्यमान नियम कानूनसँग बाझिएमा, बाँकी प्रावधानहरु वा अन्यथा प्रभाव नपारिएका प्रावधानहरु पूर्णतः लागू र प्रभावकारी रहनेछन् ।

**१४ रद्द हुने खण्ड :** सबै अन्य उपधारा वा प्रावधानहरु यससँग विसङ्गत छन्। यसैको आधारमा यसलाई रद्द गरिएको वा परिमार्जन गरिएको छ ।

# ५। दिसाजन्य लेदो व्यवस्थापन नीति, (नमुना)

## १. पृष्ठभूमि

जनस्वास्थ्य एवम् वातावरण स्वच्छताको गुणस्तर नगरपालिकाको सर्वाङ्गिण र दिगो विकास प्राप्तिको एउटा महत्वपूर्ण सूचक हो। दिसाजन्य लेदोको समूचित व्यवस्थापनको अभावका कारण हाम्रा प्राकृतिक, जनसाङ्ख्यिक, आर्थिक एवम् सामाजिक अवयवहरुमा प्रतिकूल असर परिरहेको छ । जनस्वास्थ्य एवम् वातावरण स्वच्छताको उद्देश्य प्राप्त गर्नु नागरिकको नैसर्गिक अधिकार पनि हो । दिसाजन्य लेदोको वैज्ञानिक र दिगो व्यवस्थापनको अभावले उक्त मौलिक अधिकारहरुको निर्वाध उपभोगमा चुनौती रहेको अवस्था छ । तसर्थ जनस्वास्थ्य एवम् वातावरण स्वच्छताको उद्देश्य प्राप्त गर्न सुरक्षित तथा दिगो दिसाजन्य लेदो व्यवस्थापनको सेवामा नगरवासीको पहूच पुर्‍याउनु नगरपालिकाको हकमा नेपालको संविधान एवम् प्रचलित कानून प्रदत्त अधिकार एवम् कर्तव्य हो ।

नेपालले अवलम्बन गरेको संघिय साशन प्रणाली अनुसार जसरी तिन तहको सरकारको व्यवस्था भएको छ नेपालको संविधानको धारा ५७ ले ती तिन तहका सरकारबिच राज्यशक्तिको बाँडफाँड गरेको छ । तिन तहका सरकारले प्रयोग गर्न सक्ने एकल एवं साझा अधिकारका विषयहरु संविधानको अनुसूची ५ देखि ९ सम्ममा व्यवस्था गरेको छ । जसमा संघ, प्रदेश र स्थानीय सरकारका एकल अधिकारका विषयहरु क्रमश अनुसूची ५, ६ र ८ मा व्यवस्था गरेको छ भने संघ र प्रदेशको साझा अधिकारका विषयहरु अनुसूची ७ मा र संघ, प्रदेश र स्थानीय सरकारका साझा अधिकारका विषयहरु अनुसूची ९ मा व्यवस्था गरेको पाइन्छ । सोहि प्राभदान अनुरुप अनुसूची ८ को ९ नम्वरमा आधारभूत स्वास्थ्य र सरसफाइ सम्वन्धि व्यवस्ता स्थानीय सरकारको एकल अधिकारको विषयमा समावेश गरेको छ भने संघ र प्रदेश को साझा अधिकारको विषयहरुको सूचीमा पनि सरसफाइको विषय समावेश छ ।

त्यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(२)(झ)(१) ले ‘आधारभूत स्वास्थ्य र सरसफाइ सम्वन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन र नियमन’ सम्वन्धी काम, कर्तव्य र अधिकार स्थानीय सरकारलाइ रहने व्यवस्था गरेको छ। त्यसैगरि अन्य प्राभदानमा स्वच्छ खानेपानी, सरसफाइ सचेतनाको अभिवृद्धि र ‘स्वास्थ्यजन्य फेहोरमैलाको व्यवस्थापन, वास्थ्यजन्य फेहोरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन गर्ने, ‘सरसफाइ तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य र साझेदारी’ गर्ने भन्ने व्यवस्था गरेको पाइन्छ । यसले सरसफाइ सम्वन्धी काम कारवाही गर्न स्थानीय सरकारको संविधान र कानूनतः कर्तव्य र अधिकार यथेष्ट रहेको स्पष्ट पार्दछ ।

संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले मञ्जुर गरेको दिगो विकासका लक्ष्य अन्तर्गतको लक्ष्य ६.२ अनुसार सन् २०३० सम्ममा सरसफाइमा न्यायोचित पहूँचपुगेको हुनेछ भन्ने व्यवस्था भएकोमा उक्त दिगो विकासका लक्ष्य हासिल गर्न स्थानिय सरकारको महत्वपूर्ण भूमिका रहने कुरामा विवाद छैन । दिगो विकासका लक्ष्य प्राप्त गर्न संघिय सरकारले नीति, योजना, तथा कार्यक्रम मार्फत् दिगो विकासका लक्ष्यलाई हरेक तह र तप्कामा मूलप्रवाहिकरण गर्दै कार्यान्वयन गर्ने भन्ने उद्देश्यराखेको छ । तसर्थ हाम्रो स्थानीय आवश्यकतालाई सम्बोधन गर्दै स्वास्थ्य तथा सरसफाइ सम्बन्धी संवैधानिक एवम् कानूनी दायित्व पूरा गर्ने अवसरको रुपमा धुलिखेल नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी नीति बनाउने पहल गरेको छ ।

## २. वर्तमान अवस्था

वर्तमान अवस्थामा नेपालका सम्पूर्ण नगरपालिकाहरु “खुल्ला दिसा मुक्त नगरपालिका” घोषणा भएको अवस्था छ जुन दिसाजन्य लेदो व्यवस्थापनको सेवा चक्रको पहिलो चरण हो । यसबाट के देखिन्छ भने नगरपालिकाले आधारभूत सरसफाइको मापदण्ड पूरा गर्दै प्राविधिक रुपमा खुल्ला दिसामुक्त क्षेत्रको नाममा दर्ज भएतापनि हरेक नगरवासीको न्यायोचित पहूँच सहित पूर्ण सरसफाईको उद्देश्य प्राप्त गर्न भने अभैm बाँकी छ । त्यसरी नै, कतिपय नगरपालिकामा अझ पनि वैज्ञानिक एवम् सुरक्षित भण्डारणको व्यवस्था गर्न आवश्यक रहेको देखाएको छ ।
धेरै जसो नगरपालिकाहरुमा दिसाजन्य लेदो प्रशोधन संयन्त्रको अभावका कारण दिसाजन्य लेदो नगरपालिकाले ल्यान्डफील साइटमा र निजी संचालकहरुले अनियमित तवरमा बाहिर विसर्जन गर्ने गरेको अवस्था छ । यो सम्पूर्ण परिदृष्यले दिसाजन्य लेदोको वैज्ञानिक, सुरक्षित एवम् दिगो व्यवस्थापनमा नगरपालिकाको ध्यान पुग्न आवश्यक देखिएको छ । नीतिगत तथा कानूनी व्यवस्था तर्फ विचार ग दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धि कुनै नीति तथा कानून तर्जुमा गरेको छैन । यसबाट दिसाजन्य लेदो व्यवस्थापनको सन्दर्भमा नीतिगत, कानूनी एवम् कार्यगत स्पष्टताको आवश्यकता देखिन्छ ।

## ३. समस्या र चुनौती

मानव स्वास्थ्य तथा वातावरण स्वच्छता कायम गर्न दिसा पिसाब गर्नको लागि जसरी चर्पीको अपरिहार्यता हुन्छ, दिसाजन्य लेदोको प्रभावकारी भण्डारण, नियमित रुपमा रित्याउने, रित्याएको दिसाजन्य लेदोको उचित ढुवानी, प्रशोधन तथा विसर्जन वा पुनःप्रयोग त्यतिनै अपरिहार्य हुन्छ । यसलाई दिसाजन्य लेदो व्यवस्थापनको चक्र भनिन्छ । दिसाजन्य लेदोको प्रभावकारी व्यवस्थापन नभएको खण्डमा त्यसले जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पार्ने मात्र गर्ने नभइ यसको समुचित प्रयोगबाट आर्थिक लाभ गर्न सकिने अवसरबाट वन्चित हुन पुग्ने हुन्छ ।
कुनै पनि समस्याको समाधान गर्न सर्वप्रथम समस्याको पहिचान हुन अत्यावश्यक हुन्छ । दिसाजन्य लेदो व्यवस्थापनको सवैभन्दा ठूलो समस्या भनेको जनस्वास्थ्य, वातावरण, प्राकृतिक श्रोत लगायतमा दिसाजन्य लेदोको जथाभावी विषर्जनले नकारात्मक असर गर्दछ भन्ने बुझाईको कमि हो । त्यसै गरी यस विषयसंग

सम्वन्धित प्राविधिक ज्ञान, आर्थिक तथा मानव श्रोतको कमि रहेको र यस विषयले यथोचित महत्व र प्राथमिकता नपाएको देखिन्छ भने त्यसैसंग सम्बन्धित आवश्यक नीतिगत, संरचनागत तथा संस्थागत स्पष्टता र क्षमताको कमि रहेको पनि देखिन्छ ।

दिसाजन्य लेदो व्यवस्थापनको सन्दर्भमा यसको सम्पूर्ण सेवा चक्रलाई नै व्यवस्थित गर्नुपर्ने चुनौतीहरु छन् । पूर्ण सरसफाइको उद्देश्य प्राप्त गर्न सबै नगरवासीसम्म पुग्न पर्ने आवश्यकता छ भने चर्पीको पहूँचबाट वञ्चित केहि वासीन्दाहरुको आफ्नै घर नभएको अवस्थामा चर्पीको पहूँच सुनिश्चित गर्न चुनौती छ। त्यसैगरी कतिपय नगरपालिकाहरुमा हाल सञ्चालनमा रहेका भण्डारण गर्ने अधिकाशं ट्याङ्कहरु वैज्ञानिक मापदण्ड अनुरुप नरहेका कारणले ति ट्याङ्कहरुको स्तरोन्नती गर्नु आफैंमा एउटा ठुलो चुनौती रहेको छ। त्यसैगरी समयसमयमा रित्याउने र ढुवानीको व्यवस्था गर्न, रित्याउने र ढुवानी प्रणाली पूर्ण यान्त्रिक बनाउन पनि चुनौती रहेको छ। प्रशोधन संयन्त्रको लागि उचित जग्गा प्राप्त गर्न, संयन्त्रको चयन प्रकृया, मर्मत संहारको व्यवस्था गर्ने लगायतका चुनौतीहरु पनि छन् । त्यसैगरी दिसाजन्य लेदो व्यवस्थापनमा निजी क्षेत्रलाई व्यवसाय गर्न सहज वातावरण सिर्जना गर्न, व्यवसाहिक योजना तथा त्यसको झन्झटिला कार्यान्वयनका पक्ष र यस प्रतिको सामाजिक चेतनाको कमिले गर्दा प्रशोधित लेदोको विर्सजन वा पूनः प्रयोगमा निजी क्षेत्रलाई यस व्यवसायमा आकर्षित गर्न पनि चुनौती देखिन्छ ।

### ४. नयाँ नीतिको आवश्यकता

माथि विवेचित पृष्ठभूमि र वर्तमान अवस्था अनुसार नगरपालिका हरुमा दिसाजन्य लेदोको सुरक्षित तथा दिगो व्यवस्थापन ठुलो चुनौतीको रुपमा देखापरेको अवस्था छ। सवै नगरपालिकाले जनस्वास्थ्य तथा सरसफाइ एवम् वातावरण र विकास बीचको अन्योन्याश्रीत सम्वन्धलाई नीतिगत, रणनैतिक एवम् कार्यगत रुपमा अघि बढाउन त्यससंग सम्बन्धित विविध क्षेत्रका कानून, नियम, कार्यविधि, मापदण्ड तयार गर्न नेपालको संविधान प्रदत्त अधिकारको प्रयोग गर्न एवम् स्थानीय आवश्यकतालाई सम्बोधन गर्न नगरपालिका, प्रदेश तथा संघिय सरकार, गैरसरकारी संस्था, विकास साझेदार संस्था, निजी क्षेत्र, समुदाय, शैक्षिक तथा अनुसन्धान संस्थासंग समन्वय र सहकार्य स्थापित गर्न नयाँ नीतिको आवश्यकता परेको देखिएको छ ।

देसै भरीका सवै जसो नगरपालिकामा हालसम्म अधिकासं दिसाजन्य लेदोको स्थलगत रुपमै व्यवस्थापन गर्ने गरेको र यस सम्बन्धी कुनै दीर्घकालिन समाधानका उपायहरु अवलम्बन नगरिसकिएको अवस्थामा दिसाजन्य लेदोको सफा, सुरक्षित एवम् दिगो व्यवस्थापनले नगरपालिकाको वातावरण, स्वास्थ्य, फोहोरमैला व्यवस्थापन तथा सरसफाइको उद्देश्यमा महत्वपूर्ण योगदान पुग्ने स्पष्ट छ । त्यसैगरी यो नीतिको सफल कार्यान्वयनले नगरपालिकाको कृषि तथा पर्यटन लगायत अन्य विकासका प्राथमिकता तथा उद्धेश्य हासिल गर्न समेत महत्वपूर्ण

भूमिका खेल्दछ । तसर्थ यो पृष्ठभूमिमा दिसाजन्य लेदो व्यवस्थापनका सेवा चक्रहरुमा देखा परेका चुनौतीहरुको सामना गर्दै सफा, सुरक्षित एवम् दिगो सरसफाईको उद्देश्य प्राप्त गर्ने तर्फ विभिन्न सरोकारवालाहरुबीच नीतिगत स्पष्टता एवम् प्राथमिकता तय गर्ने उद्देश्यले ))))))))) नगरपालिकामा स्थानीय दिसाजन्य लेदो व्यवस्थापन नीति, ((((( तर्जुमा भई लागू गरिएको छ ।

## ५. दूरदृष्टि

सम्पूर्ण नगरवासीमा पूर्ण सरसफाइको उपलब्धता र पहूँच सुनिश्चित गर्दै स्वच्छ वातावरण तथा गुणस्तर जीवनको प्रत्याभूति गर्नु यस नीतिको दूरदृष्टि रहेको छ ।

## ६. लक्ष्य

सबै नगरवासीलाई सफा, सुरक्षित तथा दिगो रुपमा दिसाजन्य लेदो व्यवस्थापनको सेवा तथा सुविधामा पहूँच बढाइ जनस्वास्थ्य तथा सरसफाइमा टेवा पुर्याउदै दिगो विकासको प्राप्तिलाई सुनिश्चित गर्नु यस नीतिको लक्ष्य रहेको छ ।

## ७. उद्देश्य

उल्लेखित लक्ष्य हासिल गर्न यस नीतिले देहाय बमोजिमका उद्देश्य लिएको छ ।

७.१ नगरवासीको सफा, सुरक्षित तथा दिगो दिसाजन्य लेदो व्यवस्थापनको लक्ष्य प्राप्त गर्न दिसाजन्य लेदो व्यवस्थापन सेवा चक्रका सम्पूर्ण चरणहरुका चासोका विषयलाई नगरपालिकाको सम्बन्धित ऐन, नीति, कार्यक्रममा मूलप्रवाहीकरण गर्ने तथा आवश्यकता अनुसार मापदण्ड, निर्देशिका, योजना तर्जुमा गर्ने ।

७.२ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी नीति निर्माण, सस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयनका सम्पूर्ण चरणमा लैङ्गिक तथा सामाजिक समावेशीकरण, जनचेतना अभिवृद्धि र क्षमता विकासका विषयलाई मूलप्रवाहीकरण गर्दै समावेशी, दिगो तथा न्यायोचित दिसाजन्य लेदो व्यवस्थापन चक्रको व्यवस्था गर्ने ।

७.३ दिसाजन्य लेदो व्यवस्थापनसँग सम्बन्धी कार्यक्रमको निर्माण र कार्यान्वयनको संस्थागत पक्ष सबल र पारदर्शी बनाउने, उपयुक्त प्रविधिहरुको विकासलाई प्रोत्साहन एवं कार्यान्वयन गर्ने, अध्ययन अनुसन्धानका नतिजाहरुलाई निर्णय प्रकृयामा समावेश गर्ने व्यवस्था गर्ने ।

७.४ दिसाजन्य लेदो व्यवस्थापनसँग सम्बन्धित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका निम्ति नगरपालिकाको आन्तरिक तथा वाह्य श्रोतको पहिचान गर्नुका साथै श्रोतको न्यायोचित उपयोग तथा परिचालन गर्ने ।

**८. नीतिहरु**

माथि उल्लेखित उद्देश्यहरु पूरा गर्न देहाय बमोजिमका दिसाजन्य लेदो व्यवस्थापन सेवा चक्रका चरण एवम् अन्तरसम्वन्धित विषयगत नीति, रणनीति तथा कार्यनीतिहरु अख्तियार गरिने छ ।

**८.१ दिसाजन्य लेदो व्यवस्थापन सेवा चक्रका चरण सम्बन्धी नीति (उद्देश्य ७.१ संग सम्बन्धित)**

(१) संकलन (चर्पीको व्यवस्था) सम्बन्धी नीति, रणनीति र कार्यनीति

नीति नगरवासीहरुमा स्तरिय, उपयोगी, सुरक्षित एवम् लागतप्रभावी चर्पीको उपलब्धता र पहूँच सुनिश्चित गर्ने ।

रणनीति

८.१.१ घर, सरकारी, सार्वजनिक तथा व्यापार व्यवसायका भवन वा कार्यालय, सार्वजनिक स्थल लगायत अन्य आवश्यक स्थानमा चर्पीको उपलब्धता, सुविधा र पहूँचमा अभिवृद्धि गर्ने ।

८.१.२ गरिब, सिमान्तकृत, भूमिहिन तथा आवश्यकताको आधारमा लक्षित भई चर्पीको पहूँच बढाउने ।

कार्यनीति

रणनीति ८.१.१ संग सम्बन्धित :

८.१.१.१ सार्वजनिक शौचालय निर्माण गरी सञ्चालन गर्न स्थानीय, सामुदायिक र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

८.१.१.२ नगरपालिकामा विद्यमान अस्वच्छ चर्पीलाइ वातावरणमैत्री एवम् सुरक्षित चर्पीमा स्तरोन्नती गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

रणनीति ८.१.२ संग सम्बन्धित :

८.१.२.१ गरिब, सिमान्तकृत, भूमिहिन घरपरिवारमा चर्पीको उपलब्धता वा पहूँच बढाउन त्यसता लक्षित  घरपरिवारलाई चर्पी निर्माण गर्न आर्थिक सहायता वा सहुलियत ९कगदकष्मथ०, सह-वित्त लगायत अन्य वित्तपोषणका नवोतम उपाय अबलम्वन गर्ने ।

८.१.२.२ चर्पीका उत्पादन र बजारमा सेवा ग्राहिको न्यायोचित पँहूच बढाउने कार्यमा संघिय सरकार, प्रदेश सरकार, छिमेकी स्थानीय सरकार, घरधूरी, विकास साझेदार र संघसंस्थाका साथै व्यवसायिक सामाजिक उत्तरदायित्वको माध्यमबाट निजी क्षेत्रसँग साझेदारी गर्ने ।

(२) भण्डारण सम्बन्धी नीति, रणनीति र कार्यनीति

नीति  दिसाजन्य लेदोको उचित भण्डारणका लागि मापदण्ड तयार पारी सोही अनुरुप नयाँ भण्डारण प्रविधि ( सेप्टिक ट्याङ्क) को निर्माण र विद्यमान भण्डारण ट्याङ्कको स्तरोन्नती गर्ने ।

रणनीति

८.२.१ नगरपालिकामा बन्ने नयाँ घर, भवन तथा सम्बन्धित संरचनाहरुमा सेप्टिक ट्याङ्कको डिजाइन सम्बन्धी मापदण्ड भवन निर्माण संहितामा मूलप्रभावीकरण गर्ने ।

८.२.२ पुराना घर वा भवनहरुको सन्र्दभमा विद्यमान सेप्टिक ट्याङ्क मापदण्ड अनुसार स्तरोन्नति गर्न प्रोत्साहन गर्ने ।

कार्यनीति

रणनीति ८.२.१ संग सम्बन्धित :

८.२.१.१ नयाँ भवन निर्माणको लागि नक्सा पास गर्दा अनिवार्य रुपमा मापदण्ड अनुरुपको सेप्टिक ट्याङ्कको डिजाइन संलग्न गरेको हुनुपर्ने र सेप्टिक ट्याङ्कको निर्माण मापदण्ड अनुरुप भएको खण्डमा मात्र निर्माण सम्पन्नताको प्रमाणपत्र प्रदान गर्ने व्यवस्था लागू गर्ने ।

८.२.१.२ आवश्यकता अनुसार सेप्टिक ट्याङ्कको निर्माण गर्न आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने ।

रणनीति ८.२.२ संग सम्बन्धित :

८.२.२.१ पुराना घर एवम् भवनहरुका सेप्टिक ट्याङ्कलाई स्तरोन्नति गर्न आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने ।

(३) रित्याउने र ढुवानी गर्ने सम्बन्धी नीति, रणनीति र कार्यनीति

नीति दिसाजन्य लेदो रित्याउने र ढुवानी गर्ने सम्बन्धी उचित व्यवस्थालाई सुरक्षित, वातावरणमैत्री, गुणस्तरीय र आधुनिक बनाउने।

रणनीति

८.३.१ दिसाजन्य लेदो रित्याउने र ढुवानी गर्ने व्यवस्थालाई सुरक्षित, वातावरणमैत्री र आधुनिक बनाउने ।

८.३.२ दिसाजन्य लेदो रित्याउने र ढुवानी गर्ने सम्बन्धी कृयाकलापहरुलाई दिगो, भरपर्दो र गुणस्तरीय बनाउने ।

कार्यनीति

रणनीति ८.३.१ संग सम्बन्धित :

८.३.१.१ दिसाजन्य लेदो रित्याउने र ढुवानी गर्ने सेवा प्रदायक संस्था वा कामदारलाई हाते उपकरणको प्रयोग गर्न प्रतिवन्धित गर्दै यान्त्रिक उपकरणको प्रयोगलाई बाध्यकारी बनाउने ।

८.३.१.२ दिसाजन्य लेदो रित्याउने र ढुवानी गर्ने सेवा प्रदान गर्ने कामदारको स्वास्थ्यलाई मध्यनजर गर्दै त्यस्ता कामदार तथा सम्बन्धीत सेवा प्रदायक संस्थालाई पेशागत स्वास्थ्य तथा सुरक्षा अपनाउन आवश्यक उपकरणको प्रयोग बाध्यकारी गर्ने र उक्त बाध्यकारी प्रावधानको पालना नगरेको अवस्थामा सेवा प्रदायक संस्था तथा कामदार दुवैलाई जवाफदेही बनाउने ।

८.३.१.३ दिसाजन्य लेदो रित्याउने र ढुवानी सम्बन्धी विधि, समय, ढुवानीको माध्यम सम्बन्धी आवश्यक मापदण्ड र प्रकृया निर्धारण गरि लागू गर्ने ।

रणनीति ८.३.२ संग सम्बन्धित :

८.३.२.१ दिसाजन्य लेदो रित्याउने र ढुवानी गर्ने सम्बन्धी कृयाकलापलाई दिगो, भरपर्दो र गुणस्तरीय बनाउन नगरपालिकाले न्यायोचित शुल्क लिई सेवा प्रदान गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्न आवश्यक व्यवसायिक योजना तर्जुमा गर्ने ।

८.३.२.२ दिसाजन्य लेदो रित्याउने र ढुवानी गर्ने सम्बन्धी सेवा प्रदान गर्ने सेवा प्रदायकहरुलाई नियमन गर्न इजाजतपत्रको व्यवस्था गर्ने ।

(४) प्रशोधन सम्बन्धी नीति, रणनीति र कार्यनीति

नीति दिसाजन्य लेदोको सुरक्षित, वैज्ञानिक, सुलभ तथा गुणस्तरीय व्यवस्थापनका निम्ति प्रशोधन सम्बन्धी उचित व्यवस्था गर्ने।

रणनीति

८.४.१ दिसाजन्य लेदो व्यवस्थापनको निम्ति नगरपालिकामा दिसाजन्य लेदो प्रशोधन संयन्त्रको व्यवस्था गर्न आवश्यक योजना तयार पारि कार्यान्वयन गर्ने ।

कार्यनीति

रणनीति ८.४.१ संग सम्बन्धित :

८.४.१.१ प्रशोधन संयन्त्रको आवश्यकता अध्ययन गरि भौगोलिक, जनसाङ्ख्यिक, आर्थिक, सामाजिक एवम् प्राविधिक सम्भाव्यताका आधारमा प्रशोधन संयन्त्रको निर्माण गरि सञ्चालन गर्ने ।

८.४.१.२ प्रशोधन संयन्त्र तथा विधि सम्बन्धी व्यवस्था गर्दा आवश्यकता अनुसार विकेन्द्रित, सामुदायिक वा केन्द्रिय प्रशोधन संयन्त्र एवम् विधि अवलम्वन गर्ने ।

८.४.१.३ प्रशोधन संयन्त्रको प्रयोग, मर्मत संहार सम्बन्धी व्यवस्था गर्न मापदण्ड निर्धारण गरि लागू गर्ने ।

८.४.१.४ प्रशोधन संयन्त्रको निर्माण एवम् यसलाई दिगो रुपमा सञ्चालन र प्रयोग गर्नको निम्ति आवश्यक पर्ने पूर्वाधार र जनशक्तिको विकास गर्ने ।

८.४.१.५ प्रशोधन संयन्त्रको निर्माण, दिगो सञ्चालन र प्रयोग सुनिश्चित गर्न संघिय सरकार, प्रदेश सरकार, समुदाय, निजी क्षेत्र, विकास साझेदार, संघसंस्था, शैक्षिक संस्था, अनुसन्धान गर्ने सस्था आदिसंगको सहकार्यलाई प्राथमिकता दिने ।

८.४.१.६ प्रशोधन संयन्त्र सम्बन्धी व्यवस्था गर्दा चक्रिय अर्थतन्त्र ९अष्चअगबिच भअयलफथ० को अवधारणा अवलम्बन गर्दै घटाउ९चभमगअभ०, पुनःप्रयोग९चभगकभ०, पुनःचक्रण(चभअथअभि० को अवधारणाको पूर्ण पालना गर्दै प्रशोधन संयन्त्र डिजाइन तथा निर्माण गर्ने ।

(५) विसर्जन⁄ पुनः प्रयोग सम्बन्धी नीति, रणनीति र कार्यनीति नीति दिसाजन्य लेदोको प्रशोधन पश्चात् बाँकी रहने अवशेषको प्राविधिक सम्भाव्यता, आर्थिक लाभ तथा सामाजिक स्वीकार्यता अनुरुप पुनः प्रयोग गर्ने र पुनः प्रयोग सम्भव नभएको अवशेषको उचित विसर्जन गर्ने ।

रणनीति

८.५.१ दिसाजन्य लेदोको प्रशोधन पश्चात्को अवशेषलाई प्राविधिक सम्भाव्यता अनुरुप चक्रिय अर्थतन्त्र ९अष्चअगबिच भअयलफथ० को अवधारणा अवलम्बन गर्दै पुनः प्रयोग गर्ने र पुनः प्रयोगमा नआउने अवशेषलाई सुरक्षित किसिमले विसर्जन गर्ने व्यवस्था गर्ने ।

८.५.२ दिसाजन्य लेदोको प्रशोधन पश्चात्को अवशेषलाई आर्थिक लाभ लिन सकिने किसिमले सार्वजानिक एवं व्यवसाहिक प्रयोगलाइ प्रोत्साहन गर्ने ।

कार्यनीति

रणनीति ८.५.१ संग सम्बन्धित :

८.५.१.१ दिसाजन्य लेदोको प्रशोधन पश्चात्को अवशेषको पुनः प्रयोग जस्तै मल बनाउने, त्यसको बजारिकरण गर्ने सम्बन्धमा निजी क्षेत्र, घरधूरी, स्थानीय संघसंस्था, किसान समूह, आमा समूह, युवा क्लबलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

८.५.१.२ दिसाजन्य लेदोको प्रशोधन पश्चात्को पुनः प्रयोग गर्न नसकिने अवशेषलाई वातावरणमैत्री तवरले विसर्जन गर्ने ।

८.५.१.३ दिसाजन्य लेदोको पुनः प्रयोग र विसर्जन सम्वन्धी व्यवस्था र निजी क्षेत्रलाई आकर्षित गर्ने व्यवस्था समावेस गरि व्यवसायिक योजना तर्जुमा गर्ने ।

## ८.२ लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति (उद्देश्य ७.२ संग सम्बन्धित)

नीति दिसाजन्य लेदो व्यवस्थापन सेवा चक्रसंग सम्बन्धित प्रक्रिया वा कृयाकलापहरुलाई लैङ्गिक तथा सामाजिक हिसाबले समावेशी बनाई अल्पसख्यंक तथा सीमान्तकृत वर्ग लगायत सबै सहयोगापेक्षी वर्गको सवाल र चासोलाई सम्बोधन गर्ने ।

**रणनीति**

८.२.१ दिसाजन्य लेदो व्यवस्थापनको सेवा चक्रमा र सो सेवा चक्रमा समावेस हुने सम्पूर्ण काम कारवाहीमा लैङ्गिक तथा सामाजिक समावेशीताको सिद्धान्त अनुसार महिला, अपाङ्गता भएका व्यक्ति, गरिब, भूमिहीन, आदिवासी, सीमान्तकृत लगायतका वर्गहरुको पहूँच तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

**कार्यनीति**

रणनीति ८.२.१ संग सम्बन्धित :

८.२.१.१ दिसाजन्य लेदो व्यवस्थापन सेवा चक्रमा सबैको पहूँच सुनिश्चित गर्न लैङ्गिक तथा सामाजिक समावेसिता सम्बन्धी विस्तृत तथ्याङ्क ९मष्कबननचभनबतभम मबतब० संकलन गरि त्यस्ता घरधूरी वा समुदायको पहिचान गरि लक्षित कार्यक्रमको विकास एवम् कार्यान्वयन गर्ने ।

८.२.१.२ दिसाजन्य लेदो व्यवस्थापनमा स्थानिय ज्ञान, सीप, अभ्यास तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने ।

८.२.१.३ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी सूचना तथा जानकारी सामाग्रीहरुमा सबैको सहज पहूँच पुग्ने गरि उपलब्ध गराउने ।

८.२.१.४ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, निर्देशिका, योजना कार्ययोजनाको निर्माण तथा कार्यान्वयनका सम्पूर्ण प्रकृयामा लैङ्गिक तथा सामाजिव समावेशीताको सिद्धान्त अनुसार महिला, अपाङ्गता भएका व्यक्ति, गरिब, भूमिहीन आदिवासी, सीमान्तकृत लगायतका वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

## ८.३ संस्थागत संरचना तथा सुशासन सम्बन्धी नीति (उद्देश्य ७.३ संग सम्बन्धित)

**नीति**

दिसाजन्य लेदोको व्यवस्थापन चक्र सम्बन्धी कार्यक्रमको निर्माण र कार्यान्वयनको संस्थागत पक्ष सबल र पारदर्शी बनाई सुशासनको प्रत्याभूति हुने गरी उचित संस्थागत संरचना तयार पारी कार्यान्वयन गर्ने ।

**रणनीति**

८.३.१ नगरपालिका, प्रदेश सरकार, संघिय सरकार, गैरसरकारी संघसंस्था, विकास साझेदार संस्था, निजी क्षेत्र, शैक्षिक संस्था, अनुसन्धानसंस्था, स्थानीय जनसमुदाय एवम् अन्य सरोकारवालाहरुका चासो, योजना तथा कार्यक्रमहरु एकिकृत गर्ने गरि दिसाजन्य लेदोको व्यवस्थापन चक्र सम्बन्धी संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने ।

८.३.२ दिसाजन्य लेदो व्यवस्थापन सेवा चक्रका कार्यक्रम निर्माण एवम् कार्यान्वयन गर्दा पारदर्शिता, जवाफदेहिता, जिम्मेवारिता एवम् जनसहभागिता सुनिश्चित गर्ने ।

८.३.३ दिसाजन्य लेदो व्यवस्थापन सेवा चक्कका विभिन्न चरणमा काम कारवाही गर्दा वातावरणमा पर्ने नकरात्मक प्रभावलाइ न्यूनिकरण गर्ने ।

कार्यनीति

रणनीति ८.३.१ संग सम्बन्धित :

८.३.१.१ स्थानीय स्तरमा दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी नीतिगत एवम् कार्यगत समन्वय कायम गर्न एकिकृत संस्थागत संरचनाको व्यवस्था मिलाउने ।

८.३.१.२ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धमा नगरपालिकाभित्र विषयगत शाखा अन्तर्गत सम्पर्क विन्दुको व्यवस्था गर्ने ।

**रणनीति ८.३.२ संग सम्बन्धित :**

८.३.२.१ दिसाजन्य लेदो व्यवस्थापनमा आवश्यक पर्ने सम्पूर्ण जानकारी, सूचना नगरपालिकाको यौटै इकाइबाट प्राप्त हुने व्यवस्था मिलाउने ।

८.३.२.२ योजना तर्जुमा, बजेट विनियोजन तथा कार्यान्वयनमा सहजीकरण गर्न नगरपालिकाको संस्थागत क्षमताको अभिवृद्धि गर्ने ।

८.३.२.३ स्थानीय सेवा सुविधा बढाउन वडा कार्यालयहरुसगँको सहकार्यमा अन्य आवश्यक उपाय अवलम्बन गर्ने ।

८.३.२.४ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा हुन सक्ने अनियमितता रोक्न संयन्त्र श्रृजना गर्ने ।

८.३.२.५ स्थानीय सरकार, गैरसरकारी संघसंस्था, विकास साझेदार संस्था, निजी क्षेत्र, शैक्षिक संस्था, अनुसन्धान संस्था, स्थानीय जनसमुदाय एवम् अन्य सरोकारवालाहरुसंगको सहकार्य र साझेदारी बढाउन आवश्यक ऐन, कानून, निर्देशिका, मापदण्ड तर्जुमा गरि लागू गर्ने ।

८.४ वित्त व्यवस्थापन सम्बन्धी नीति (उद्देश्य ७.४ संग सम्बन्धित) नीति दिसाजन्य लेदो व्यवस्थापनलाई संस्थागत गर्न वित्तिय व्यवस्थालाई दिगो र सबल बनाउने ।

**रणनीति**

८.४.१ दिसाजन्य लेदो व्यवस्थापनलाई आवश्यक पर्ने वित्तको व्यवस्था तथा आवश्यकता अनुसार विनियोजन सुनिश्चित गर्ने ।

**कार्यनीति**

रणनीति ८.४.१ संग सम्बन्धित :

८.४.१.१ सम्बन्धित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका निम्ति नगरपालिकाको आन्तरिक वित्तीय श्रोतको पहिचान गर्ने ।

८.४.१.२ प्रदेश र संघिय सरकार, निजी क्षेत्र, विकास साझेदार संस्था एवम् स्थानीय गैरसरकारी सस्थासंग पहूँच बढाउने ।

८.४.१.३ परिवर्तित संघिय शासन संरचना अनुरुप संघ र प्रदेश तहमा स्थापना भएका संरचनाहरुसंगको समन्वयबाट वित्तिय श्रोत प्राप्ति तथा परिचालन गर्ने ।

८.४.१.४ विकास साझेदार संस्थाहरु तथा संस्थागत सामाजिक उत्तरदायित्व मार्फत् निजी क्षेत्रलाई वित्त परिचालन गर्न प्रोत्साहन गर्ने ।

८.४.१.५ सरसफाइ सेवा शुल्कको निर्धारण गरी उक्त शुल्कको निश्चित रकम दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धि काम कारवाही गर्न व्यवस्था मिलाउने ।

८.४.१.६ दिगो वित्त प्रवाहलाई सुनिश्चित गर्न निजी क्षेत्र, विकासका साझेदार संस्था, समुदाय एवं अन्य आवश्यक साझेदारको संलग्नतामा दिगो वित्त योजना तर्जुमा र कार्यान्वयन गर्ने ।

**८.५ जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी नीति (उद्देश्य ७.२ संग सम्बन्धित)**

नीति  दिसाजन्य लेदोको उचित व्यवस्थापनका सम्बन्धमा जनचेतना अभिवृद्धि तथा सरोकारवाला लक्षित क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**रणनीति**

८.५.१ दिसाजन्य लेदोको उचित व्यवस्थापनको अभावमा जनस्वास्थ्य, वातावरण एवम् समाजको सर्वाङ्गिण विकासमा पर्ने असर र जोखिम तथा त्यसको उचित व्यवस्थापनका बहूआयामिक फाईदा र तरिकाका सम्बन्धमा जनचेतना एवम् क्षमता अभिवृद्धि गर्ने ।

**कार्यनीति**

**रणनीति ८.५.१ संग सम्बन्धित :**

८.५.१.१ दिसाजन्य लेदो व्यवस्थापनमा आवश्यक सरोकारवालाको पहिचान गरी समय समयमा त्यस सम्वन्धि क्षमता विकास तथा जनचेतना अभिवृद्धिका कार्यक्रम गर्ने ।

८.५.१.२ जनचेतना अभिवृद्धिका कार्यक्रमहरु एवम् सूचना नगरपालिकाको वेबसाइट, छापा प्रिन्ट मिडिया), श्रव्यदृश्य सामाग्री, मोबाइल एप, सामाजिक सञ्जाल लगायतका उपयुक्त संचार माध्यमबाट प्रचारप्रसार गर्ने ।

८.५.१.३ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्न स्थानीय महिला समूह, सहकारी संस्था, गैरसरकारी संस्था तथा शैक्षिक संस्थाको सहभागितालाई प्रोत्साहन गर्दै क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।

८.५.१.४ दिसाजन्य लेदो व्यवस्थापनसँग सम्बन्धित आवश्यक तथ्याङ्क, सूचना, अभ्यास सहितका ज्ञानमूलक सामाग्रीहरुको विकास र सम्प्रेसन गर्ने ।

८.५.१.५ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने कार्यमा वडा कार्यालयहरुलाई आवश्यक निर्देशन दिने र आवश्यकता अनुसार सहजीकरण गर्ने ।

८.५.१.६ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यमा स्थानीय युवा जनशक्ति तथा युवा क्लबहरुको क्षमता विकास गरि परिचालन गर्ने ।

८.५.१.७ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी सूचना आदानप्रदान र क्षमता विकास गर्ने सम्वन्धमासंघिय सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय तहसंग सहकार्य एवम् समन्वय गर्ने संयन्त्रको विकास गर्ने ।

८.६ अनुसन्धान तथा प्रविधि विकास सम्बन्धी नीति (उद्देश्य ७.३ संग सम्बन्धित)

नीति दिसाजन्य लेदो व्यवस्थापनलाई थप वैज्ञानिक, उपयुक्त, लागतप्रभावी र प्रभावकारी बनाउँदै लैजान अध्ययन अनुसन्धान पक्षलाई सबल बनाउने ।

**रणनीति**

८.६.१ दिसाजन्य लेदोकोउचित व्यवस्थापनका सम्बन्धमा नियमित अध्ययन अनुसन्धान र उपयुक्त प्रविधिको विकास सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।

**कार्यनीति**

रणनीति ८.६.१ संग सम्बन्धित :

८.६.१.१ दिसाजन्य लेदो व्यवस्थापन, जनस्वास्थ्य, वातावरण एवम् अन्य सम्वन्धित विषय सम्वन्धि अध्ययन अनुसन्धान, प्रविधि विकासमा सहजिकरण गर्न शैक्षिक एवम् अनुसन्धान संस्थासँग समन्वय गर्न अनुसन्धान इकाइको स्थापना गर्ने ।

८.६.१.२ नगरपालिका भित्रका शौचालयको संख्या, शौचालय र भण्डारणको अवस्था, रित्याउने तथा ढुवानीको प्रकृया र अवस्था, प्रशोधन संयन्त्रको अवस्था, सुरक्षित विर्सजन तथा पुनःप्रयोगको अवस्थाका सम्वन्धमा तथ्याङ्क सङ्कलन र अध्यावधिक गर्ने ।

८.६.१.३ जलवायु परिवर्तन, विपद् (भूकम्प, भूक्षय आदि) जस्ता वाह्य चुनौतीहरुका कारण दिसाजन्य लेदो व्यवस्थापनमा पर्ने असरहरुका बारेमा अध्ययन गर्ने ।

८.६.१.४ दिसाजन्य लेदो व्यवस्थापनका सेवा चक्रका हरेक चरणको अध्ययन र तथ्याङ्क अध्यावधिक गर्ने कार्य नियमित गर्दै उक्त तथ्याङ्कको विश्लेषणलाई निर्णय प्रकृयामा समावेश गर्दै सोहि अनुरुप कार्यक्रम तर्जुमा एवम् आवश्यकता अनुसार परिमार्जन गर्ने ।

८.६.१.५ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, कार्यक्रम तथा कृयाकलापहरुलाई वार्षिक प्रगति प्रतिवेदनमा समेटी अन्य आवश्यक प्रतिवेदनहरु तयार गरि प्रकाशित गर्ने ।

८.६.१.६ दिसाजन्य लेदो व्यवस्थापनमा पूर्ण सरसफाइको अवधारणा अनुरुप यदि कुनै उपयुक्त प्रविधि स्थानीय स्तरमा उपलब्ध भएमा त्यस्ता प्रविधिको विकास र प्रयोगलाई प्रवर्द्धन गर्दै आवश्यकता अनुसार विस्तार वा परिमार्जन गर्ने ।

८.६.१.७ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी परम्परागत तथा प्रकृतिमा आधारित प्रविधिहरुको उपयुक्तताको आधारमा विकास र प्रयोगलाई प्रोत्साहन गर्ने ।

८.६.१.८ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रविधिहरुको विकासमा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्ने ।

८.६.१.९ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रविधि विकासका लागि संघिय र प्रदेश सरकारसंग समन्वय एवम् सहकार्य गर्ने ।

## ९. अनुगमन तथा मूल्याङ्कन

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन व्यवस्था गरिनेछ ।

९.१ यस नीतिको प्रभावकारी कार्यान्वयन सम्वन्धमा नगरपालिका तथा अन्य सरोकारवालाहरुको सहभागितामा आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने ।

९.२ दिसाजन्य लेदो व्यवस्थापनमा सबै सरोकारवालाहरुको उत्तरदायित्व सुनिश्चित गर्न, सहभागिता बढाउन र सूचनामा सहज पहूँच बढाउन हरेक सरोकारवालाको उत्तरदायित्व खाका निर्माण गरी सोको पालना गर्ने, गराउने ।

९.३ नगरपालिकामा सञ्चालन गरिने कुनैपनि दिसाजन्य लेदो व्यवस्थापनसँग सम्वन्धित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नु अगाडि सम्बन्धित संस्थाले नगरपालिकाको पूर्व स्वीकृति तथा सहमति लिनुपर्ने व्यवस्थालाई बाध्यकारी बनाउने ।

९.४ दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुको विवरण आवश्यकता अनुसार त्रैमासिक एवम् वार्षिक रुपमा संकलन गरि नगरपालिकाले त्यसको एकीकृत अवस्था प्रतिवेदन मार्फत् प्रकाशन गर्ने ।

## १०. कानूनी व्यवस्था

यस नीतिले लिएका उद्देश्य, नीति, रणनीति एवम् कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक पर्ने कानूनी व्यवस्था मिलाउन, विद्यमान कानूनी व्यवस्थाहरुलाई समय सापेक्ष्य

रुपमा संसोधन वा परिमार्जन गर्न र कानूनी व्यवस्था अनुरुप नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तर्जुमा गरि कार्यान्वयन गर्न सक्नेछ ।

**११. खारेजी र बचाउ**

यो नयाँ नीति हो ।

## ६। खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका (नमुना)

# प्रस्तावना

नेपालको संविधान २०७२ को भाग ३, धारा ३५ को उपधारा ४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नगरपालिकाको जलस्रोत नियमावलि २०७६ ले आफ्नो क्षेत्रभित्रका नागरिकहरुलाई खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनको लागि स्थानीय तहहरुलाइ प्रदत्त कानूनी भूमिका र जिम्मेवारीलाइ मनन गर्दै सबैको लागि स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छता वास) सुविधा उपलब्ध गराउनुका साथै पानीको उपयोग मार्फत गरिने जीवकोपार्जनका प्रयासहरुबाट आफ्नो क्षेत्रभित्रका नागरिकहरुको स्वास्थ्य अवस्थामामा सुधार ल्याउने )))))) नगरपालिकाको लक्ष रहेको छ । दिगो विकास लक्ष (लक्ष्य नं. ६) बमोजिम सन् २०३० भित्रमा सबैको लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधाको दिगो व्यवस्थापन सुनिश्चित गर्ने कुरामा नगरपालिका प्रतिवद्ध रहदै खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधाको दिगोपना लाई आधारभूत मानव अधिकारको रुपमा स्वीकार गर्दछ । खानेपानी सरसफाइ तथा स्वच्छता (वास) सेवाहरु निरन्तर रुपमा प्राप्त भईरहने, भेदभावरहित तथा आर्थिक एवम् प्राविधिक रुपले सबैको सहज पहुँचयोग्य हुनु अनिवार्य छ। खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवाहरु समानतामा आधारित विभेदरहित, सहभागितामूलक, सूचनामूलक तथा उत्तरदायित्वमूलक भए मात्र मानव अधिकारको मर्म वमोजिम भएको मानिन्छ ।

यसर्थः खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) को दिगो व्यवस्थापन प्रयोजनको लागि दिपायल सिलगढी नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा ११, उपदफा २ को खण्ड ‘ध’ र ‘झ’ बमोजिम सोही ऐनको परिच्छदे १५, दफा १०२ ले दिएको अधिकार प्रयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन निर्देशिका २०७९” तयार पारी नगरकार्यपालिकाबाट स्वीकृत गरी लागु गरेको छ ।

**परिच्छेद १**
**प्रारम्भिक**

१ **संक्षिप्त नाम र प्रारम्भ :** क. यस निर्देशिकाको नाम “खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन निर्देशिका, ((((((( रहनेछ ।

ख. यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

२ **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

(क) "नगरसभा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरे बमोजिम दफा १ (ठ) बमोजिमको "नगरसभालाई जनाउँछ ।

(ख)"वडा" भन्नाले नगरपालिकाको **सम्पूर्ण** वडालाई जनाउँछ ।

(ग)"वडा अध्यक्ष" भन्नाले नगरपालिको वडा**को** अध्यक्षलाई जनाउँछ ।

(घ)"वडा समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमको वडा समितिलाई जनाउँछ ।

(ङ)"वडा कार्यालय" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमको वडा कार्यालयलाई जनाउँछ ।

(च)"योजना" भन्नाले खानेपानी सरसफाइ तथा स्वच्छता योजनालाई जनाउँछ ।

(छ) "उपभोक्ता समिति" भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जनाउँछ ।

(ज)"मर्मत सम्भार कार्यकर्ता" भन्नाले खानेपानी योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरको तालीम प्राप्त प्राविधिकलाई जनाउछँ ।

(झ)"धारा समूह" भन्नाले खानेपानी धाराको पानीको उचित प्रयोग, धाराको सामान्य मर्मत सम्भार र धारा समुदायमा सरसफाइ तथा स्वच्छता व्यव्स्थापनको लागि सम्बन्धित धाराका उपभोक्ता घरधुरीमध्येवाट गठित समूहलाई जनाउँछ ।

(ञ)"उपभोक्ता" भन्नाले योजना निर्माणमा योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागि नभएता पनि निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम धारावाट पानी उपभोग गर्न समावेश भएको व्यक्तिलाई जनाउँछ ।

(ट) "मर्मत सम्भार कार्ययोजना" भन्नाले योजनाको नियमित रेखदेख, सम्भार तथा मर्मतको लागि उपभोक्ता भेलाद्वारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।

(ठ) "खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि" भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले तयार पार्ने "खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधिलाई जनाउँछ।

(ड)"खानपानी सुरक्षा योजना" भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलु स्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषण (जोखिम) को सम्भावनालाई अग्रीम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।

(ढ)"सहकारी संस्था" भन्नाले नगरपालिका अन्तर्गत कृयाशील सहकारी संस्थालाई जनाउँछ ।

(ण)"आमभेला" भन्नाले खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ७५% घरहरुवाट प्रतिनिधित्व भएको भेलालाई जनाउँछ ।

(त) "खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समिति" भन्नाले नगरपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि नगरपालिका अन्तर्गत गठन गरिने खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समिति ९ध्ब्क्ज :बलबनझभलत द्ययबचम० लाई जनाउँछ ।

(थ)"खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको सचिवालय" भन्नाले नियम (७) बमोजिमको सचिवालयलाई जनाउँछ ।

(द) "खानेपानी, तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल" भन्नाले नगरपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको नगरपालिका स्तरीय सञ्जाल जनाउँछ ।

(ध)"सरसफाइ तथा स्वच्छता" भन्नाले नेपाल सरकारले तोकेको पूर्ण सरसफाइका सूचकहरु पूर्ण भएको अवस्थालाई जनाउँछ ।

(न)"मर्यादित महिनावारी व्यवस्थापन" भन्नाले महिनावारी भएको समयमा सुरक्षित स्थानमा बस्ने, पोषणयुक्त खानेकुराहरु खाने, सरसफाइ तथा स्वच्छताका सुविधाहरु एवम् सामाजिक कार्यहरुमा विना भेदभाव सहभागि हुन पाउने अवस्थालाई जनाउँछ ।

## परिच्छेद २

## खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको व्यवस्था

३ खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको नीति, योजना तथा बजेट तर्जुमा, समन्वय, कार्यान्वन, अनुगमन तथा प्रतिवेदन कार्यको नेतृत्व गर्ने कार्यमाा नेतृत्वदायी भुमिका निर्वाह गर्नको लागि नगरपालिका स्तरमा खानेपानी सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समिति रहनेछ ।

४ खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको संरचना निम्न बमोजिम हुनेछ ।

क) अध्यक्ष : नगर प्रमुख

ख) सदस्य : नगर उपप्रमुख

ग) सदस्य : प्रमुख

प्रशासकियअधिकृत

घ) सदस्यः सामाजिक बिकास शाखा प्रमुख

घ) सदस्य : महिला तथा वालवालिका शाखा प्रमुख

ङ) सदस्य : कृषि शाखा प्रमुख

च) सदस्य : भौतिक पूर्वाधार शाखा प्रमुख

छ) सदस्य : स्वास्थ्य शाखा प्रमुख

ज) सदस्य : शिक्षा शाखा प्रमुख

झ) सदस्य : कार्यपालिका महिला सदस्य कम्तिमा १ जना महिला गरी

२ जना

ञ) सदस्य : खानेपानी, सरसफाई उपभाक्ता संजालबाट १ जना महिला प्रतिनिधि

ट) सदस्य सचिव : जलश्रोत अधिकृत वास इकाई प्रमुख

५ खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार

क. समिति स्थापना भए लगत्तै गर्नुपर्ने काम, कर्तव्य र अधिकारहरु निम्न बमोजिम हुनेछन् :

अ) नगरपालिकाको वास क्षेत्रको दीर्घकालीन योजना (आवधिक योजना), मध्यमकालिन योजना ( वार्षिक योजना) तर्जुमा गर्ने तथा आवश्यक भएमा जलउपयोग गुरुयोजनामा तय गरिएको परिदृष्य समीक्षा तथा संसोधन गर्ने,

आ) नगरपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरु तर्जुमा गर्ने गरी लक्ष्य तय गर्ने ।

इ) नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष स्थापना गर्ने, विभिन्न दातृ निकायहरुलाई कोषमा योगदान गर्न प्रोत्साहित गर्ने तथा कोषको उपयोगको वार्षिक सार्वजनिक सुनुवाई तथा पारदर्शी सार्वजनिक सूचना जारी गर्ने व्यवस्था मिलाउने,

ई) वास क्षेत्रको निर्णय प्रकृयामा सहजताको लागि नगरपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको, वार्षिक रुपमा अद्यावधिक गर्ने प्रयोजन सहित नगरपालिका स्तरीय वास सूचना प्रणाली स्थापना गर्ने, उ) खानेपानी तथा सरसफाइ योजनाहरुको न्यूनतम सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गरी उपभोक्ता समितिहरुलाई पुरस्कार दिने पद्धति स्थापना गर्ने,

ऊ) विद्यमान सबै खानेपानी तथा सरसफाइ योजनाका उपभोक्ता समितिहरुलाई नगरकार्यपालिकाको कार्यालयमा दर्ता गर्ने तथा नियमित रुपमा बार्षिक नवीकरण गर्ने व्यवस्था मिलाउने,

ए) नगरपालिकाभित्र रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसंग सम्बन्धित सरोकारवालाहरुको विवरण तयार पार्ने ।

ख. समितिका नियमित काम, कर्तव्य र अधिकारहरु निम्न बमोजिम हुनेछन् :

अ) नीति निर्माण, योजना तथा बजेट तर्जुमा गर्दा वडा तथा नगरपालिका समन्वय समितिहरुसँग समन्वय कायम गर्ने,

आ) नगरपालिकास्तरीय आवधिक योजना तर्जमु ा, वास योजनाहरु तथा बजेट तर्जमु ा तथा जलउपयोग गुरुयोजना अद्यावधिक कार्यमा योगदान गर्ने,

इ) जलस्रोत क्षेत्रको योजना तर्जमु ा तथा नीति निर्माणमा विज्ञ सवो व्यवस्थापन गर्ने

ई) सार्वजनिक, संस्थागत, विद्यालय तथा स्वास्थ्य सेवाहरु लक्षित सरसफाइको योजना तर्जुमा गर्ने तथा बजटे व्यवस्थापन गर्ने,

उ) नगरपालिकालाई पूर्ण सरसफाइयुक्त नगरपालिका बनाउने गरी पूर्ण सरसफाइ सम्बन्धी योजना तर्जुमा गर्ने, वार्षिक कार्यक्रम तथा अभियानहरु तय गर्ने एवम् सो का लागि बजेट व्यवस्थापन गर्ने,

ऊ) नगरपालिकालाई मर्यादित महिनावारी व्यवस्थापनयक्तु नगरपालिका बनाउने गरी मर्यादिन महिनावारी व्यवस्थापन सम्बन्धी योजना तर्जुमा गर्ने, वार्षिक कार्यक्रम तथा अभियानहरु तय गर्ने एवम् सो का लागि बजेट व्यवस्थापन गर्ने,

ए) खानेपानी तथा सरसफाइ योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ठ कार्य गर्ने उपभोक्ता समितिहरुलाई पुरस्कृत गर्ने तथा निष्कृय उपभोक्ता समितिहरुलाई रकम विनियोजन नगर्ने,

ऐ) नगरपालिकाभित्र रहके ा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसंग सम्बन्धित सरोकारवालाहरुसंग आवश्यक समन्वय र सहकार्यको गर्ने,

ओ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको जोखिम पहिचान तथा बिश्लेषण गारि पूर्व तयारी तथा जोखिम न्युनीकरण योजना तयार पारी कार्यान्वयन गर्ने ।

औ) तर्जुमा गरिएका कृयाकलापहरुको कार्यान्वयन, सुपरीवेक्षण तथा अनुगमन गर्ने,

६ बैठकः समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिका सम्पूर्ण सदस्यहरुको सामान्य बहुमत संख्या बठै कको लागि गणपुरक संख्या हुनेछ ।

## परिच्छेद ३

## खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाईको व्यवस्था

७ नगर खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिका निर्णयहरु कार्यान्वयन गर्ने र समितिको सचिवालयको काम नगरपालिकाको खानेपानी तथा सरसफाई सम्बन्धी कार्य गर्ने शाखा वा इकाईले गर्नछे । जुन वास इकाईको रुपमा रहनेछ ।

८ नगरकार्यपालिका कार्यालयले वार्षिक कार्यक्रम तथा बजेट बमोजिम करार सेवामा वा स्थायी/अस्थायी कर्मचारीहरु खण्ड (७) बमोजिमको शाखा/इकाईमा आवस्यकतानुसार जनशक्ति रहनेछन् ।

९ नगरपालिका वास इकाईको भूमिका तथा जिम्मेवारी निम्न अनुसार हुनेछः

क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन लगायतका कार्यक्रमहरु कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवा प्रदायकहरु,

स्वयंसेवकहरु, वाल, क्लवहरु, आमा समूहरु तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

ख) नगरपालिकाको वास क्षेत्रको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाइ सही सूचना उपलव्ध गराउने,

ग) उपभोक्ता समितिहरुको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरु संग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने, प्रतिवदे न प्राप्त नभएका वडालाई ताकतो गरी प्रतिवेदन प्राप्त गर्ने,

घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन, पुनर्गठन, नगरकार्यपालिका कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

ङ) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने,

च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न नगर कार्यसमितिमा पेश गर्ने, मूल्यांकनमा कमजोर अकं प्राप्त गर्ने उपभोक्ता समितिहरुलाइ समिति पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरु माफर्त सक्रिय बनाउन सहजीकरण गर्ने,

छ)विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

ज) वास क्षेत्रको वार्षिक प्रतिवदे न तयार गरी समितिमा पेश गर्ने,

झ) आपतकालिन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि समितिमा सिफारिस गर्ने,

ञ) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरु सहयोग तथा सञ्चालन गर्ने,

ट) खानेपानी व्यवस्थापन समितिको प्रशासनिक तथा अन्य अभिलेखकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

## परिच्छेद ४

## वडा कार्यालयहरुको भूमिका तथा जिम्मेवारी

१० नगरपालिकाका वडा कार्यालयहरु उपभोक्ता समितिहरुको सम्पर्क विन्दूको रुपमा रहनेछन् र खानेपानी तथा सरसफाइ योजनाको सञ्चालन तथा व्यवस्थापन अवस्थाको प्रतिवदे न वडा कार्यालयमा पेश गर्नेछन ।

११ वडा कार्यालयहरुले वास इकाईसँग समन्वय तथा सहकार्य गरी सबै उपभोक्ता समितिहरु दर्ता भएको र नगरपालिकास्तरीय सूचना प्रणालीमा आवद्ध भएको सुनिश्चित गर्नेछन् । यस प्रकृयामा वडा भित्रका हालसम्म खानेपानीको सेवा पुग्न नसकेका घरधुरीहरुको विवरण समेत योजना तर्जुमा एवम् जलउपयोग गुरुयोजना अद्यावधिक प्रयोजनको लागि वास व्यवस्थापन समितिमा पेश गर्नेछन् ।

१२ वडा कार्यालयले उपभोक्ता समितिहरुले पेश गरेको अद्यावधिक वास विवरणको विश्लेषण गरी योजनाहरुमा आवश्यक पने सहयोगको लागि वास इकाईमा पेश गर्नेछ र सो विवरण व्यवस्थापन समितिले नगरकार्यपालिकामा पेश गर्नेछ । यसरी कायत्र्कम पस्ताव गर्दा वडा कार्यालयहरुले उक्त कार्यक्रमहरु टोल तथा वडास्तरीय योजना तर्जुमा बैठकहरुमा छलफल भएको सुनिश्चित गर्नेछन् ।

१३ वडाभित्रका खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार अवस्थाको वडा समितिका सदस्यहरुले नियमित रुपमा अनुगमन गर्नेछन् । वडा अध्यक्ष तथा वडा सदस्यहरु सम्भव भएसम्म उपभोक्ता समितिहरुको बार्षिक साधारण सभा तथा बठै कहरुमा सहभागि भई आवश्यक मार्गनिदर्शन प्रदान गर्नेछन ।

१४ हरेक वडामा एउटा र नगरपालिकास्तरमा एउटा खानेपानी तथा सरसफाइ योजनालाई खानेपानी, सरसफाइ तथा स्वच्छताको उत्कृष्ट व्यवस्थापन गरे बापत वाषिक मूल्याङ्कनमा प्राप्त अं कको आधारमा नगरसभामा तोकिए बमोजिमको पुरस्कारको व्यवस्था हुनेछ। उक्त पुरस्कारको राशी उपभोक्ता समितिले समितिको सञ्चालन तथा मर्मत सम्भार कोषमा जम्मा गर्नेछ । वार्षिक मुल्यांकनको लागी अनुसुचि १ बमोजिमको फाराम प्रयोग गर्नुपर्नेछ।

१५ सम्बन्धित वडाहरुमा रहेका खानेपानी तथा सरसफाइ योजनाकहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनको अवस्था विश्लेषण गरी उत्कृष्ट व्यवस्थापन गर्ने वडालाई पुरस्कार स्वरुप वास क्षेत्रको बजेट थप गर्न सकिनेछ । कायर्स म्पादनमा कमजोर वडाहरुको अवस्था सुधारको लागि वास इकाइले क्षमता विकासका कार्यक्रम तर्जुमा गर्नेछ ।

## परिच्छेद ५

## उपभोक्ता समिति तथा योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धी व्यवस्था

१६ **दर्ता तथा नवीकरण :** नगरपालिका भित्र विद्यमान रहेका सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु नगरपालिकाको जलस्रोत नियमावलि बनाई सोहि बमोजिम दर्ता गरिनेछन् । हरेक वर्ष म्याद सकिएको ३५ दिन भित्र वार्षिक साधारणा सभा तथा सार्वजनीक परिक्षणको प्रतिवदेन पेश भएपछि उपभोक्ता समितिहरु नवीकरण गरिनेछन् । नगरपालिकामा दर्ता तथा नवीकरण नगरिएका उपभोक्ता समितिहरुले नगरपालिकाबाट आर्थिक सहयोग प्राप्त गर्ने छनै न । दर्ता तथा नवीकरण शुल्क तोकिए बमोजिम हुनेछ ।

१७ **संरचना :** उपभोक्ता समिति गठन तथा परिचालन गर्दा लोकतान्त्रिक विधि र समितिको संरचना लैंङ्गिक समानता एवम् सामाजिक समावेशीकरणको आधारमा समानुपातिक प्रतिनिधित्व लक्षित हुनेछ ।

१८ **बैठक :** निर्माण पश्चातको चरणमा उपभोक्ता समितिको बठै क कम्तिमा दुई महिनाका एकपटक बस्नेछ । वडा समिति सदस्यहरुले उपयुक्त तवरले उपभोक्ता समितिको बैठकमा आतिथ्यता ग्रहण गर्नेछन् । हरेक बैठकमा सञ्चालन तथा मर्मत सम्भार कोषको अवस्था अद्यावधिक गरिनेछ ।

१९ **बार्षिक साधारण सभाः** हरेक वर्ष उपभोक्ता समितिहरुले सबै उपभोक्ता घरधुरीहरुलाई सहभागि गराई बार्षिक साधारण सभा गर्नेछन् । उक्त सभाले खानेपानी तथा सरसफाइ योजनाको बार्षिक प्रगती तथा आर्थिक प्रतिवेदन पारित गर्नेछन् । उपभोक्ता समितिको निर्वाचन पनि यसै भेलाले गर्नेछ । यस भेलाको निर्णय तथा सार्वजनिक परिक्षण प्रतिवेदन वडा कार्यालय मार्फत नगरपालिका वास इकाईमा पेश गरिनेछ ।

२० **धारा समूह गठन तथा परिचालन :** साना खाले मर्मत सम्भार, सरसफाइ व्यवस्थापन, घरबारी व्यवस्थापनको निरन्तरता लगायतका कार्यहरुलाइ निरन्तरता दिनको लागि हरेक टोलमा सार्वजनिक धाराका उपभाक्ताेहरुको सहभागितामा धारा समूह गठन गरि परिचालन गरिनेछ । धारा समूहको बठै क नियमित रुपमा बसी खानेपानी तथा सरसफाइ योजनाको अवस्था, धाराको सरसफाइ, आवश्यक मर्मत सम्भार तथा घरबारी व्यवस्थापनको विषयमा छलफल हुनेछ ।

२१ **पूर्ण सरसफाइ :** शौचालयको नियमित प्रयोग, चाङ्ग, फोहर फाल्ने खाडल, खेर गएको पानीको सदुपयोग, सुधारिएको चुल्हो, हात धुने स्थान लगायतका संरचनाहरु निर्माण, प्रयोग, तथा पूर्ण सरसफाइका सबै सुचकहरु पुरा गर्नका लागि उपभोक्ताहरुलाई परिचालित तथा प्रोत्साहित गर्नेछ ।

२२ **मर्यादित महिनावारी व्यवस्थापन :** महिलाहरु महिनावारी भएको समयमा धारा र चर्पी प्रयोग एवम् महिनावारीको समयमा हनु अन्य विभदेहरुको विरुद्धमा विभिन्न चेतनामूलक अभियान सञ्चालन गर्नेछ ।

२३ **बातावरणीय सरसफाइ :** उपभोक्ता समितिले सबै घरधरुीहरुलाइ खेर गएको पानीको उचित व्यवस्थापनको लागि पानी संकलन पोखरीहरु निर्माण गर्ने तथा उक्त पानीलाइ करेसाबारीमा प्रयोग गर्न प्रेरित गर्नछे । खेर गएको पानीको उचित व्यवस्थापन नगरी वातावरण प्रदुषित गर्ने तथा सडक वा बाटो फोहर गर्ने घरधुरीलाइ दण्डित गर्ने अधिकार समेत उपभोक्ता समितिलाइ रहेको छ ।

२४ **सरसफाइ तथा स्वच्छता अवस्थाको अनुगमन :** उपभोक्ता समितिले नियमित रुपमा व्यक्तिगत सरसफाइ, हातधुने अभ्यास, स्यानीटरी प्याडको प्रयोग तथा बिसर्जनको अवस्था लगायत घरेलु तथा वातावरणीय सरसफाइको अनुगमन गर्नेछ । सरसफाइ तथा स्वच्छता अवस्थाको प्रतिवेदन तथा कार्ययोजना वार्षिक साधारण सभामा पेश गरिनेछ ।

२५ **दस्तावेजीकरण :** उपभोक्ता समितिले लेखा सम्बन्धी दस्तावेज, योजनाको सम्झौता तथा डिजाइन प्रतिवेदन, उपभोक्ता समितिको निर्णय पुस्तिका, योजना खाता, आगन्तुक पुस्तिका, निर्माण सामाग्रीहरुको जिन्सी खाता, जगेडा पार्टपुर्जा, सामग्री तथा औजारहरुको अभिलेख दुरुस्त एवम् सुरक्षित रुपमा राख्नेछ ।

२६ **प्रतिवेदन :** उपभोक्ता समितिले हरके आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिभित्र खानेपानी तथा सरसफाइ योजनाको भौतिक अवस्था सम्बन्धी प्रतिवेदन अनुसुचि २ बमोजिम वडा कार्यालयमा पेश गर्नेछ र त्यसको बोधार्थ खानेपानी तथा सरसफाई उपभोक्ता समिति सञ्जाल तथा आवद्ध भएको सहकारी संस्थामा पेश गर्नेछ। यस्तो प्रतिवेदनमा नगरपालिका स्तरीय सूचना व्यवस्थापन प्रणालीमा भएका जानकारीहरु समावेश हुनेछन् । कुनै प्रकारको आपतकालिन मर्मत सम्भार, सेवा विस्तार तथा अन्य आवश्यक सहयोगका विषयहरु समेत प्रतिवेदनमा समावेश हुनेछन् । वडा कार्यालयले प्रतिवदे न संग्रह गरी नगरपालिका वास इकाइर्म ा पेश गर्नेछ । यदि वास व्यवस्थापन समिति वा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालले विषेश रुपमा ध्यान दिनुपर्ने कुनै विषय भएमा समेत यस प्रतिवेदनमा समावेश गरिनेछ ।

२७ **पानीको सदुपयोग :** उपभोक्ता समितिले उपलव्ध पानीको अधिकतम सदुपयोग गर्ने गरी पानी उपयोगको पद्धति स्थापना गर्नेछ । अनावश्यक रुपमा पानीको भण्डारण गर्ने, धाराहरु खुल्ला छोड्ने तथा खानेपानीको धाराबाट आउने पानी खेतबारीमा प्रयोग गर्ने कुरालाई निरुत्साहित गरिनेछ । विवाह लगायतका विषेश सामाजिक अवसरहरुमा उपभोक्ता समितिले अतिरिक्त शुल्क लिई वा नलिइ अधिक पानी उपयोग गर्न अनुमति प्रदान गन सक्नेछ ।

२८ **श्रोत तथा संरचना संरक्षण :** उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ योजनाको दिगो व्यवस्थापनका लागि इन्टेक/श्रोत संरक्षण, जलाधार क्षेत्र संरक्षण, इन्टेक क्षेत्रको सरसफाइ व्यववस्थापन, पानी पुनर्भरण, योजनाका अन्य संरचना संरक्षण, बृक्षारोपण, वातावरण संरक्षण तथा पहिरो नियन्त्रण सम्बन्धि कृयाकलापहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नेछ ।

२९ **पानीको गुणस्तर व्यवस्थापन :** वितरित पानीलाई सुरक्षित गर्नको लागि प्रत्येक खानेपानी तथा सरसफाइ योजनामा तोकिएका ढाँचामा खानेपानी सुरक्षा योजना तयार गरी लागू गर्नेछ । नगरपालिकाले पानीको गुणस्तर जाँच गर्नको लागि नगरपालिकामा पानी परिक्षण प्रयोगशाला स्थापना र सञ्चालन निर्देशिका जारी गरी न्यूनतम शुल्कमा पानी परिक्षणको सेवा प्रदान गर्नेछ ।

३० **पानी महशुल :** खानेपानी तथा सरसफाइ योजना निर्माणको समयमा नगद तथा श्रम योगदान नगर्ने वा नयाँ बसाइ सरी आउने घरधुरीलाइ उपभोक्ता समितिले तोकिएको शुल्क लिइ खानेपानी उपभोक्तामा सहभागि गराउनेछ । नीजि धारा भएका योजनाको हकमा धारा जडान गरिदिनेछ । यस्तो शुल्क निर्धारण गर्दा योजना निर्माण गर्दा अन्य घरधरुीले गरेको नगद तथा श्रमलगानीको परिमाणलाई आधार बनाइनेछ । हरेक उपभाक्तो समितिले मासिक रुपमा पानी उपभोग गरेबापत पानी महशुल निर्धारण गर्नेछन् । यसरी पानी महशुल निर्धारण गर्दा योजनाको सञ्चालन खर्च तथा नियमित मर्मत सम्भार खर्च उठ्ने गरी निर्धारण गर्नुपर्दछ ।

३१ **सुविधास्तर सुधार तथा विस्तार :** वास व्यवस्थापन समितिको स्वीकृती तथा नगरपालिका वास इकाईको प्राविधिक सहयोगमा सावर्ज निक धारा भएका खानेपानी तथा सरसफाइ योजनाहरुलाइ ँ नीजि धारा प्रणालीमा स्तरोन्नती गर्न सकिनेछ । योजनाको प्राविधिक पक्षलाई मनन गरी सार्वजनिक धारा भएका योजनाबाट नीजि धारा जडान गर्न पाइनेछैन ।

३२ **मर्मत सम्भार कार्यकर्ता :** खानेपानी तथा सरसफाइ योजनाको नियमित सञ्चालन तथा मर्मत सम्भार प्रयोजनको लागि योजनामा कम्तिमा एकजना तालिमप्राप्त मर्मत सम्भार कार्यकर्ता नियुक्त गरी काममा लगाउनेछ । यस्तो मर्मत सम्भार कार्यकर्ता स्थानीय तथा बसाइ ँ सरी जाने सम्भावना कम भएको हुनुपर्दछ । महिला तथा पिछडिएको वर्गको व्यक्तिलाई मर्मत सम्भार कार्यकर्ता नियुक्त गर्दा विषेश प्राथमीकता दिइनेछ । उपभोक्ता समितिले मर्मत सम्भार कार्यकर्तालाई नियुक्ती पत्र तथा कामको विवरण समेत उपलब्ध गराई काममा लगाउनेछ।

३३ **नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोषः** खानेपानी तथा सरसफाइ योजनाको दिगो सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको लागि आवश्यक सहयोगको लागि नगर कार्यपालिकाले नगरपालिका स्तरीय मर्मत सम्भार कोष स्थापना गर्नेछ ।

३४ **प्राविधिक सहयोग :** उपभोक्ता समितिले नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईबाट आवश्यक प्राविधिक सहयोग हासिल गर्नेछ । यसका अतिरिक्त वास व्यवस्थापन समितिको सिफारिसमा नगरकार्यपालिकाले नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोषबाट बेहोरिने गरी खानेपानी तथा सरसफाइ योजनाको ठूलो मर्मत लगायतका कार्यमा आर्थिक सहयोग समेत गर्नेछ । तर यस्तो सहयोग प्राप्त गर्नको लागि उपभोक्ता समितिहरुले योजनामा निम्न बमोजिमको न्यूनतम मापदण्ड कायम गरेको हुनुपर्नेछ । न्यूनतम मापदण्ड कायम नगर्ने योजनाहरुलाई नगर कार्यपालिकाले कुनै सहयोग उपलब्ध गराउनेछैन।

क. उपभोक्ता समितिले खोपानी सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयन गरेको तथा खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि कार्यान्वयन गरेको हुनुपर्ने,

ख. उपभोक्ता समिति नगरपालिकामा दर्ता भै बार्षिक रुपमा नियमित नवीकरण भएको,

ग. उपभोक्ता समितिको आफ्नो सञ्चालन तथा मर्मत सम्भार कोष भएको र नियमित रुपमा पानी महशुल उठाउने गरेको,

घ. उपभोक्ता समितिले औजारहरु तथा जगेडा पार्टपूर्जाहरुको व्यवस्था गरको

ङ उपभोक्ता समितिले मर्मत सम्भार कार्यकर्ता नियुक्त गरी परिचालन गरको

च. उपभोक्ता समितिले बार्षिक साधारण सभा गरी खर्च तथा कार्यक्रमहरुको सार्वजनिक परिक्षण नियमित रुपमा गर्ने गरेको,

छ. उपभोक्ता समितिले लेखापालन तथा भण्डार श्रेष्ता दुरुस्त
राखेको ।

## परिच्छेद ६

## खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल सम्बन्धी व्यवस्था

३५ नगरपालिका क्षेत्रभित्रका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको सहभागितामा नगरपालिकास्तरीय खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल गठन गरिनेछ । नगरपालिका वास इकाईले सञ्जाल गठनमा सहजीकरण गर्नेछ । सञ्जाल नगरपालिका वास इकाईमा दर्ता गरिनेछ । सञ्जाल कुनै राजनितिक दलसँग आवद्ध नभएको तथा नगरपालिकाको कर्मचारीको सम्बद्धता नभएको हुनेछ । सञ्जालको संरचना सञ्जालमा उल्लेख भए बमोजिम हुनेछ ।

३६ नगरपालिका भित्र रहेका सबै उपभोक्ता समितिहरु अनिवार्य रुपमा यस सञ्जालको सदस्य हुनेछन्, सदस्यता तथा नवीकरण शुल्क तोकिए बमोजिम हुनेछ । सबै सदस्यहरुको सहभागितामा बर्षको एक पटक साधारण सभा गरी सञ्जाल कार्यसमितिको निर्वाचन गर्ने तथा नगरपालिकालाई नीतिगत पृष्ठपोषण दिनेछ ।

३७ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालको काम, कर्तव्य र जिम्मेवारी

क) सञ्जालका प्राथमीक जिम्मेवारीहरुः

- खानेपानी तथा सरसफाइ योजनाको सञ्चालन तथा मर्मत सम्भार लगायतका विषयहरुमा सवाल तथा समस्याहरु पहिचान गरी वास व्यवस्थापन समिति नगरकार्यपालिका र नगरसभामा सो को समाधानको लागि उपभोक्ताहरुको तर्फबाट पैरबी गर्ने,
- सदस्य उपभोक्ता समितिहरुको दर्ता तथा नवीकरण एवम् सञ्चालन तथा भौतिक अवस्था अद्यावधिक गर्ने कार्यमा सहजीकरण गर्ने,
- नगरपालिकास्तरमा वास सूचना प्रणाली स्थापना तथा अद्यावधिक गर्नको लागि वास व्यवस्थापन समितिलाई सहयोग गर्ने,
- योजनाहरुको अनुगमन तथा मूल्यांकन गर्ने कार्यमा वास व्यवस्थापन समितिलाई सहयोग तथा सहजीकरण गर्ने,
- नियमित रुपमा सञ्जालको बैठक बसी योजना मर्मत सम्भारका समस्याहरुको बारेमा छलफल गरी समाधान निकाल्ने तथा असल अभ्यासहरुको वारेमा छलफल गरी अन्य योजनामा समेत लागू गर्ने,

ख) सञ्जालका अन्य जिम्मेवारीहरु (समय तथा स्रोतको आधारमा):

- खानेपानी तथा सरसफाइ योजना सञ्चालन तथा मर्मत सम्भारका सवालहरुमा दातृ निकाय तथा अन्य सरेकारवाला निकायमा पैरबी गर्ने,
- उपभोक्ता समितिलाई भरपर्दो सहकारीमा आवद्ध हुन प्रोत्साहित गर्ने,
- सबै उपभोक्ता समितिहरुको वार्षिक साधारण सभा भएको तथा उपभोक्ता समितिहरु सकृय भएको सुनिश्चित गर्ने,
- वास व्यवस्थापन समितिले आयोजना गरेको कार्यक्रमहरुमा सकृय सहभागि हुनेतथा सदस्य उपभोक्ता समितिहरुलाई सहभागि हुन लगाउने,

## परिच्छेद ७

## खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सहकारीमा आवद्धता सम्बन्धी व्यवस्था

३८ सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई नगरपालिकामा रहेको विश्वासिलो सहकारीको शेयर सदस्य भई आफ्नो सञ्चालन तथा मर्मत सम्भार कोष सहकारीमा निक्षेप जम्मा राख्न प्रोत्साहित गरिनेछ ।

३९ उपभोक्ता समितिले सहकारीबाट योजनाको ठूलो वा आकस्मिक मर्मत कार्यमा आथिर्क सहयोग खाज्न सक्नछेन। उपभोक्ता समितिहरुले योजनाको ठूलो मर्मत, सेवा विस्तार लगायतका कार्यमा सहकारीबाट सुलभ व्याजदरमा कर्जा लिन सक्नेछन् र पानी महशुलबाट उक्त कर्जा फिर्ता गर्नेछन् ।

४० सहकारीले उपभोक्ता समितिलाई आर्थिक व्यवस्थापन, लेखा व्यवस्थापन तथा साधारण सभाको आर्थिक प्रतिवेदन तयारी लगायतका विषयमा आवश्यकता अनुसार सहयोग गर्न सक्नेछन् ।

४१ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सदस्य हुने सहकारी संस्थाहरुलाई आपतकालीन मर्मत राहत कोष स्थापनाको लागि प्रोत्साहित गरिनेछ जसमा खुद मुनाफाको निश्चित अशं उक्त कोषमा जम्मा गर्ने प्रावधान संस्थाको विनियममा उल्लेख गर्न प्रेरित गरिनेछ। यस्तो रकम दैवी विपत्तीबाट योजनामा क्षती हुन गएमा यस बापत भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ। सहयोगको प्रकार तथा परिमाण सहकारीको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद ८

## विविध

४२ विशेषाधिकार : यस निर्देशिकामा भएका दफाहरूको संशोधन गर्ने, स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार नगरकार्यपालिकामा रहनेछ ।

४३ निर्देशिकाको कार्यान्वयन तथा पालना : नगरसभाका सबै जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति तथा सम्बद्ध सबैले यो निर्देशिकाको पूर्ण पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

४४ कार्यविधि बनाई लागु गर्ने :

क. नगरकार्यपालिकाले दफा ३३ अनुसार स्थापना हुने नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष सञ्चालनको लागि कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

ख. खानेपानी तथा सरसफाइ योजनाको सञ्चालन तथा मर्मत सम्भार र सरसफाइ तथा स्वच्छता व्यवस्थापनलाइ नियमन गर्न प्रत्येक खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि तयार पारी लागु गर्नेछ । कार्यविधिको नमुना अनुसुचि ३ बमोजिम हुनेछ ।

ग. यदि वडा वा नगरपालिकामा भरपर्दो सहकारी नभएको अवस्थामा उपभोक्ता समिति आफैले कार्यविधि बनाई सञ्चालन तथा मर्मत सम्भार कोष उपभोक्ताहरुको बीचमा जीविकोपार्जनका क्रियाकलापहरुमा लघुकर्जाको रुपमा परिचालन गर्न सक्नेछ ।

४५ निष्कृयता : यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए पनि तत्काल प्रचलित कानूनसंग बाझिएमा, बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ । सहकारी संस्था नभएको हकमा सहकारी संग सम्बन्धित प्रावधानहरु निष्कृय रहनेछन ।

## ७। खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि,(नमुना)

प्रस्तावनाः ...................................................... योजनाको मर्मत सम्भार, दिगो सञ्चालन र लाभान्वित समुदामा सरसफाइ तथा स्वच्छता व्यवस्थापनकोलागि ...................... नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन निर्देशिकाले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "उपभोक्ता समितिको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि,....." रहनेछ ।

(२) यो कार्यविधि मिति ...................... (आमभेलावाट पारित भएको मिति) वाट लागु हुनेछ ।

२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. "समिति" भन्नाले .....................खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जनाउँछ ।

ख. "मर्मत सम्भार कार्यकर्ता" भन्नाले यस योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालीम प्राप्त प्राविधिकलाइ जनाउँछ ।

ग. "महिला धारा समूह" भन्नाले धाराको पानीको उचित प्रयोग तथा धाराको सामान्य मर्मत सम्भारको लागि सम्बन्धित धाराका उपभोक्ता घरधुरीमध्येवाट गठित महिलाहरुको समूहलाई जनाउँछ ।

घ “उपभोक्ता” भन्नाले योजना निर्माणमा समेत योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजनामा निर्माणमा सहभागि नभै निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम समावेश भएको व्यक्तिलाई जनाउँछ ।

ङ. “मर्मत सम्भार कार्ययोजना” भन्नाले योजनाको नियमित रेखदेख, सम्भार तथा मर्मतको लागि उपभोक्ता भेलाद्वारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।

च. “खानेपानी सुरक्षा योजना” भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलुस्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषणको सम्भावना (जोखिम) लाई अग्रीम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।

छ. “आमभेला” भन्नाले खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ७५ प्रतिशत घरहरुवाट प्रतिनिधित्व भएको तथा जम्मा उपस्थित संख्याको कम्तिमा ५०% महिला सहभागि भएको भेलालाई जनाउँछ ।

ज. सरसफाइ तथा स्वच्छता” भन्नाले नेपाल सरकारले तोकेको पूर्ण सरसफाइका सूचकहरु पूर्ण भएको अवस्थालाई जनाउँछ ।

झ. “ मर्यादित महिनावारी व्यवस्थापन” भन्नाले महिनावारी भएको समयमा सुरक्षित स्थानमा बस्ने, पोषणयुक्त खानेकुराहरु खाने, सरसफाइ तथा स्वच्छताका सुविधाहरु एवम् सामाजिक कार्यहरुमा विना भेदभाव सहभागि हुन पाउने अवस्थालाई जनाउँछ ।

ञ. “घरबारी व्यवस्थापन” भन्नाले पोषणलाई मख्य रुपमा लक्षित गरी आफ्नो घर वरीपरी भएको सानो जमिनमा तरकारी खेती, मसला खेती, फलफुल खेती र घाँस तथा डाले घाँस रोपण लगाायतका कृयाकलापहरु गरिएको अवस्थालाई जनाउँछ ।

## परिच्छेद २

## समन्वय तथा संस्थागत व्यवस्था

३ **उपभोक्ता समतिको संरचनाः** समितिमा जम्मा ....... सदस्यहरु हनुछन्, जसमा कम्तिमा ५०% महिलाको सहभागिता अनिवार्य गरिएको छ । साथै योजनावाट लाभान्वित भएको सवै क्षेत्र, वर्ग तथा जातीय समुदायवाट समितिमा समानुपातिक प्रतिनिधित्व हुनेछ ।

४ **दर्ता, नवीकरण तथा आवद्धताः** नगरपालिकाको ‘खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका २०७७’ को प्रावधान अनुसार उपभोक्ता समिति नगरपालिकामा दर्ता भई नवीकरण हुनेछ । समिति खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल र सहकारीमा समेत आबद्ध हनुछ ।

५ **बैठकः** समितिको बैठक कम्तिमा प्रत्येक एक/दुई महिनाको पटकपटक बस्नेछ ।

६ **साधारण सभाः** हरेक वर्ष समितिले उपभोक्ता सदस्यहरुलाई सहभागी गराई वार्षिक साधारण सभा आयोजना गर्नेछ । समितिले उक्त साधारण सभामा वार्षिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पेश गरी सार्वजनिक परिक्षण गराउनेछ । वार्षिक साधारण सभामा समितिको वार्षिक तथा आर्थिक प्रतिवेदन पेश गर्नुअघि समितिको बैठक वसी छलफल गरिनेछ । बैठकद्वारा पारित गरिएको आर्थिक तथा प्रगती प्रतिवेदन आमभेलामा पेश गरी अनुमोदन गराइनेछ । समितिको निर्वाचन वार्षिक साधारण सभाको माध्यमवाट गरिनेछ ।

७ **खानेपानी सुरक्षा टोलीः** खानेपानीको गुणस्तर व्यवस्थापन गर्ा समितिले आम भेलाबाट खानेपानी सुरक्षा टोली गठन गर्नेछ । टोलीमा उपभोक्ता समितिका पदाधिकारीहरु, नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समितिको प्रतिनिधि, मर्मत सम्भार कार्यकर्ता, महिला स्वास्थ्य कार्यकर्ता, शिक्षक, वडा कार्यालय प्राविधिक, उपभोक्ताका प्रतिनिधि समानुपातिकरुपमा समावेश हुनेछन् । टोली संयोजक उपभोक्ता समितिका अध्यक्षले गर्नेछन्।

८ **धारा समुह:** समितिले सार्वजनिक धारा प्रणालीका खानेपानी योजनाका धाराहरुको उचित सम्भार तथा सामान्य मर्मतको लागि लाभान्वित घरधुरीवाट एक एक जनाको प्रतिनिधित्व हुने गरी धारा समूह गठन गर्न सहयोग गर्नेछ । उक्त समूहले पानीको उचित प्रयोग गर्ने, प्रयोग नभएको अवस्थामा धाराहरु वन्द गर्ने, धारा तथा सो को वरिपरि सरसफाई गर्ने, धाराको टुटी विग्रेमा सो को मर्मत गर्ने वासर फेर्ने, योजनाको अन्य सामान्य मर्मत गर्ने तथा घरबारी व्यवस्थापन तथा पूर्ण सरसफाइ प्रबर्द्धनका कार्य गर्नेछ । यसका साथै धारा समूहले पानीको निकास जाने नालीको व्यवस्था गर्ने, डिजाइन भन्दा बढि पानीको उपयोगमा रोक लगाउने तथा पानीको सही सदुपयोग र संरक्षणको सचेतना जगाउने कार्य गर्नेछ । साथै खेर गएको पानी संकलन गरी घरबारी व्यवस्थापनका कार्यहरु गर्नेछ ।

९ **निर्णय:** सवै बैठक तथा भेलाहरुको निर्णय समितिको निर्णय पुस्तिकामा लेखिनेछ ।

१० **प्रतिवेदन:** समितिले योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको वार्षिक प्रतिवेदन नगरपालिकाको ‘खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका २०७७’ को परिच्छेद ५ को दफा २६ बमोजिम हरेक आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिभित्र वडा कार्यालयमा तथा बोधार्थ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल र आवद्ध भएको सहकारी संस्थामा पेश गर्नेछ । वार्षिक साधारण सभाको प्रतिवेदन साधारण सभा भएको एक हप्ता भित्र वडा कार्यालय तथा तथा बोधार्थ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल र आवद्ध भएको सहकारी संस्थामा पेश गर्नेछ । समितिले उक्त निकायहरुलाई योजनाका विषेश अवस्थको वारेमा प्रतिवदेन दिनु परेमा आवश्यक परेको वेलामा उक्त प्रतिवदेन दिनेछ ।

११ **लेखा व्यवस्थापन तथा दस्तावेजीकरण:** समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार कोषको लेखा, निर्माण सामग्री, जगेडा पार्टपुर्जा तथा औजार लगायतका जिन्सी सामग्रीहरुको श्रेस्ता, बैठक निर्णय पुस्तिका, आगन्तुक पुस्तिका लगायतका अन्य खातापाताहरुको व्यवस्थापन चुस्तदुस्त रुपमा गर्नेछ । समितिले तोकेको अवधिमा सार्वजनिक परिक्षण तथा सुनुवाई गर्नु पर्नेछ ।

१२ **समन्वय:** समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार कार्यको लागि खानेपानी तथा सरसफाइ उपभोक्ता समति सञ्जालको सक्रिय सदस्यको रुपमा भूमिका निवार्ह गर्नेछ । उपभोक्ता सदस्यहरुलाई कृषि विकास, भूसंरक्षण तथा अन्य प्राविधिक सहयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समति सञ्जाल, लगायतका अन्य विषयगत कार्यालयहरुसंग नियमित सम्पर्क तथा समन्वय कायम गरी सहयोग प्राप्त गर्ने तर्फ पहल गर्नेछ ।

१३ **आर्थिक तथा प्राविधिक सहयोग:** योजनामा स्थानीय स्तरमा समाधान गर्न नसक्ने गरी समस्या देखा परेमा वडा कार्यालयमा आवश्यक सहयोगार्थ अनुरोध गर्न गर्नेछ ।

## परिच्छेद ३

## योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन

१४ समितिले योजनाको नियमित मर्मत तथा सम्भार गरी योजनावाट प्राप्त हुने नियमित सेवालाई सुनिश्चित गर्नको लागि एक मर्मत सम्भार कार्ययोजना वनाउनेछ । उक्त कार्ययोजना वार्षिक साधारण सभा वा आमभेलाले सिफारिस गरे वमोजिम नियमित रुपमा अद्यावधिक हुनेछ ।

१५ समितिले तयार गरेको सञ्चालन तथा मर्मत सम्भार कार्ययोजनाको सवै उपभोक्ताहरुले पालना गर्नेछन् । उक्त कार्ययोजना यसै कार्यविधिको एक अंशको रुपमा रहनेछ ।

१६ योजना निर्माण पश्चात योजना क्षेत्रमा बाँकी रहन गएका पाईप, फिटीङ्ग, औजार तथा निर्माण सामाग्रीहरुमध्ये भविष्यमा योजनाको मर्मत सम्भार कार्यमा आवश्यक पर्न जाने सामाग्रीहरु समितिले अलग गरी लगत खडा गर्नेछ। अन्य (भविष्यमा मर्मत सम्भारको लागि प्रयोग हुन नसक्ने) सामाग्रीहरु बाँकी रहन गएमा उक्त सामाग्रीहरु समितिले बिक्रि गरी आएको रकम सञ्चालन तथा मर्मत सम्भार कोषमा आम्दानी बाँध्ने वा नगरपालिकाको निर्णय/निर्देशन वमोजिम अन्य योजनाहरुलाई हस्तान्तरण गर्न सक्नेछ । समितिले कम्तिमा वर्षको एक पटक औजारहरुको अवस्था जाँच गरी आवश्यकता अनुसार नयाँ औजारहरुको व्यवस्थापन गर्नेछ ।

१७ समितिले योजनाको लागि आवश्यक पर्ने सबै औजारहरु समितिले तोकेको सदस्यको मातहतमा रहने गरी सुरक्षित रुपमा भण्डारण गरी राख्ने व्यवस्था मिलाउनेछ । योजना मर्मतको समयमा मर्मत सम्भार कार्यकर्ताले उक्त औजारहरु सम्बन्धित जिम्मेवार व्यक्तिवाट भरपाई गरी वुभिलिई काम सम्पन्न भएपश्चात तुरुन्त भण्डारमा नै दाखिला गर्नुपर्नेछ । लापरवाही गरी औजारहरु हराएमा वा टुटफटु भएमा सम्बन्धित व्यक्तिवाट समितिले सोधभर्ना लिनेछ ।

१८ समितिले टुटफुट भैरहने वा वदलिरहनु पर्ने पार्टपुर्जाहरुको न्यूनतम मौज्दात जगेडा राख्नेछ । खर्च भैसकेपछि यथासक्य चाँडो उक्त पार्टपूर्जाहरुको पूर्ति गरिनेछ। (समितिले धारामा लाग्ने पार्टपूर्जाहरुको रकम समेत उपभोक्तावाट उठाउन सक्नेछ ।)

१९ समितिले योजनाको आवश्यक मर्मत सम्भारको लागि आवश्यक पर्ने पार्टपुर्जाहरु तथा औजारहरु खरिद गर्दा आवश्यक सामाग्रीको सूची तयार गर्नेछ । समितिले प्रचलित खरिद प्रकृया अपनाई उक्त सूची अनुसार निर्धारित गुणस्तर वमोजिमको सामान खरिद गर्नेछ ।

२० समितिले खानेपानी योजनाका धाराहरुको उचित सम्भार तथा सामान्य मर्मतको लागि लाभान्वित घरधुरीवाट एक एक जनाको प्रतिनिधित्व हुने गरी महिलाहरुको धारा समूह गठन गर्न सहयोग गर्नेछ । उक्त समूहले पानीको उचित प्रयोग गर्ने, प्रयोग नभएको अवस्थामा धाराहरु वन्द गर्ने, धारा तथा सो को वरिपरि सरसफाई गर्ने, धाराको टुटी विग्रेमा सो को मर्मत गर्ने वासर फेर्ने, योजनाको अन्य सामान्य मर्मत गर्ने तथा घरबारी व्यवस्थापन तथा पूर्ण सरसफाइ प्रबर्द्धनका कार्य गर्नेछ । यसका साथै धारा समूहले पानीको निकास जाने नालीको व्यवस्था गर्ने, डिजाइन भन्दा बढि पानीको उपयोगमा रोक लगाउने तथा पानीको सही सदुपयोग र संरक्षणको सचेतना जगाउने कार्य गर्नेछ । साथै खेर गएको पानी संकलन गरी घरबारी व्यवस्थापनका कार्यहरु गर्नेछ ।

२१ अनावश्यक रुपमा पानीको अत्याधिक भण्डारण गर्ने, अरु धाराहरुमा असर पर्ने गरी तरकारी/सिँचाई आदिमा प्रयोग गर्न पाईने छैन ।

तर विषेश अवस्थामा विवाह/व्रतवन्ध/धार्मिक/साँस्कृतिक कार्यहरुको लागि समितिले अतिरिक्त समयमा रु............शुल्क लिई वा सित्तैमा पानी उपलब्ध गराउने व्यवस्था गर्न सक्नेछ ।

२२ जरिवानाः समितिले निम्न अवस्थामा उपभोक्ताहरुवाट जरिवाना उठाउने वा अन्य कार्यवाही गर्न सक्नेछ । यसरी उठेको जरिवाना रकम सञ्चालन तथा मर्मत सम्भार कोषमा जम्मा हुनेछ । समिति र मर्मत सम्भार कार्यकर्ताका साथै धारा समूहहरुले योजनाको सदुपयोग गर्न, टुटफुट हुन नदिनको लागि रेखदेख तथा अनुगमन गर्नेछन् ।

क. धाराको टुटी विग्रेमा धारा समूहले परल मूल्य तिरी समितिवाट धारा टुटी प्राप्त गनर्छे । विगेको दुइ दिन भित्र टुटी ममर्त नगरमे ा वा नयाँ टुटी नबदलेमा समितिले सोधाराको पानी वन्द गर्न सक्नेछ ।

ख. प्रयोग नभएको अवस्थामा धारा खुल्लै छोडेको पाइएमा पहिलो पटक चेतावनी दिनेछ र पुनः यसो भएको पाइएमा धारा काटिनेछ । काटिएको धारा पुन जडान गर्न धारा समूहले समितिमा आइन्दा यसो नगर्ने प्रतिवद्धता सहित निवेदन दिनुपर्नेछ र समितिले रु. ....... जरिवाना लिई धारा पुनः जडान गरिदिनेछ ।

ग. धाराको टटुीमा पाइप लगाई घरसम्म पानी लजैाने वा टी जडान गर्न पाइनेछैन । कुनै उपभोक्ताले यसो गरके ा पाइएमा समितिले पहिलो पटक चेतावनी दिई सो कार्यमा प्रयोग भएको पाइप नियन्त्रणमा लिनेछ । पुनः सो कार्य गरेको पाइएमा धारा काटिनेछ । काटिएको धारा पुन जडान गर्न धारा समूहले समितिमा आइन्दा यसो नगर्ने प्रतिवद्धता सहित निवेदन दिनुपर्नेछ र समितिले रु. ....... जरिवाना लिई धारा पुनः जडान गरिदिनेछ ।

घ. कुनै धारामा उक्त पानीको वहाव नियन्त्रण गर्ने भल्व अनाधिकृत रुपमा चलाई बढि पानी निकालेको पाइएमा वा संरचनाहरुको गेट भल्व लगायत फिटीङ्गस्हरु अनाधिकृत रुपमा चलाएको पाइएमा पहिलोपटक रु.......... , दोश्रो पटक रु ............ र तेश्रो पटक रु. ........... जरिवाना गरिनेछ । पटक पटक यस्तो कार्य भएको पाइएमा धारा काटिनेछ । यसरी

धारा काटिएमा माथिल्लो उपदफा वमोजिमको प्रकृया अपनाई पुनः जडान गराउन सक्नछे। यसरी अनाधिकृत रुपमा फिटीङ्गस्हरु चलाउँदा टुटफुट हुन गएमा विगो भराई विगो वरावर थप जरिवाना गरिनेछ।

ङ. समितिको कार्यक्षत्रे भित्रका व्यक्तिले योजनाका संरचनाहरु, तारवार, पोल, गेट आदि भत्काएमा वा नोक्सानी गरेमा वा पाइपलाइन काटेमा समितिले नोक्सानी भए वरावरको विगो भराइ विगो वरावर थप जरिवाना गर्नेछ।

च समितिको कार्यक्षेत्र भन्दा वाहिरका व्यक्तिहरुले योजनाको संरचनाहरुमा हानी नोक्सानी पुऱ्याएको पाइएमा समितिले सम्बन्धित नगरंपालिका/अन्य निकायमा उजुरी दिई प्रचलित कानून वमोजिम उक्त नोक्सानीको क्षतीपूर्ति भराई लिनेछ।

छ. समितिले तयार गरी आमभेलावाट पारित भएको सञ्चालन तथा मर्मत सम्भार कार्ययोजना वमोजिमको जिम्मेवारी सवै सम्बन्धित उपभोक्ताहरुले पालना गनर्पु र्दछ। यदि कसैले उक्त कार्ययोजना पालना नगरेमा वा समितिले आव्हान गरे वमोजिम श्रमदान नगरेमा समितिले प्रतिदिन प्रतिव्यक्ति रु. ......... का दरले जरिवाना असुल गर्नेछ।

२३ इन्टेक/श्रोत तथा अन्य संरचना संरक्षण

क. समितिले इन्टेक/श्रोत संरक्षण तथा वातावरण संरक्षण गर्ने कार्यलाई प्रवर्द्धन गर्नेछ। विषेशतः प्रयोग भएको श्रोतको जलाधार क्षेत्रको संरक्षणमा विषेश ध्यान दिइनेछ। इन्टेकको नियमित सफाइ गर्ने तथा पानीका श्रोत वरिपरि वृक्षारोपण गर्ने एवं श्रोतको सुरक्षाका लागि श्रोतभन्दा माथिल्लो धरातलमा रहेका घरपरिवारहरुलाई फोहरका सुरक्षित विषजर्न तथा शौचालयको प्रयोग गर्ने र श्रोत वरिपरि सफा राख्नको लागि पहल गर्नेछ।

ख. समितिले श्रोतमा पानीको बहावलाई कायम राख्न पानी पुनर्भरण सम्बन्धि कृयाकलापहरु प्राथमिकताका साथ गर्नेछ।

ग. एकपटक पुरिएको पाइपलाइन पुनः धसिने भएकोले समितिले समुदाय परिचालन गरी उक्त पाइपलाइनलाई पुनः पुन र उक्त पाइपलाइन रुटमा घाँस रोप्ने व्यवस्था मिलाउनेछ।

घ. समितिले पानी पोखरी, सी.सी, डि.सी. तथा अन्य संरचनाहरुको सुरक्षाको लागि टेवा पर्खाल/केतुकी/रम्बाँस आदि स्थानीय प्रजातीका वोटविरुवा लगाउने र तारवारहरुको सुरक्षा गर्ने कार्यमा उपभोक्ताहरुलाई परिचालन गर्नेछ।

२४ समितिले योजनावाट वितरित पानीलाई सुरक्षित गनर्को लागि सवै उपभोक्ताहरुको सहभागितामा खोपानी सुरक्षा योजना तयार गर्नेछ। उक्त योजना अनुसार जिम्मेवारी पाएका हरके सदस्य तथा उपभोक्ताले आफ्नो जिम्मेवारी निर्दिष्ट गरिएको समयमा पुरा गर्नुपर्नेछ। समितिले खानेपानी सुरक्षा योजनाको समिक्षा/अनुगमन एवं संशोधन समितिको बठै क तथा आवश्यकता अनसुार आमभेला मार्फत गर्नेछ। समितिले समुदायमा स्वास्थ्यको महत्वको वारेमा जनचेतना जगाउने तथा हात धुने, थापेर ल्याइएको पानीको सुरक्षित किसिमले चलन गर्ने र पानी शुद्धिकरण लगायत खानेपानी सुरक्षा योजनामा उल्लेख भएका अन्य क्रियाकलापहरु सञ्चालनको प्रवर्द्धन गर्नेछ। पानीको गुणस्तर सुनिश्चित गर्न खानेपानी सुरक्षा टोलीले वर्षको कम्तिमा दुई पटक पानीको गुणस्तर जाँच प्रयोगशालामा गई पानीको गुणस्तर जाँच गर्नेछ र गुणस्तर कमजोर देखिएमा शुद्धिकरणका आवश्यक कृयाकलापहरु कार्यान्वयन गर्नेछ।

२५ समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा आवश्यक सहयोगको लागि मर्मत सम्भार कार्यकर्ता छनौट गरी तालीमको व्यवस्था मिलाउनेछ। मर्मत सम्भार कार्यकर्ता छनौट गर्दा त्यसका आधारहरु तथा प्रकृयाको वारेमा समुदायलाई जानकारी गराउनेछ र आवश्यकता अनुसार त्यसमा संसोधन गर्नेछ।

क. मर्मत सम्भार कार्यकर्ता छनौट गर्ने आधारहरु निम्न अनुसार तय गरिएको छ।

- स्थानीय तथा उपभोक्ता घरधुरी भित्रको
- १८ वर्ष पुरा भई ५८ वर्ष उमेर ननाघेको
- महिला तथा पिछडिएको वर्गलाई प्राथमीकता
- सामाजिक सेवाको भावना भएको
- नगरपालिका वाहिर काममा जाने योजना नभएको

## ख। छनौट प्रक्रिया

- समितिले इच्छुक व्यक्तिको सूची तयार गरी अन्तरवार्ता लिई योग्य व्यक्तिलाई समितिले नियुक्त गर्नेछ ।
- छनौट भएको व्यक्तिको काम गर्ने सम्बन्धी लिखित प्रतिवद्धता लिइनेछ ।
- तालिमको व्यवस्था समितिले मिलाउनेछ ।
- समितिले सेवाका शर्तहरु तथा पारिश्रमिक समेत उल्लेख गरी नियुक्ती पत्र दिएर मात्र मर्मत सम्भार कार्यकर्तालाई काममा लगाउनेछ ।

२६ मर्मत सम्भार कार्यकर्ताको मासिक पारिश्रमिक र अन्य सुविधा समितिले निर्णय गरे वमोजिम हुनेछ । मर्मत सम्भार कार्यकर्ताको पारिश्रमिक समितिले मात्र भुक्तानी गर्नेछ ।

२७ योजना सञ्चालन तथा मर्मत सम्भारमा मर्मत सम्भार कार्यकर्ताको भूमिका र जिम्मेवारी निम्न अनुसार हुनेछ,

- समितिको बैठकमा नियमित रुपमा भाग लिई योजनाको अवस्था वारे जानकारी दिने,
- योजनाका औजार तथा सामाग्रीहरुको उचित प्रयोग र सम्भार गर्ने,
- योजनाको मुहान देखि धारासम्म नियमित रुपमा निरीक्षण गर्ने,
- योजनाको सञ्चालन अवस्था अनुगमनमा नियमित रुपमा सहभागी हुने
- टंकीहरुमा भएका भल्भ र फिटीङ्गहरुको नियमित निरीक्षण गर्ने,
- साना तिना मर्मत कार्य गर्ने र ठूलो मर्मत गर्नुपर्ने भएमा उपभोक्ताहरुको तथा अन्य वाह्य प्राविधिकहरुको सहयोग समिति मार्फत माग गरी सम्पन्न गर्ने,
- योजनाका सवै अङ्गहरुको नियमित सरसफाइ गर्ने,
- धारा समुहहरुलाई आवश्यक सहयोग गर्ने,
- योजना संभारका लागि समुदायका महिलाहरुलाई उत्प्रेरित गर्ने,
- मुहान वरिपरिको रुख विरुवाको संरक्षण र वृक्षारोपणका लागि समिति र गाउँलेहरुलाई उत्प्रेरित गर्ने,
- मर्मत सम्भार कार्य योजना अनुसार आफ्नो जिम्मेवारी पूर्णरुपमा निर्वाह गर्ने र समुदायका सदस्यहरुलाई गर्न उत्प्रेरित गर्ने,
- चर्पी निर्माण, प्रयोग र संभारका लागि गाउँलेहरुलाई सचेत गराउने,
- खासगरि वर्षा याममा मुहानको रखे देख र सरसफाई बढि गर्ने,
- योजनाको आत्मनिर्भर र दिगो सञ्चालनका लागि समितिको सल्लाह वमोजिम आवश्यक अन्य कार्यहरु गर्ने,
- समितिको परामर्शमा "खानेपानी सुरक्षा याजेना" कार्यान्वयन गर्नमा अगुवाई गर्ने,
- धारावाट खेर गएको पानीलाई करेसावारीमा उपयोग गर्न समुदायलाई सल्लाह दिने,

२८ समितिले सार्वजनिक धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा समितिले पानी शुल्क वापत प्रति घर रु.................. मासिक रुपमा उठाउनेछ ।

२९ निजी धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा मिटर जडान गर्नुपर्नेछ । सो प्रकारको योजनामा कम्तिमा निम्नानुसार पानी शुल्क लाग्नेछ ।

क. १० युनिट (१० हजार लिटर) सम्मको रु ..........

ख. १० युनिट भन्दा माथि प्रति युनिटको पानी शुल्क निम्नानुसार लाग्नेछ ।

१० युनिट सम्म प्रति युनिट रु .......
११ देखि १५ युनिट सम्म प्रति युनिट रु .......
१६ देखि २० युनिट सम्म प्रति युनिट रु .......
२१ देखि २५ युनिट सम्म प्रति युनिट रु .......
२६ युनिट भन्दा माथि प्रति युनिट रु .......

ग. निजि धारा प्रणालीमा सार्बजनिक धारा भएमा पनि मिटर जडान अनिबार्य हुनेछ र पानी उपभोग गर्ने घरधुरीहरुले दामासाहिबाट शुल्क उठाउनु पर्नेछ ।

३० प्रत्येक उपभोक्ताहरुको लागि समितिले पानी महसुल कार्डको व्यवस्था गर्नेछ । शुरुमा पानी महसुल कार्ड लिनको लागि उपभोक्ताहरुले रु ......... तिर्नेछ र हराएमा अर्को कार्ड लिन रु .......... तिर्नु पर्नेछ ।

३१ उपभोक्ताहरुले पानी शुल्क वापतको रकम हरेक महिनाको ......... गते (अर्को महिनाको पहिलो हप्ता भित्र) भित्र जम्मा गर्नेछन् । उक्त मिति भित्र पानी शुल्क नबुझाउने लाई प्रति दिन रु. ........... का दरले विलम्ब शुल्क लाग्नेछ । अग्रीम रुपमा पानी शुल्क बुझाउनेलाई समितिले ....... % छुट दिईनेछ ।

३२ सञ्चालन तथा मर्मत सम्भार कोष बृद्धि गर्न परिच्छेद २ को दफा ४ बमोजिम सहकारीमा आबद्ध भई खाता खोल्नेछ । समितिले योजनाको नियमित तथा आपतकालीन मर्मत कार्यको लागि न्यूनतम रु. .......... सहकारीमा मौज्दात राख्ने गरी बाँकी सबै पूँजी सहकारी मार्फत नियमानुसारको ब्याज दरमा लगानी गर्ने छ ।

३३ सञ्चालन तथा मर्मत सम्भार कोषको अभिवृद्धि गर्नको लागि समितिले विभिन्न अवसरहरुमा देउसी, भैलो, होली, अन्य सांस्कृतिक कार्यक्रम लगायतका रचनात्मक कृयाकलापहरुको आयोजना गरेर रकम संकलन गर्नेछ। समितिले योजनामा रहेको औजारहरु भाडामा दिएर, तथा योजनामा अध्ययन भ्रमणको लागि आउने टोलीहरुवाट तोकिएको भ्रमण शुल्क लिएर समेत सञ्चालन तथा मर्मत सम्भार कोषमा जम्मा गर्न सक्नेछ । साथै पानी शुल्क भुक्तानी कार्ड उपभोक्ताहरुलाई बिक्री तथा पुनर्बिक्री, उपभोक्ताहरुबाट संकलित दण्ड जरिवाना, हर्जना आदि वापतको प्राप्त रकम पनि सञ्चालन तथा मर्मत सम्भार कोषको आम्दानी हुनेछ । समितिले प्राप्त गर्ने पुरस्कार तथा अनुदान पनि योजनाको सञ्चालन तथा मर्मत सम्भार कोषको आम्दानी हुनेछ ।

३४ समितिमा रहको सञ्चालन तथा मर्मत सम्भार कोषले नपुग्ने गरी ठूलोखालको मर्मत गर्नु परेको खण्डमा आम भेलाले निर्णय गरे वमोजिम लाभान्वित घर संख्याको आधारमा समानुपातिक रुपमा योजनाको मर्मतको लागि योगदान गर्नेछन् ।

३५ समितिले नगरपालिका स्तरीय योजना सञ्चालन तथा मर्मत सम्भार कोष स्थापनाको लागि नगरपालिकाको योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका अनुसार आवश्यक कार्य गर्नेछ ।

३६ माथि दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका बमोजिम हुनेछ ।

## परिच्छेद ४

## सेवा सुधार तथा विस्तार

३७ समिति योजनाको प्राविधिक सिमीतताको वारेमा सचेत रहेको छ । योजनामा थप धाराहरु जडान भएमा तथा उल्लेख्य संख्यामा उपभोक्ताहरु थपिन गएमा योजनाले लक्ष्य अनुसार सेवा प्रदान गर्न नसक्ने कुरालाई ध्यानमा राखि समितिले योजनामा डिजाइन भै निर्माण भएको धारा वाहेक नयाँ धारा थप

गर्नेछैन साथै कुनै पनि हालतमा सार्वजनिक धारा व्यवस्थापन भएको योजनावाट नीजि धारा जडान गर्नेछैन ।

३८ नयाँ वसाई सरी आउने वा पहिला योजनामा सहभागि नभई निर्माण सम्पन्न भएपछि सेवा प्राप्त गर्न चाहने घरहरुको लागि समितिले रु. …………… लिई सार्वजनिक धारावाट पानी उपभोग गर्न अनुमति दिन सक्नेछ।

३९ दफा ३६ मा जेसुकै उल्लेख गरिएको भए पनि योजनाको सुविधा स्तर बृद्धिको लागि सार्वजनिक धारा प्रणालीलाई निजी धारा प्रणालीमा स्तरोन्नती गर्न प्राविधिक तथा सामाजिक दृटिकोणबाट उपयुक्त ठहरिएमा वडा कार्यालयलाइ आवश्यक सहयोगको लागि समितिले अनुरोध गर्न सक्नेछ ।

## परिच्छेद ५

## सरसफाइ, स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन तथा घरबारी व्यवस्थापन

४० समितिले सबै उपभोक्ताहरुको घरमा नेपाल सरकारको 'पूर्ण सरसफाइ मार्गदर्शन २०७३' ले निर्धारण गरेका पूर्ण सरसफाइका सुचकहरु परिपुर्ति हुने खालका कृयाकलापहरु सञ्चालन गरि योजना क्षेत्रलाई पूर्ण सरसफाइयुक्त क्षेत्र सुनिश्चित गर्नेछ ।

४१ पूर्ण सरसफाइ प्रबर्द्धन तथा महिनावारी स्वच्छता व्यवस्थापन समेतको बाधकको रुपमा रहेको महिनावारी व्यवस्थापनका हानीकारक कुसंस्कार बिरुद्ध समितिले अभियानहरु सञ्चालन गरी महिनावारी भएको समयमा सुरक्षित स्थानमा बस्ने, पोषणयुक्त खानेकुराहरु खाने, सरसफाइ तथा स्वच्छताका सुविधाहरु एवम् सामाजिक कार्यहरुमा विना भेदभाव सहभागि हुन पाउने अवस्था सुनिश्चित गर्दै योजना क्षेत्रलाई मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र बनाउनेछ ।

४२ दफा ३८ र ३९ मा उल्लेखित लक्ष अनुसारका कृयाकलापहरु सञ्चालनमा आवश्यक सहयोग गर्न महिला धारा समुह, महिला सञ्जाल तथा समुदायमा रहेका अन्य सरोकारवालाहरुको परिचालन एवं नियमित अन्तरक्रिया गर्नेछ ।

४३ समितिले सबै उपभोक्ताहरुलाई घरबारी व्यवस्थापनको लागि अभिप्रेरित गर्नेछ । घरबारी व्यवस्थापन समुह र महिला धारा समुहको अगुवाईमा प्रत्येक घरमा खेर गएको पानी संकलन गर्ने ट्यांकी/खाडल निर्माण गरी घरबारी व्यवस्थापनमा प्रयोग गरेको हुनेछ । सो नगर्ने घरपरिवारलाई समितिले रु ……………… प्रति महिनाका दरले जरिवाना लगाउनेछ ।

## परिच्छेद ६

## अनुगमन तथा प्रतिवेदन

४४ समितिले योजनाको सञ्चालन अवस्था पहिचान गर्न खानेपानी सुरक्षा टोलीलाई तोक्नेछ । खानेपानी सुरक्षा टोलीले योजनाको सञ्चालन अवस्था पहिचान गर्न मुहान देखि धारा सम्म नियमित अनुगमन गर्नेछ ।

४५ दफा ४४ मा उल्लेखित अनुगमन मासिक रुपमा समितिको बैठक बस्नु भन्दा पहिले गर्नेछ । समतिले बैठकमा अनुगनमा देखिएका बिषयवस्तुहरुको बारेमा समिक्षा गर्नेछ र यदि समस्या देखिएमा समाधानका उपयाहरुबारे छलफल तथा निर्णय गर्नेछ ।

४६ समितिको प्रतिवेदन पद्धति परिच्छेद २ दफा १० बमोजिम हुनेछ ।

## परिच्छेद ७

## विविध

४७ बिशेषाधिकारः यस कार्यविधिमा भएका नियमहरूको संशोधन गर्ने, स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार आमभेलामा रहनेछ ।

४८ निर्णय कार्यान्वयन: समितिले समय समयमा गरके । निर्णयहरुको पालना गर्नु सम्पूर्ण उपभोक्ताहरुको कर्तव्य हुनेछ।

४९ निष्कृयता: यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए पनि तत्काल प्रचलित कानून तथा समितिको विधानसंग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ ।

५० विनियम बनाउने: समितिको विधान र यस कार्यविधिको अधिनमा रही समितिले योजनाका कृयाकलापलाई अझ स्पष्ट, पारदर्शी र नियमित गराउन विनियम वनाई लागु गर्न सक्नेछ ।

# अनुसुचि १:

खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन अवस्थाको मासिक प्रतिवेदन फाराम उपभोक्ता समितिले पेश गर्ने ..................उपभोक्ता समिति, दर्ता नं. ..................................वडा नं.................... .................... नगरपालिका,.....................जिल्ला लाभान्वित घरधुरी संख्या:.................. खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन अवस्थाको वार्षिक प्रतिवेदन (वर्षमा एक पटक पहिलो त्रैमासिक अवधिमा पेश गर्नुपर्ने) प्रतिवेदन पेश गरेको आर्थिक वर्ष:................................. प्रतिवेदन पेश गरेको मितिः..................................

यस प्रतिवेदनमा पेश गरिएका योजना सम्बन्धी विवरणहरु जस्तै: लाभान्वित जनसंख्या, योजनाको सेवाक्षेत्र विस्तार, संरचनामा गरिएको परिवर्तन तथा उपभोक्ता समितिमा भएका परिवर्तन नगरपालिकास्तरीय वास सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गरिनेछ ।

| क्र.सं. | सुचकांक | सुचक | अवस्था | कैफियत |
|---|---|---|---|---|
| ज्ञ | योजनाको सञ्चालन अवस्था | | | |
| | पूर्ण रुपमा सञ्चालित | छ | | |
| | आंशिक रुपमा सञ्चालित | छ | | |
| | बन्द | छ | | |
| द्द | उपभोक्ता समिति दर्ता तथा नवीकरण | भएको छ/छनै | | |
| घ | उपभोक्ता समितमा पूर्णता | छ/छैन | | |
| द्ध | उपभोक्ता समिति सञ्जालमा आबद्धता | भएको छ/छनै | | |
| छ | बार्षिक साधारण सभा भएको | छ/छैन | | |
| ट | उपभोक्ता समितिको नियमित बैठक | | | |
| | नियमित | बस्ने गरेको छ | | |
| | आवश्यकता अनुसार | बस्ने गरेको छ | | |
| | कहिले पनि बस्दैन | □□□ | | |
| ठ | मर्मत सम्भार कार्यकर्ताको नियुक्ति तथा परिचालन | भएको छ/छनै | | |
| ड | जगेडा पार्टपुर्जाको व्यवस्थापन | भएको छ/छनै | | |
| ढ | खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि तर्जुमा | भएको छ/छनै | | |
| ज्ञण | खानेपानी सुरक्षा योजनाको कार्यान्वयन | भएको छ/छनै | | |
| ज्ञज्ञ | सञ्चालन तथा मर्मत सम्भार कार्य योजना तथा खानेपानी सुरक्षा योजनाको वार्षिक समिक्षा तथा पुनरावलोकन | | | |
| | दुबै | भएको छ/छनै | | |
| | सञ्चालन तथा मर्मत सम्भार कार्य योजना मात्र | भएको छ/छनै | | |
| | खानेपानी सुरक्षा योजनाको वार्षिक समिक्षा तथा पुनरावलोकन | भएको छ/छनै | | |
| | कुनै पनि नभएको | □□□ | | |
| ज्ञद्द | लेखा व्यवस्थापन तथा दस्तावेजीकरण | | | |
| | राम्रो | छ | | |
| | मध्यम | छ | | |
| | कमजोर | छ | | |
| ज्ञघ | सहकारीमा संस्थामा आबद्धता | भएको छ/छनै | | |
| ज्ञद्ध | नियमित पानी महसुल संकलन | छ/छैन | | |
| ज्ञछ | सञ्चालन तथा मर्मत सम्भार कोषको अवस्था | | | |
| | स्थानीय स्तरमा लगानी | रु | | |
| | नगद | रु | | |
| | बैक | रु | | |

| | | | | |
|---|---|---|---|---|
| | सहकारी संस्था | रु | | |
| | जम्मा | रु | | |
| ज्ञट | परिमाण, पहुँच, बिश्वसनीयता, गुणस्तर मापदण्ड (चिन्ह लगाउनुहोस्) | | | |
| | योजनाको डिजाइन बमोजिम पानी प्राप्त भइरहेको छ कि छैन ? | छ/छैन | | |
| | योजनाको डिजाइन बमोजिमको समयमा पानी ल्याउन सम्भव भएको छ कि छैन ? | छ/छैन | | |
| | योजनाको डिजाइन भए बमोजिम सबै महिना पानी प्राप्त हुन्छ कि हुँदैन ? | हुन्छ/हुँदैन | | |
| | पानीको कम्तिमा बर्षमा एकपटक गुणस्तर परिक्षण गर्दा प्रदुषण देखिएको छ कि छैन ? | छ/छैन | | |
| ज्ञठ | महिनावारी भएको बेला चर्पीको प्रगोग गर्ने घरधुरी संख्या | घरधुरी संख्या | | |
| ज्ञड | महिनावारी भएको बेला धाराको प्रगोग गर्ने घरधुरी संख्या | घरधुरी संख्या | | |
| ज्ञढ | पूर्ण सरसफाइयुक्त घरधुरी संख्या | घरधुरी संख्या | | |
| द्ण | घरबारी व्यवस्थापन गर्ने घरधुरी संख्या | घरधुरी संख्या | | |

प्रतिवेदन तयार पार्नेः प्रमाणित तथा पेश गर्ने

.............................. .............................. नामः........................ नामः........................

सचिव अध्यक्ष मितिः................. मितिः.................

## अनुसुचि २:

## खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन व्यवस्थापन वार्षिक मूल्यांकन फाराम

...........................................नगरपालिका .....................................जिल्ला.......................................प्रदेश खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन मूल्यांकन फाराम आ.व.:................................ योजनाको नामः.......................................... दर्ता नं. ............. लाभान्वित घरधुरी संख्याः.............. ठेगाना :.................................... योजनाको न्यूनतम ग्राह्यता मापन

| योजनाको सञ्चालन अवस्था | | अवस्था | आधार |
|---|---|---|---|
| क) | पूर्ण रुपमा सञ्चालित | छ/छैन | उपभोक्ता समितको प्रतिवदन तथा अनुगमन |
| ख) | आंशिक रुपमा सञ्चालित | छ/छैन | उपभोक्ता समितको प्रतिवेदन तथा अनुगमन |
| ग) | बन्द | छ/छैन | उपभोक्ता समितको प्रतिवेदन तथा अनुगमन |
| बन्द भएको योजनाको थप मूल्याङ्कन गरिने छैन । के योजना थप मूल्याङ्कनका लागि योग्य छ ?............. | | | |

| क सं. | सुचकांक | पूर्णाङ्क | प्राप्ताङ्क | अंक दिने आधार | कैफियत |
|---|---|---|---|---|---|
| ज्ञ | योजनाको सञ्चालन अवस्था | ज्ञण | | | |
| | पूर्ण रुपमा सञ्चालित | ज्ञण | | | |
| | आंशिक रुपमा सञ्चालित | छ | | | |
| द्द | उपभोक्ता समिति दर्ता तथा नवीकरण | घ | | | |
| घ | उपभोक्ता समितिमा पूर्णता | घ | | | |
| द्ध | उपभोक्ता समिति सञ्जालमा आबद्धता | घ | | | |
| छ | बार्षिक साधारण सभा गरिएको | घ | | | |
| ट | उपभोक्ता समितिको नियमित बैठक | छ | | | |
| | नियमित | छ | | | |
| | आवश्यकता अनुसार | द्द | | | |
| | कहिले पनि बस्दैन | ण | | | |
| ठ | मर्मत सम्भार कार्यकर्ताको नियुक्ति तथा परिचालन | छ | | | |
| ड | जगेडा पार्टपूर्जा र औजार व्यवस्थापनको पद्धति भएको | छ | | | |
| ढ | सञ्चालन तथा मर्मत सम्भार कार्यविधि तर्जुमा भएको | छ | | | |
| ज्ञण | खानेपानी सुरक्षा योजना तर्जुमा भएको | छ | | | |
| ज्ञज्ञ | सञ्चालन तथा मर्मत सम्भार कार्य योजना तथा पानी सुरक्षा योजनाको वार्षिक समिक्षा तथा पुनरावलोकन | छ | | | |
| | दुबै | छ | | | |
| | सञ्चालन तथा मर्मत सम्भार कार्य योजना मात्र वार्षिक समिक्षा तथा पुनरावलोकन | द्दाछ | | | |

९द्दण ०

| | | | | | |
|---|---|---|---|---|---|
| | खानेपानी सुरक्षा योजनाको मात्र वार्षिक समिक्षा तथा पुनरावलोकन | द्दाछ | | | |
| | कुनै पनि नभएको | ण | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ज्ञद्द | लेखा व्यवस्थापन तथा दस्तावेजीकरण | छ | | | |
| | राम्रो | छ | | | |
| | मध्यम | द्द | | | |
| | कमजोर | ण | | | |
| ज्ञघ | सहकारीमा संस्थामा आबद्धता | छ | | | |
| ज्ञढ | नियमित पानी शुल्क संकलन भएको | छ | | | |
| ज्ञछ | कृयाशील सञ्चालन तथा मर्मत सम्भार कोषको अवस्था | छ | | | |
| | स्थानीय स्तरमा लगानी | छ | | | |
| | नगद | ण | | | |
| | बैक | द्द | | | |
| | सहकारी संस्था | छ | | | |
| ज्ञट | परिमाण, पहुँच, बिश्वसनीयता, गुणस्तर | ड | | | |
| | परिमाण (प्रति व्यक्ति प्रति दिन ४५ लिटर पानी) | द्द | | | |
| | पहुँच (पानी ल्याउन आउदा जाँदा लाग्ने समय १५ मिनेट) | द्द | | | |
| | बिश्वसनीयता (वर्ष भरि धारामा पानी आइर्र हने) | द्द | | | |
| | गुणस्तर (पानीमा जैविक प्रदुषण नभएको) | द्द | | | |
| ज्ञठ | महिनावारी भएको बेला चर्पीको प्रगोग | छ | | | |
| | सबै घरधुरीले गर्दछन् | छ | | | |
| | ५० देखि ९९ प्रतिशत घरधुरीले गर्दछन् | घ | | | |
| | १ देखि ४९ प्रतिशत घरधुरीले गर्दछन् | ज्ञ | | | |
| | कुनै पनि घरधुरीले गर्दैनन् | ण | | | |
| ज्ञड | महिनावारी भएको बेला धाराको प्रगोग | छ | | | |
| | सबै घरधुरीले गर्दछन् | छ | | | |
| | ५० देखि ९९ प्रतिशत घरधुरीले गर्दछन् | घ | | | |
| | १ देखि ४९ प्रतिशत घरधुरीले गर्दछन् | ज्ञ | | | |
| | कुनै पनि घरधुरीले गर्दैनन् | ण | | | |
| ज्ञढ | पूर्ण सरसफाइ व्यवस्थापन (सबै सुचकहरु पुरा भएको) | छ | | | |
| | सबै घरधुरीले गरके ो | छ | | | |
| | ५० देखि ९९ प्रतिशत घरधुरीले गरेको | घ | | | |
| | १ देखि ४९ प्रतिशत घरधुरीले गरेका ो | ज्ञ | | | |
| | कुनै पनि घरधुरीले नगरेको | ण | | | |
| द्दण | घरबारी व्यवस्थापन | छ | | | |
| | सबै घरधुरीले गरको | छ | | | |



| | | | | | |
|---|---|---|---|---|---|
| | ५० देखि ९९ प्रतिशत घरधुरीले गरेको | घ | | | |
| | १ देखि ४९ प्रतिशत घरधुरीले गरेका ो | ज्ञ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कुनै पनि घरधुरीले नगरेको | ण | | | |
| जम्मा | | ज्ञणण | | | |

मूल्याङ्कन समितिका सदस्यहरुको हस्ताक्षर, नाम, पद, कार्यालय र मिति

१

२

३

मितिः

## ८. अन्तर-नगर पूर्ण सरसफाई सहकार्य तथा संयुक्त सेवा सञ्चालन कार्यविधि, (नमुना)

**प्रस्तावना:** नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको साथै खानेपानी, सरसफाई, सार्वजनिक स्वास्थ्य तथा वातावरण संरक्षणसम्बन्धी कार्य स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको, खुल्ला दिसामुक्त राष्ट्र घोषणा पश्चात् पूर्ण सरसफाई तथा त्यसको दिगोपना कायम गर्नु आवश्यक रहेको, तथा सुरक्षित दिसाजन्य लेदो व्यवस्थापन, ठोस तथा तरल फोहोर व्यवस्थापन, सार्वजनिक सरसफाई, व्यवहार परिवर्तन, स्वस्थ जीवनशैली प्रवर्द्धन एवं वातावरणीय स्वच्छता कायम गर्न स्थानीय तहहरूबीच अनुभव, स्रोत, प्रविधि तथा सेवा साझेदारी आवश्यक भएकोले, पूर्ण सरसफाई सहकार्य तथा संयुक्त सेवा सञ्चालनका लागि नगरपालिकाहरूबीचको सहकार्यलाई संस्थागत, व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक भएकोले,................ नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम “अन्तर-नगर पूर्ण सरसफाई सहकार्य तथा संयुक्त सेवा सञ्चालन कार्यविधि, २०८३” रहेको छ।

(२) यो कार्यविधि सम्बन्धित नगरपालिकाहरूको कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले फरक अर्थ नलागेमा यस कार्यविधीमा;-

(क) “अन्तर-नगर सहकार्य” भन्नाले दुई वा दुईभन्दा बढी स्थानीय तहहरूबीच पूर्ण सरसफाई तथा सम्बन्धित सेवा सञ्चालनका लागि गरिने संस्थागत सहकार्य सम्झनु पर्दछ।

(ख) "पूर्ण सरसफाई" भन्नाले राष्ट्रिय पूर्ण सरसफाई मापदण्डबमोजिम व्यक्तिगत, पारिवारिक, सामुदायिक तथा सार्वजनिक सरसफाई सुनिश्चित भएको अवस्था सम्झनु पर्दछ।

(ग) "दिसाजन्य लेदो" भन्नाले शौचालय, सेप्टिक ट्याङ्की, पिट तथा अन्य सरसफाई संरचनाबाट उत्पन्न हुने मलजन्य पदार्थ सम्झनु पर्दछ।

(घ) "FSM" भन्नाले Fecal Sludge Management अर्थात् दिसाजन्य लेदोको संकलन, रित्याउने तथा खाली गर्ने, ढुवानी, उपचार तथा अन्तिम व्यवस्थापनको समग्र प्रक्रिया सम्झनु पर्दछ।

(ङ) "संयुक्त सेवा" भन्नाले एकभन्दा बढी स्थानीय तहले साझा रूपमा सञ्चालन गर्ने सेवा सम्झनु पर्दछ।

(च) "समिति" भन्नाले दफा १२ बमोजिम गठित अन्तर-नगर पूर्ण सरसफाई सहकार्य समिति सम्झनु पर्दछ।

**३. <u>उद्देश्य</u>:** कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ;-

(क) पूर्ण सरसफाई तथा सोको दिगोपना कायम गर्नु,

(ख) सुरक्षित FSM प्रणालीको विकास र विस्तार गर्नु,

(ग) नगरपालिकाहरूबीच ज्ञान, अनुभव र असल अभ्यास आदान-प्रदान गर्नु,

(घ) सरसफाई क्षेत्रमा स्रोत तथा प्रविधिको साझा उपयोग गर्नु,

(ङ) संयुक्त सरसफाई सेवा सञ्चालन गरी लागत प्रभावकारिता बढाउनु,

(च) वातावरणीय स्वच्छता तथा सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउनु।

## परिच्छेद-२

## <u>सहकार्यका क्षेत्र तथा स्वरुप</u>

**४. <u>सहकार्य गर्न सकिने क्षेत्रहरु</u>:** नगरपालिकाहरूले पूर्ण सरसफाई सम्बन्धी देहायका विषयमा सहकार्य तथा लगानी व्यवस्थापन गर्न सक्नेछन्,

(क) पूर्ण सरसफाई प्रवर्द्धन,

(ख) सुरक्षित FSM,

(ग) ठोस फोहोर व्यवस्थापन,

(घ) तरल फोहोर व्यवस्थापन,

(ङ) सार्वजनिक शौचालय सञ्चालन,

(च) नदी, ताल तथा जलस्रोत सरसफाई,

(छ) प्लास्टिक तथा अन्य प्रदूषण नियन्त्रण,

(ज) व्यवहार परिवर्तन अभियान,

(झ) सरसफाईसम्बन्धी अनुसन्धान तथा नवप्रवर्तन।

५. **<u>सहकार्यका स्वरुप:</u>** सहकार्यका स्वरुप देहाय बमोजिम हुन सक्नेछन्।

(क) प्राविधिक सहयोग

(ख) वित्तीय सहयोग

(ग) स्रोत तथा उपकरण साझेदारी

(घ) संयुक्त लगानी

(ङ) संयुक्त सेवा सञ्चालन

(च) क्षमता विकास

(छ) अध्ययन अवलोकन भ्रमण

## परिच्छेद-३

## सहकार्य सम्झौता सम्बन्धी व्यवस्था

**६. <u>समझदारीपत्र:</u>** (१) अन्तर-नगर सहकार्य समझदारीपत्र मार्फत सञ्चालन गर्नुपर्नेछ।
(२) समझदारीपत्रमा देहायका विषयहरू समावेश गर्नुपर्नेछ;-

(क) सहकार्यको उद्देश्य,

(ख) कार्यक्षेत्र,

(ग) जिम्मेवारी बाँडफाँट,

(घ) वित्तीय दायित्व,

(ङ) अनुगमन तथा मूल्यांकन,

(च) विवाद समाधान,

(छ) अवधि तथा नवीकरण।

**९. <u>सहकार्य अवधि:</u>** (१) समझदारीपत्रको अवधि कम्तीमा तीन वर्षको हुनेछ।

(२) पक्षहरूको सहमतिमा अवधि थप गर्न सकिनेछ।

**१०. <u>सदस्यता</u>:** (१) कुनै पनि नगरपालिका यस कार्यविधिबमोजिम सहकार्यमा आबद्ध हुन सक्नेछ।

(२) सहकार्यबाट अलग हुन चाहने नगरपालिकाले कम्तीमा तीन महिना अगावै लिखित सूचना दिनुपर्नेछ।

**११. <u>संयुक्त कार्ययोजना:</u>** (१) प्रत्येक आर्थिक वर्षको प्रारम्भमा संयुक्त कार्ययोजना स्वीकृत गर्नुपर्नेछ।

(२) कार्ययोजनामा कार्यक्रम, बजेट, जिम्मेवार निकाय, समयसीमा तथा अपेक्षित उपलब्धि उल्लेख गर्नुपर्नेछ।

## परिच्छेद-४

## <u>अन्तर-नगर पूर्ण सरसफाई सहकार्य समिति</u>

**१२.<u>समिति गठन:</u>** (१) अन्तर-नगर पूर्ण सरसफाई सहकार्य तथा संयुक्त सेवा सञ्चालनका लागि देहायबमोजिमको अन्तर-नगर पूर्ण सरसफाई सहकार्य समिति गठन गर्नुपर्नेछ;-

(क) सम्बन्धित नगर प्रमुखहरूमध्ये पालोअनुसार एक जना-अध्यक्ष

(ख) सहभागी नगरपालिकाका उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) स्वास्थ्य, सरसफाई, वातावरण वा पूर्वाधार शाखा प्रमुख - सदस्य

(ङ) आयोजना सञ्चालन गर्ने नगरपालिकाको प्रतिनिधि - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विषयगत विज्ञ, विकास साझेदार, निजी क्षेत्र वा नागरिक समाजका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सक्नेछ।

**१३. <u>समितिको काम, कर्तव्य र अधिकार:</u>** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ;-

(क) अन्तर-नगर सरसफाई सहकार्य नीति तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) वार्षिक संयुक्त कार्ययोजना स्वीकृत गर्ने,

(ग) बजेट तथा स्रोत परिचालन सम्बन्धी निर्णय गर्ने,

(घ) संयुक्त सेवा सञ्चालनसम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(ङ) अनुगमन तथा मूल्यांकन गर्ने,

(च) प्रगति समीक्षा तथा सुधारका लागि निर्देशन दिने।

**१४. <u>बैठक:</u>** (१) समितिको बैठक कम्तीमा प्रत्येक छ महिनामा एक पटक बस्नेछ।
(२) आवश्यकता अनुसार अध्यक्षले जुनसुकै समयमा बैठक बोलाउन सक्नेछ।
(३) कुल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

## परिच्छेद-५

## <u>संयुक्त FSM सेवा तथा उपचार केन्द्र सञ्चालन</u>

**१५. <u>संयुक्त FSM सेवा:</u>** (१) सहभागी नगरपालिकाहरूले संयुक्त रूपमा FSM सेवा सञ्चालन गर्न सक्नेछन्।
(२) संयुक्त सेवा सञ्चालन गर्दा लागत प्रभावकारिता, पहुँच, वातावरणीय सुरक्षा तथा सार्वजनिक स्वास्थ्यलाई प्राथमिकता दिनुपर्नेछ।

**१६. <u>FSM उपचार केन्द्र स्थापना</u>:** (१) दुई वा दुईभन्दा बढी स्थानीय तहले संयुक्त रूपमा FSM Treatment Plant स्थापना तथा सञ्चालन गर्न सक्नेछन्।
(२) उपचार केन्द्र स्थापना गर्दा वातावरणीय अध्ययन तथा प्रचलित मापदण्ड पालना गर्नुपर्नेछ।

**१७. <u>FSM सञ्चालन प्रक्रिया</u>:** FSM सेवा सञ्चालन गर्दा देहायको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ;-

(क) सुरक्षित संकलन,

(ख) नियमित खालीकरण,

(ग) स्वीकृत साधनबाट ढुवानी,

(घ) उपचार,

(ङ) पुनःप्रयोग वा अन्तिम व्यवस्थापन।

**१८. <u>सेवा प्रदायकको व्यवस्थापन:</u>** (१) नगरपालिका वा संयुक्त समितिले सेवा प्रदायक छनोट गर्न सक्नेछ।
(२) सेवा प्रदायकले तोकिएको प्राविधिक तथा वातावरणीय मापदण्ड पालना गर्नुपर्नेछ।

**१९. <u>सेवा शुल्क:</u>** (१) FSM सेवाका लागि लागत तथा पहुँचलाई आधार मानी शुल्क निर्धारण गर्नुपर्नेछ।
(२) शुल्क निर्धारण गर्दा न्यून आय भएका घरधुरीलाई सहुलियत प्रदान गर्न सकिनेछ।

**परिच्छेद-६**

**<u>कोष तथा वित्तीय व्यवस्था</u>**

**२०. <u>वित्तीय स्रोत</u>:** कार्यक्रम सञ्चालनका लागि देहायका स्रोतहरू उपयोग गर्न सकिनेछ;-

(क) नगरपालिकाको वार्षिक बजेट,

(ख) सङ्घीय  सरकार तथा प्रदेश सरकार बाट प्राप्त अनुदान,

(ग) विकास साझेदाराबाट प्राप्त सहायता,

(घ) निजी क्षेत्रबाट प्राप्त लगानी,

(ङ) सेवा शुल्क तथा अन्य आम्दानी।

**२१. <u>संयुक्त सरसफाई सहकार्य कोष</u>:** (१) कार्यक्रम सञ्चालनका लागि संयुक्त सरसफाई सहकार्य कोष स्थापना गर्न सकिनेछ।
(२) कोषको सञ्चालन सम्बन्धी व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**२२. <u>लागत साझेदारी</u>:** (१) संयुक्त कार्यक्रमको लागत देहायका आधारमा बाँडफाँट गर्न सकिनेछः

(क) जनसंख्या,

(ख) सेवा लाभग्राही संख्या,

(ग) फोहोर उत्पादनको परिमाण,

(घ) आपसी सहमति।

## परिच्छेद-७

## निजी क्षेत्रसँगको साझेदारी सम्बन्धी व्यवस्था

**२३. <u>निजी क्षेत्रसँग साझेदारी गर्न सकिने</u>**: (१) सहभागी नगरपालिकाहरूले पूर्ण सरसफाई, सुरक्षित दिसाजन्य लेदो व्यवस्थापन (FSM), ठोस तथा तरल फोहोर व्यवस्थापन, सार्वजनिक शौचालय सञ्चालन, सरसफाईसम्बन्धी पूर्वाधारको निर्माण, सञ्चालन तथा मर्मतसम्भार, सरसफाईजन्य सामग्री तथा उपकरण व्यवस्थापन, स्रोत पुनःप्रयोग तथा पुनर्चक्रण, प्रविधि हस्तान्तरण, क्षमता विकास, नवप्रवर्तन तथा यस कार्यविधिबमोजिम सञ्चालन हुने अन्य संयुक्त सेवाको प्रभावकारी सञ्चालनका लागि प्रचलित कानूनबमोजिम निजी क्षेत्रसँग साझेदारी गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको साझेदारी सार्वजनिक-निजी साझेदारी (Public Private Partnership), सेवा खरिद, व्यवस्थापन करार, सञ्चालन तथा मर्मतसम्भार करार, संयुक्त लगानी, सेवा प्रदायकमार्फत सेवा सञ्चालन, कार्यसम्पादनमा आधारित व्यवस्थापन (Performance-based Management) वा प्रचलित कानूनबमोजिमका अन्य उपयुक्त माध्यमबाट गर्न सकिनेछ।

(३) निजी क्षेत्रसँग साझेदारी गर्दा प्रतिस्पर्धा, पारदर्शिता, उत्तरदायित्व, समावेशिता, लागत प्रभावकारिता, वातावरणीय दिगोपना, सार्वजनिक स्वास्थ्य संरक्षण तथा सेवाको गुणस्तर सुनिश्चित हुने व्यवस्था अवलम्बन गर्नुपर्नेछ।

**२४. <u>साझेदारीको छनोट, सम्झौता तथा कार्यान्वयनः</u>** (१) निजी क्षेत्रसँग साझेदारी गर्दा सहभागी नगरपालिकाहरूको आपसी सहमति तथा प्रचलित कानूनबमोजिम आवश्यक प्रक्रिया पूरा गरी साझेदारी गर्नुपर्नेछ।

(२) निजी क्षेत्रसँग गरिने साझेदारी सम्बन्धी सम्झौतामा कम्तीमा देहायका विषयहरू उल्लेख गर्नुपर्नेछ;

(क) साझेदारीको उद्देश्य र कार्यक्षेत्र,

(ख) सेवा स्तर तथा कार्यसम्पादन सूचक,

(ग) पक्षहरूको अधिकार, कर्तव्य तथा जिम्मेवारी,

(घ) वित्तीय व्यवस्था, लागत तथा राजस्व बाँडफाँट,

(ङ) सम्पत्ति तथा उपकरणको स्वामित्व र व्यवस्थापन,

(च) वातावरणीय, सामाजिक तथा व्यावसायिक सुरक्षा सम्बन्धी दायित्व,

(छ) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली,

(ज) जोखिम व्यवस्थापन तथा दायित्व बाँडफाँट,

(झ) सम्झौताको अवधि, नवीकरण तथा समाप्तिको आधार,

(ञ) विवाद समाधानसम्बन्धी व्यवस्था,

(ट) आवश्यक अन्य विषयहरू।

२५. **नियमन, अनुगमन तथा उत्तरदायित्वः** (१) निजी क्षेत्रमार्फत सेवा सञ्चालन गरिए तापनि सेवा नियमन, गुणस्तर सुनिश्चितता, वातावरणीय तथा सार्वजनिक स्वास्थ्यसम्बन्धी मापदण्डको कार्यान्वयन, सेवा अनुगमन तथा सार्वजनिक उत्तरदायित्व सम्बन्धित सहभागी नगरपालिकाको जिम्मेवारी हुनेछ।

(२) निजी क्षेत्रले प्रचलित कानून, यस कार्यविधि, स्वीकृत मापदण्ड तथा साझेदारी सम्झौताबमोजिम सेवा सञ्चालन गर्नुपर्नेछ।

(३) समितिले आवश्यकताअनुसार निजी क्षेत्रबाट सञ्चालन भएका सेवाको प्राविधिक, वित्तीय तथा संस्थागत मूल्याङ्कन गराई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) सम्झौताका शर्त उल्लङ्घन गरेको वा तोकिएको सेवा स्तर कायम गर्न नसकेको अवस्थामा सम्बन्धित सहभागी नगरपालिकाले प्रचलित कानून तथा सम्झौताबमोजिम सुधारात्मक निर्देशन, दण्ड, क्षतिपूर्ति वा सम्झौता समाप्तिसम्मका आवश्यक कारबाही गर्न सक्नेछ।

## परिच्छेद-८

## अनुगमन, मूल्यांकन तथा प्रमाणीकरण

**२६. अनुगमन:** (१) कार्यक्रमको नियमित अनुगमन गर्नुपर्नेछ।

(२) अनुगमनका लागि संयुक्त अनुगमन टोली गठन गर्न सकिनेछ।

**२७. <u>मूल्यांकन:</u>** (१) प्रत्येक आर्थिक वर्षको अन्त्यमा मूल्यांकन गर्नुपर्नेछ।

(२) मूल्यांकन प्रतिवेदन समितिमा पेश गर्नुपर्नेछ।

**२८. <u>पूर्ण सरसफाई प्रमाणीकरण</u>:** (१) पूर्ण सरसफाईको अवस्था कायम रहेको वा नरहेको विषयमा नियमित प्रमाणीकरण गर्नुपर्नेछ।

(२) प्रमाणीकरण गर्दा राष्ट्रिय मापदण्डमा उल्लेखित सूचकहरू प्रयोग गरिनेछ।

**२९. <u>तथ्यांक तथा सूचना प्रणाली</u>:** (१) साझा सूचना व्यवस्थापन प्रणाली विकास गर्नुपर्नेछ।

(२) सहभागी नगरपालिकाले आवश्यक तथ्यांक नियमित अद्यावधिक गर्नुपर्नेछ।

## परिच्छेद-८

## <u>विवाद समाधान</u>

**३०. <u>विवाद समाधान</u>:** (१) सहकार्य कार्यान्वयनका क्रममा उत्पन्न विवाद आपसी समझदारीबाट समाधान गर्नुपर्नेछ।

(२) समझदारीबाट समाधान हुन नसकेमा समितिको निर्णय अन्तिम हुनेछ।

**३१. <u>मध्यस्थता</u>:** समितिले आवश्यक ठानेमा तटस्थ विज्ञ वा निकायमार्फत मध्यस्थता गराउन सक्नेछ।

## परिच्छेद-९

## <u>विविध</u>

**३२. <u>अध्ययन तथा अनुसन्धान</u>:** सरसफाई, FSM तथा वातावरणीय स्वच्छतासम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न सकिनेछ।

**३३. <u>विकास साझेदारसँग सहकार्य</u>:** कार्यक्रम सञ्चालनका लागि विकास साझेदार, शैक्षिक संस्था तथा निजी क्षेत्रसँग सहकार्य गर्न सकिनेछ।

**३४. <u>निर्देशिका तथा मापदण्ड</u>:** समितिले आवश्यकता अनुसार निर्देशिका तथा मापदण्ड जारी गर्न सक्नेछ।

**३५. <u>कार्यविधिको संशोधन</u>:** यस कार्यविधि आवश्यकताअनुसार सम्बन्धित नगरपालिकाहरूको निर्णयबाट संशोधन गर्न सकिनेछ।

**३६. <u>बाधा अड्काउ फुकाउने अधिकार</u>:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा अन्तर-नगर साझेदारी समितिले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**३७. <u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुनेछन्।

# भाग-६

## उपसंहार

नेपालले विगतका दुई दशकमा सरसफाइ तथा स्वच्छताको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गर्दै खुला दिसापिसाबमुक्त राष्ट्रको रूपमा स्थापित भइसकेको छ। यस उपलब्धिले सरसफाइलाई केवल शौचालय निर्माण वा खुला दिसापिसाबको अन्त्यसम्म सीमित नराखी सार्वजनिक स्वास्थ्य, स्वच्छ वातावरण, सुरक्षित खानेपानी, साथै समग्र मानव जीवनस्तरको सुधारसँग जोडिएको विषयका रूपमा स्थापित गरेको छ। नेपालको अबको लक्ष्य भनेको खुला दिसापिसाबमुक्त अवस्थालाई दिगो बनाउँदै सुरक्षित, व्यवस्थित र समावेशी पूर्ण सरसफाइ को अवस्थातर्फ अघि बढ्नु हो। पूर्ण सरसफाइको अवधारणाले शौचालयको उपलब्धता र प्रयोगसँगै सुरक्षित खानेपानी, व्यक्तिगत स्वच्छता, फोहोरमैला व्यवस्थापन, फोहोर पानी तथा ढल व्यवस्थापन, दिसाजन्य लेदोको सुरक्षित संकलन, ढुवानी, प्रशोधन तथा विसर्जन, सार्वजनिक तथा संस्थागत सरसफाइ र स्वच्छतालाई समेत समेट्दछ।

नेपालको संविधानले स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक र स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ। यसै संवैधानिक आधारलाई कार्यान्वयन गर्न संघीय तहमा राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, खानेपानी तथा सरसफाइसम्बन्धी कानून, फोहोरमैला व्यवस्थापनसम्बन्धी कानून, जनस्वास्थ्यसम्बन्धी कानून विकास भएका छन्। यी व्यवस्थाहरूले खानेपानी तथा सरसफाइ सेवाको पहुँच र व्यवस्थापनदेखि फोहोर तथा दिसाजन्य लेदोको सुरक्षित व्यवस्थापन र सार्वजनिक स्वास्थ्य संरक्षणसम्मका विषयलाई समेटेका छन्।

प्रदेश तहमा समेत सरसफाइ तथा स्वच्छतासम्बन्धी कानूनी संरचना विकास हुँदै गएको छ। केही प्रदेशले खानेपानी तथा सरसफाइसम्बन्धी छुट्टै ऐन तथा नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइसकेका छन् भने केही प्रदेशमा कानून निर्माणको प्रक्रिया अघि बढिरहेको र केहीमा सङ्घीय कानूनलाई आधार बनाई कार्य सञ्चालन भइरहेको अवस्था देखिन्छ। यसबाट प्रदेश तहले सङ्घीय नीति तथा कानूनलाई आफ्नो भौगोलिक, सामाजिक तथा प्रशासनिक अवस्थाअनुकूल कार्यान्वयन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने आधार निर्माण भएको छ। यस सङ्ग्रहमा प्रादेशिक कानूनको नमुनाका रूपमा लुम्बिनी प्रदेशको खानेपानी तथा सरसफाइ ऐन तथा नियमावली समावेश गरिनुको उद्देश्य पनि यस्ता कानूनी अभ्यासलाई अन्य तहका लागि सन्दर्भयोग्य बनाउनु हो।

स्थानीय तहको भूमिका भने पूर्ण सरसफाइको लक्ष्य प्राप्तिका लागि सबैभन्दा प्रत्यक्ष र प्रमुख देखिन्छ। नागरिकको दैनिक जीवनसँग जोडिएका सरसफाइ सेवा, फोहोरमैला व्यवस्थापन, सार्वजनिक स्थानको सरसफाइ, स्थानीय स्वास्थ्य सेवा, खानेपानी तथा दिसाजन्य लेदो व्यवस्थापन जस्ता विषयको कार्यान्वयन स्थानीय तहबाटै हुने भएकाले स्थानीय सरकारको संस्थागत क्षमता, स्पष्ट कानूनी व्यवस्था हुनु अपरिहार्य छ। विभिन्न स्थानीय तहले आफ्नो आवश्यकता र परिस्थितिअनुसार WASH योजना, सरसफाइसम्बन्धी कानून, दिसाजन्य लेदो व्यवस्थापन नीति तथा कानून र स्वास्थ्य तथा सरसफाइसम्बन्धी अन्य कानूनी व्यवस्था निर्माण गरेको पाइन्छ। यद्यपि, सरसफाइ तथा स्वच्छतासम्बन्धी विद्यमान नीति, कानून,

निर्देशिका, योजना तथा अभ्यासहरू विभिन्न तह र निकायमा छरिएर रहेका कारण स्थानीय सरकारका लागि आवश्यक सामग्री एकै ठाउँमा प्राप्त गर्ने अवस्था सहज छैन। कतिपय क्षेत्रमा दिसाजन्य लेदो व्यवस्थापन, सरसफाइ मापदण्डको प्रभावकारी कार्यान्वयन तथा पूर्ण सरसफाइका अवधारणालाई संस्थागत गर्न थप कानूनी व्यवस्था तथा वन्दोवस्त आवश्यक देखिन्छन्।

यसै आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले नेपाल नगरपालिका संघले संघ तथा प्रदेश तहमा प्रचलित सरसफाइ तथा स्वच्छतासम्बन्धी नीति, कानून, नियम तथा अन्य सम्बन्धित व्यवस्थाहरूलाई एकीकृत रूपमा संकलन तथा संहिताकरण गरी यस सङ्ग्रहमा प्रस्तुत गरेको छ। यसका साथै स्थानीय तहमा पूर्ण सरसफाइसम्बन्धी प्रभावकारी कानूनी व्यवस्था विकास गर्न आवश्यक देखिएका विषयहरूलाई समेटी स्थानीय सरकारका लागि आवश्यक नमुना कानून तथा कानूनी ढाँचा समेत तयार गरी समावेश गरिएको छ। यस सङ्ग्रहले एकातर्फ संघ तथा प्रदेश तहमा विद्यमान कानूनी व्यवस्थालाई एकै ठाउँमा उपलब्ध गराउने र अर्कोतर्फ स्थानीय तहलाई आफ्नो आवश्यकता, अवस्था र अधिकारक्षेत्रअनुसार सरसफाइ तथा स्वच्छतासम्बन्धी कानून निर्माण, तथा कार्यान्वयन गर्न व्यावहारिक आधार प्रदान गर्ने अपेक्षा गरिएको छ। यसबाट स्थानीय सरकारले विद्यमान असल अभ्यासबाट सिक्दै पूर्ण सरसफाइका लागि आवश्यक स्थानीय कानूनी तथा संस्थागत व्यवस्था निर्माण गर्न थप सहजता हुने अपेक्षा गरिएको छ।

समग्रमा, पूर्ण सरसफाइ केवल सरकारको एक तह वा एउटा निकायको मात्र जिम्मेवारी होइन; यो संघ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार, समुदाय तथा नागरिकको साझा दायित्व हो। कानूनी व्यवस्था निर्माण गर्नु यसको प्रारम्भिक आधार भए पनि त्यसको प्रभावकारी कार्यान्वयन, पर्याप्त स्रोत तथा बजेट, संस्थागत क्षमता, प्राविधिक दक्षता, नियमित अनुगमन, नागरिकको सहभागिता र व्यवहार परिवर्तनबिना पूर्ण सरसफाइको लक्ष्य दिगो रूपमा हासिल गर्न सम्भव हुँदैन। त्यसैले अबको चरणमा कानून निर्माणसँगै कानूनको कार्यान्वयन र सेवाको गुणस्तरमा विशेष ध्यान दिन आवश्यक छ।

विशेषतः स्थानीय तहले आफ्नो क्षेत्रको अवस्थाअनुसार पूर्ण सरसफाइसम्बन्धी स्पष्ट स्थानीय नीति, आवश्यक कानून तथा कार्यविधि निर्माण गर्ने, WASH योजना र वार्षिक कार्यक्रमसँग सरसफाइलाई आबद्ध गर्ने, फोहोरमैला तथा दिसाजन्य लेदो व्यवस्थापनको दिगो प्रणाली विकास गर्ने, सार्वजनिक तथा संस्थागत सरसफाइलाई व्यवस्थित गर्ने, सेवा प्रदायकको नियमन तथा अनुगमन गर्न आवश्यक देखिन्छ। यसका साथै एउटै स्थानीय तहले मात्र समाधान गर्न कठिन हुने फोहोरमैला, दिसाजन्य लेदो, प्रशोधन केन्द्र, उपकरण तथा प्राविधिक जनशक्तिजस्ता विषयमा अन्तर-नगर सहकार्य र संयुक्त सेवा सञ्चालनको अभ्यासलाई समेत प्रोत्साहन गर्न सकिन्छ।तसर्थ नेपालले खुला दिसापिसाबमुक्त अवस्थासम्म हासिल गरेको उपलब्धिलाई आगामी पुस्तासम्म दिगो बनाउँदै स्वच्छ, स्वस्थ, सुरक्षित र मर्यादित जीवनका लागि पूर्ण सरसफाइयुक्त समाज निर्माण गर्नु अबको प्रमुख लक्ष्य हो।प्रस्तुत सङ्ग्रहले विद्यमान व्यवस्था र अभ्यासलाई एकै ठाउँमा ल्याई स्थानीय सरकारलाई पूर्ण सरसफाइतर्फ अघि बढ्न आवश्यक नीतिगत तथा कानूनी आधार पहिचान गर्न सहयोग गर्नेछ भन्ने अपेक्षा गरिएको छ।

# भाग-७

## <u>सन्दर्भ सामाग्री</u>


United Nations. (1948). *Universal Declaration of Human Rights (UDHR).* United Nations.

United Nations. (1966). *International Covenant on Civil and Political Rights (ICCPR).* United Nations.

United Nations. (1966). *International Covenant on Economic, Social and Cultural Rights (ICESCR).* United Nations.

United Nations General Assembly. (2010). *Resolution 64/292: The Human Right to Water and Sanitation.* United Nations. Resolution adopted on 28 July 2010.

Committee on Economic, Social and Cultural Rights. (2002). *General Comment No. 15: The Right to Water (Articles 11 and 12 of the International Covenant on Economic, Social and Cultural Rights).* United Nations.

United Nations. (2015). *Transforming Our World: The 2030 Agenda for Sustainable Development.* United Nations.

United Nations Conference on the Human Environment. (1972). *Declaration of the United Nations Conference on the Human Environment (Stockholm Declaration).* United Nations.

United Nations Conference on Environment and Development. (1992). *Rio Declaration on Environment and Development.* United Nations.

South Asian Conference on Sanitation (SACOSAN). *Declarations and Commitments of the South Asian Conference on Sanitation.* South Asian Conference on Sanitation.

*नेपालको संविधान, २०७२*
*खानेपानी तथा सरसफाइ ऐन, २०७९*
*खानेपानी तथा सरसफाइ नियमावली, २०८१*

*राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, २०८०*

*जनस्वास्थ्य सेवा ऐन, २०७५*

*फोहरमैला व्यवस्थापन ऐन, २०६८*

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४*

*राष्ट्रिय योजना आयोग।सोह्रौँ योजना, आर्थिक वर्ष २०८१/८२-२०८५/८६*

*Institutional and Regulatory Framework for Fecal Sludge Management in Urban Areas of Nepal*

*कोशी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०८२*

*कोशी प्रदेश खानेपानी तथा सरसफाइ नियमावली, २०८२*

*कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६*

*बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७*

*गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९*

*गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ नियमावली, २०८१*

*लुम्बिनी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७*

*लुम्बिनी प्रदेश खानेपानी तथा सरसफाइ नियमावली, २०८१*

*लुम्बिनी प्रदेश वातावरण संरक्षण ऐन, २०७७*

*लुम्बिनी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७*

*कर्णाली प्रदेश वातावरण संरक्षण ऐन, २०७७*

*कर्णाली प्रदेश वातावरण संरक्षण नियमावली, २०७७*

*सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७*